Special Issue

नमुना घर

NAMUNA GHAR

सम्पदा-सम्वर्धनको जग

वर्ष-१ अंक-२ जनवरी संस्करण

10 year celebrations

RPFC





RP Foundation and Schülen für Nepal presents

Nepal Vocational Academy, Panauti

Job guaranteed Courses in affiliation with CTEVT:

Mason • Carpenter • Stone Layer Mason • Metal Casting

Also offered Beautician & Tailoring Course





Nepal Vocational Academy, Panauti

Yalachen-7, Kavre, Nepal, Ph: 011 441276

Email: nvapanauti@gmail.com, Website: www.nvapanauti.com.np

10 year celebrations

नमुना NAMUNA GHAR घर

सम्पदा-सम्वर्द्धनको जग

NAMUNA GHAR Half-Yearly
Magazine based on Heritage & Conservation

Published By

Rabindra Puri Foundation for Conservation

Editorial Consultant
Rabindra Puri
D. Bhattarai

Editorial Team
Dr. Prakash Kuinkel
Jebin Dhaubhadel
Rabina Shakya
Pushpanjali Koju

Design & Processing
Times Creation, Kathmandu

Printing
Trigun Printing Press, Lalitpur

Price: NRs. 600.00, $ 12.00, ☐ 10.00

विषय सूची

म हिंडेको बाटो	6
राष्ट्रका निम्ति समर्पित	10
सम्पदा भर्सेज आधुनिकता	53
काठमाडौं सम्झना : काठमाडौं सपना	58
सम्पदा-सम्वर्द्धनका अभियन्ता	70
We Care, We Support	76
मल्लाजमा सम्पदै सम्पदा	125
तस्वीरमा तेम्बाथान	140

के लिने, के दिने

कला, संस्कृति र सम्पदालाई एउटा समाज तथा राष्ट्रको गहना भनेर चिनाइने गरिन्छ । कला-संस्कृतिसँग जोडिएको यो चिनारी र सम्पदाजन्य इतिहासकै आधारमा कुनै समाज अथवा कुनै मुलुक कति समृद्ध, कति गौरवशाली रहेछ भन्ने अनुमान गर्न सकिन्छ । यही आधारमा नेपालको मल्लकालीन अथवा राणाकालीन शासनकालको योगदान वा अवदानको मूल्यांकन हुने गरेको छ । यो एकदमै स्वाभाविक र निसर्त प्रक्रिया हो । यसकारण, कुनै राजनीतिक पद्धति र विचारशैलीभन्दा अलग अर्थमा कला-संस्कृतिको जग उभिएको हुन्छ ।

समाजको यही घेरा र पद्धतिमा बाँधिएर बसेका हामी सबै सधैंजसो 'राज्य र समाजले आफूलाई के दियो ?' भन्ने प्रश्नमै घोत्लिएका हुन्छौं । यसको साटो हामीले आफ्नो वर्गत र तहबाट समाजलाई के दिन सकेका छौं भनेर त्यति धेरै सोधिरहेका हुन्नौं । यही सेवाकारी निःस्वार्थ उद्देश्यमा स्थापना भएको आरपी फाउन्डेसनको आज आएर एक दशक उमेर बितिसकेको सन्दर्भमा हामीले आफैंलाई समीक्षाको दायरामा राख्न चाहेका छौं । यो अवसरमा आरपी फाउन्डेसनले गरेका र गर्न चाहेका सार्वजनिक हितका कामहरु तथा सेवाकारी भावमा जोडिएका योजनाहरुलाई अभिलेखबद्ध गर्नकै लागि पनि 'नमुना घर' अर्धवार्षिक पत्रिका प्रकाशन थालेका छौं । यसो भनेर यो पत्रिकालाई फाउन्डेसनकै गतिविधिकेन्द्रित सामग्रीमा मात्रै सीमित नराखी र यसले देशभरकै कला-संस्कृति-सम्पदाका विशेष सरोकारलाई पस्कँदै जाने अठोटसमेत राख्न चाहन्छौं । यो प्रकाशन हरेक अंग्रेजी वर्षको सुरूआत महिना (जनवरी) र नेपाली वर्षको सुरूआत (वैशाख) मा अर्धवार्षिक रुपमा प्रकाशित हुनेछ ।

कला-संस्कृति र सम्पदाको जगेर्ना तथा गौरवमय इतिहासको सम्मान गर्न राज्य पद्धतिबाट पनि मन्त्रालय, विभाग र निकायहरु स्थापना भएका छन्, तिनले गरेका काम-कारबाही पनि उत्तिकै उल्लेख्य रहिआएका छन् । राज्य तहबाटै सम्पूर्ण स्रोतसाधन र संरक्षण पाएका यिनै राष्ट्रिय अभिलेखालय, संग्रहालयहरु वा पुरातत्व विभाग अथवा गुठी संस्थानले के-कस्ता काम गरिरहेका छन्, के योजना अघि बढाएका छन् भन्ने स्वाभाविक जिज्ञासा राख्न जोकोहीले पाउँछ नै । यी सार्वजनिक सरोकार हरुका विषयमा पनि 'नमुना घर' ले क्रमशः खोज-उत्खनन गर्दै जानेछ । केही वर्षअघि नेपालमा आएको भूकम्पका कारण क्षतिग्रस्त बनेका पुरातात्विक महत्वका सम्पदा र संरचनाहरुका बारेमा अहिले जेजति जनचासो बढेको देखिन्छ, त्यो विगतमा कहिल्यै भएको थिएन । काठमाडौंका रानीपोखरी, धरहरा वा हनुमानढोका परिसरका बारेमा आउने समाचारहरु अहिले सबैभन्दा बढी पढिने र खोजिने खुराक बनेका छन् । तर, यो सरोकार बढेकै बेलामा हाम्रा किल्ला र गढीहरु, प्राचीन दरबार र मठमन्दिरहरु अथवा चैनपुरदेखि बन्दीपुरसम्मको सम्पदा इतिहासमाथि शोधखोज बढाउनैपर्ने जरूरी पनि देखिएको छ । यस अर्थमा राज्य र समाजले हामीलाई के दियो भनेर पर्खिबस्ने अवस्थामा हामी कोही पनि छैनौं । आफ्नो सभ्यता, सम्पदा र संस्कृतिको जगेर्ना गर्न हामी आफैं आ-आफ्नो तहबाट अग्रसर हुनैपर्छ । हामीले राज्य र समाजबाट के पायौं होइन, राज्य र समाजलाई के दिन सक्यौं प्रश्नवाचक आफैंमा आफैंभित्र राखेर हिँड्नु निकै अर्थपूर्ण हुनेछ ।

'नमुना घर' को यो प्रवेश अंकमा हामीले 'केही लिनेभन्दा केही दिने' यही सदिच्छा बाँड्न चाहेका छौं ।

धन्यवाद ।

रवीन्द्र पुरी, २०२० जनवरी

What to take; what to give


Art, culture and heritage are the pride of every society and nation. Based on its art, culture, and the antiquity of its heritage, a society will be judged as dazzling or dull, as powerful or poor. The achievements of the former Malla kings and of the Rana rulers during their regime in Nepal are now evaluated through the lens of the culture, art and architecture they left for future generations. It's natural for people to form their opinion of previous rulers based on their visual legacy more than on their politics or ideas; people respond to what they see around them, that endures to this day. Thus, art and culture stand on a very different platform of understanding that is greater than any political framework or ideology.

When we are caught up in political ideology, we always ask, "what has my country and my society given to me?" But we should rather ask ourselves the question, "what have I given to my country, and to my society?" The RP Foundation was established with this spirit of service to country and society. Now that it has been working for over a decade, it is time to contemplate what the RP Foundation stands for, what it has accomplished thus far and what it plans for the future. On this occasion, in order to document the social benefit work and future service plans of the foundation, we have initiatedNamunaGhar, a bi-annual magazine publication. The magazine will not be limited to the activities of the foundation, but will include special issues on arts, culture and the heritage of the whole nation. It will be published every first month of English year (January) and every first month of the Nepali year (Baisakh).


Various ministries, departments, government bodies at the national level were established to protect our arts, culture and heritage and their glorious history. Their contributions have surely been important. Anyone can inquire on the projects and future plans of organizations like The National Archives, Museums, Department of Archaeology, and Guthi Sansthan which receive their funding and authority from the national government. Namuna Ghar will be researching and reporting on these matters of public concern. After the big earthquake that hit Nepal few years back, public interest has risen like never before for the damaged heritages and structures of archaeological value. News about Ranipokhari, Dharahara or Hanumandhoka in Kathmandu have become the most read and most searched items. But as such concerns are rising, we must waste no time investigating our forts, antique royal palaces and temples,and our historical heritage sites, from Chainpur to Bandipur. None of us can afford to simply wait and watch passively, pondering what the nation and society has given to us. In order to preserve our civilization, our heritage and culture, we must rise and make efforts from our own side however humble. It is more meaningful to move ahead questioning one's own self, not on what we got from the society and nation, but instead on what have we been able to offer.

In this inaugural volume of Namuna Ghar we have wished to share this same wisdom of 'giving something rather than taking'.

Thanking You,



Rabindra Puri, *January 2020*



म हिँडेको बाटो

बाल्यकालदेखि म कलासम्पदामा निकै रूचि राख्ने गर्थें। विद्यालय पढाइ सकिएपछि म कला विषय पढ्न चाहन्थें तर मेरो पिताजीले मलाई कानुन विषय पढ्नु उपयुक्त भनी सम्झाउनुभयो । तैपनि मैले एकैसाथ कला विषय पनि अध्ययन गर्ने चाँजो मिलाएँ । मेरो उद्देश्य, उत्सुकता र कडा मिहिनेतका कारण मैले एकैसाथ चार विषयमा स्नातक गर्न सकें- कानुन, कला, इतिहास र व्यवस्थापन । यो पढाइलगत्तै पिताजीको मृत्यु भएकाले मैले आफ्नै र परिवारका निम्ति पनि कमाइको बाटो खोज्नुपर्ने भयो । त्यसपछि संयोग र सौभाग्यवश मैले पाटन म्युजियम जीर्णोद्धार योजनामा काम पाएँ जसका कारण नेपाली सम्पदाका बारे थुप्रै व्यावहारिक जानकारी पाउन सकें ।

सन् १९९३ मा मूर्तिकलाबारेमा अध्ययन गर्न मैले जर्मनी जाने मौका पाएँ। त्यहाँ एक सेमेस्टर पढाइ पूरा गर्नासाथ विकासनीतिमा मास्टर डिग्री लिने अर्को अठोट मेरो मनमा पलायो । यो अठोट मैले युनिभर्सिटीमा सर्वोत्कृष्ट अंक ल्याएर पूरा गरें । त्यसपछि मेरा निम्ति काम गर्ने अर्को ढोका खुल्यो, जर्मन टेक्निकल कोअपरेसन (जीटीजेड) मा आफ्नो पढाइसम्बद्ध काम गर्ने अवसर मैले पाएँ ।तर त्यहाँ रहेका बेला पनि मेरो मनको भित्री कुनोमा अर्कै अभिलाषा बाँचिरहेको हुन्थ्यो– हाम्रो समाज र सभ्यतामा सुनौलो इतिहास बनेर उभिएका पुराना सम्पदाको जोहो तथा संरक्षण गर्ने अभिलाषा । हाम्रो गाउँसहरका पुराना सम्पदाजन्य घरहरू भत्कँदै त्यहाँ कंक्रिटयुक्त भवन ठडिँदै गरेको दृश्य मेरो मनमा बिझाउने विषय बनेको थियो ।

एकातिर राम्रो कमाइ भइरहेको जागिर मसँग थियो, अर्कातिर राम्रो अठोटले भरिएको मनोकांक्षा अर्कातिर थियो । अन्ततः मैले मेरो मनलाई सुनें र होमिएँ, धेरैले नहिँडेको यो बाटोमा । यो बाटो थियो–सम्पदा जीर्णोद्धार र संरक्षणको । सुरूमा मैले रोजेको यो बाटो देखेर धेरैले मलाई अन्यथा रूपमा लिएका थिए, बहुला-रोजाइसमेत भनेका थिए ।

मैले रोजेको बाटोमा पहिलो काम थियो–भक्तपुर दत्तात्रय स्क्वायर छेउको एउटा सम्पदाजन्य कुखुरा खोरको जीर्णोद्धार । मल्लकालीन वास्तुकला र सम्पदाले भरिएको एउटा जीर्णकाय घरमा कुखुरापालन गरिएको दृश्य आफैंमा हृदयविदारक थियो । तर त्यही घरलाई अठार महिना लगाएर परम्परागत स्वादमै जीर्णोद्धार गरिएपछि त्यो भक्तपुरनगरपालिकाको घोषणामा 'नमुना घर' बन्यो भने सन् २००४ मा मलाई त्यही सम्पदाको पुनर्जीवन गराएका कारण युनेस्कोले एसिया प्यासिफिक कल्चरल हेरिटेज अवार्डबाट सम्मानित गर्‌यो ।

यसरी मेरो मनले रोजेको बाटोले नसोचेको गति समात्यो । यही कारण मेरो मनभित्रको सोख बाहिर सबैले देख्ने व्यवसायझैं बन्यो । मैले भेटेसम्म र सकेसम्म पुराना घरहरू लाई त्यही परम्परागत स्वरूपमा जीर्णोद्धार गर्दै जान थालें । अहिलेसम्म ७० भन्दा बढी यस्ता सम्पदाको जीर्णोद्धार र संरक्षणपछि मेरो यो महत्वाकांक्षी सपनाले गतिलो जग बनाउन सकेजस्तो लागेको छ । अब यही सपनाको जगमा उभिएर अझै संस्थागत काम गर्नका लागि मैले रवीन्द्र पुरी फाउन्डेसन फर कन्जर्भेसन स्थापना गरेको हुँ । यसरी, कवि रोबर्ट फ्रस्टले आफ्नो विश्वप्रसिद्ध कविता 'द रोड नट टेकन'मा भनिएझैं 'म अरूले नरोजेको र धेरैले नहिँडेको मुस्किलको बाटो हिँडें, त्यही भएर यहाँ आइपुगे' भन्ने हैसियतमा आइपुगेको छु ।

My Journey

Already from childhood I was intensely interested in art and architecture. When I finished school I wanted to study fine arts but my father convinced me to study law. Fortunately I could also study fine arts simultaneously. My ambition, curiosity, and hard work helped me to complete four bachelor degrees; in Law, Fine Arts, History and Management by 1993. After the death of my father I needed to work to support myself and my family. Luckily I got the chance to work in the restoration of Patan Museum where I learned a lot about Nepali Architecture. In 1993 I went to Germany to do further study in sculpture. After completing a semester, I decided to do a Master's Degree in Development Policy. I was able to complete this study with distinction which paved the way for me to join the GTZ (German Technical Cooperation). I worked happily for them in the beginning but slowly started to realize that actually I was born to conserve. My heart always wept when beautiful old houses were pulled down mercilessly and took an ugly concrete shape. It was not that easy to leave a very well paid job and start something which did not have any perceivable future. But still I decided to listen to the voice of my heart. I resigned and started to do restoration. In the beginning everyone thought I had gone mad. Thank God, already my first work became the talk of the town and even the Bhaktapur Municipality declared it the "Model House". In 2004 I had the honour to be the first Nepali awarded with the Asia Pacific Cultural Heritage Award, Honorable Mention, which encouraged me as well as others, very much. My hobby became my profession. I started to restore old houses and build new ones in traditional style. After completing more than 70 projects, I now have a few ambitious dreams. To fulfill these dreams I founded the Rabindra Puri Foundation for Conservation(2010).



Sincere gratitude to our Supporters

Schülen für Nepal e.V. Germany
Email: rainer.brust@gmx.de
www.schuen-fuer-nepal.org
Mr. Rainer Brust (President)
Dr. Hans Joachim Schneider

Schülerhilfe für Nepal e.V. Germany
Email: bahr.oberammergau@t-online.de
www.schuelerhilfe-nepal.de
Mr. Jörg Bahr (President)

Nepal Initiative Schongau e.V. Germany
Email: sr@nepal-initiative.de
www.nepal-initiative.de
Mr. Wolfgang Ott. (President)

Ausserfern Frauenhaus, Austria
Mrs. Ulrike Jaeger & Mrs. Hannalore Gnadlinger

Nepal und Wir e.V., Germany
Email: info@nepal-und-wir.de
www.nepal-und-wir.de
Mr. Martin Linden, Mr. Andreas Manjowk,
Mrs. Andrea Fleißgarten & Mr. Markus Laudenberg

Wiederaufbau Bhaktapur e.V. Germany
Email: info@wiederaufbau-bhaktapur.de
www.wiederaufbau-bhaktapur.de
Mr. Martin Kohl (President)



Mr. Rainer Brust
Bergthein, Germany



Dr. Hans Joachim Schneider
Berlin, Germany



Mr. Jörg Bahr
Oberammergau, Germany

Supporting Rotary Clubs

• RC Bhaktapur • RC Panauti • RC Gananoque, Canada
• RC Kingston, Canada • RC Castiglione (France)

Rotary Clubs of Germany

• RC Murnau-Oberammergau • RC Bad Woerishofen
• RC Erding • RC Dorfen • RC Oberstaufen-Lmmenstadt
• RC Rotenburg-Wümmetal • RC Mainz 50° N
• RC Schwaebisch Hall • RC Kuenzelsau - Oehringen
• RC Guenzburg • RC Penzberg
• RC Muenchen Englischer Garten • RC Freising
• RC Muenchen - Flughafen • RC Schrobenhausen - Aichach
• RC Emmen - Schweiz • RC Landshut Trausnitz
• RC Mainz 50° N • RC Dorfen • RC RotenburgWümmeland
• RC RotenburgWümme • RC Oberstaufen - Immenstadt
• RC Biberach

Rabindra Puri Foundation for Conservation
Nagpokhari -10, Bhaktapur, Tel: 01 6613197, Fax: 977-1-6618671
Email: namuna.ghar@gmail.com, www.rpfoundation.com.np



राष्ट्रका निम्ति समर्पित

जुनसुकै मुलुकको कला (मूर्ति आदि कलाकृति) र भवन निर्माण गर्ने वास्तुकला (Art and Architecture) को ऐतिहासिक नालिबेली र विकासक्रमको ठूलो भूमिका रहिआएको छ । यसैबाट हाम्रो मानव सभ्यता, संस्कृति, साँस्कृतिक सम्पदाको वैभवता र महानता पनि झल्किने गर्छ ।

उक्त परिप्रेक्ष्यमा हाम्रै देश नेपालमा नेपाली कला र वास्तुकलाको ऐतिहासिक विकासक्रमको चोसो खोज्दै जाँदा संवत १०७ अंकित राजा जयवर्माको प्रस्तर मूर्ति नेपाल मण्डल काठमाडौं उपत्यकामा आजसम्मका प्राप्त मूर्तिहरूमा सबभन्दा प्राचीन र सबभन्दा जेष्ठता भएको मूर्ति यही नै हुन आउँछ । त्यो शक संवत्लाई रूपान्तर गर्दा इशाको दोश्रो शताब्दी हुन आउँछ । राजा जयवर्माको पूर्ण कदको अत्यन्त महत्वपूर्ण यो मूर्ति २७ वर्षअघि हाँडीगाउँकै मालीगाउँस्थित एक सज्जन रामभक्त खड्काले आफ्नो जमिनमा नयाँ घर बनाउन खोज्दा फेलापारेका थिए । अभिलेखसहितको त्यो मूर्तिले हाम्रो इतिहासको अध्ययनलाई प्रामाणिक तथ्यका हिसाबले धेरै अगाडि लगिदियो ।

गोपाल राजवंशावलीमा लिच्छवि राजाहरूको वंशक्रमभन्दा अगाडि वर्मा वंशको क्रम उल्लेख गरिएबाट राजा जयवर्माको ऐतिहासिक पृष्ठभूमि छर्लङ्ग हुन्छ । अहिले यो मूर्ति राष्ट्रिय संग्रहालय छाउनीमा संरक्षण गरी प्रदर्शनीमा राखिएको छ ।

यसरी दोश्रो शताब्दीमै हामीकहाँ कलाको यति उच्च स्तरमा विकास भइसकेको रहेछ ।

यो मूर्ति त्यत्तिकै राखिएन होला । त्यसको लागि उत्तिकै महत्वपूर्ण भवन वा कुनै संरचना पक्कै खडा गरिएको थियो । यसले गर्दा अनुमान लगाउन सकिन्छ कि त्यतिबेला यति राम्रो र भव्य मूर्ति बनाउनेहरूले पक्कै यसलाई सुहाउँदो वास्तुशिल्पको प्रयोग गरेर महत्वपूर्ण भवन पनि बनाएकै थिए होलान् ।

हुन त यतिबेलासम्म नेपालमा अनेकन ऐतिहासिक कालखण्डहरू बितेर गइसके । अनि यस्तै कालखण्डहरूमा यदाकदा देखापर्ने भयावह प्राकृतिक प्रकोपहरू (महाभूकम्प, आगो आदि)ले गर्दा त्यस अतीत कालमा निर्मित साँस्कृतिक वैभवताका नमूना भवन, राजभवन, मन्दिर, विहार आदि नष्ट हुनपुगे अथवा जमीन भित्र पुरिएर गए । जीवाश्म (Fossilized) पनि भइसके । तर, प्रस्तरमा निर्मित वस्तु सितिमिति नष्ट नहुने भएकोले हाम्रो सामु देखापर्ने त्यस बेलाका प्रस्तर मूर्तिहरू ज्यादै अमूल्य र दुर्लभ हुने गर्दछन् । यसैको पृष्ठभूमिमा 'राजा जयवर्मा संवत १०७' प्रतिमा नेपाली कलाको एउटा ज्वलन्त जीवित प्रमाण र आजको नेपाली कला र वास्तुकलाको पूर्वाधार भैदिएको हामी पाउँछौं ।

निश्चय पनि राजा जयवर्माको प्रतिमा तत्कालीन राजप्रासादकै भित्री चोक तथा प्राङ्गणमा स्थापित एउटा अद्वितिय कृति हुनुपर्दछ । तर, यस सम्वन्धी अन्य जानकारी त्यस क्षेत्रको भावी उत्खनन् कार्यमा निर्भर गर्ने कुरो हो ।

जयवर्माको मूर्तिपछि नेपाली कलाको अभिलेखमा लामो फड्को मारेर एकैपटक पाँचौ सताब्दीमा हामी पुग्दछौं ।

नेपाली कला र वास्तुकलाको क्रममा देखापर्न आउने अन्य विशेष उल्लेखनीय हाम्रा प्राचीन सांस्कृतिक सम्पदाहरूमा पाँचौं सताब्दीको वामन मूर्ति (विष्णु विक्रान्त, विष्णु भगवानको अवतार) अर्को महत्वपूर्ण हो । लाजिम्पाट धोवीचौरमा अवस्थित संवत् र तिथिमितिको अभिलेखसहितको यो मूर्ति अहिले राष्ट्रिय संग्रहालय छाउनीमा संरक्षण र प्रदर्शनमा राखिएको छ । यस मूर्तिको अभिलेखमा राजा मानदेवका पिता धर्मदेवको निधनपछि मुमा राज्यवती वियोगले विरही भइ विक्षिप्त अवस्थामा पुग्दा मनको शान्ति दिलाउन संवत

३८९मा वामनको भव्य र विशाल देव मन्दिरभवन निर्माण गरिदिएको वर्णनै गरिएको छ। त्यस मूर्तिको पादपीठमा स्रग्धरा छन्द प्रयोग गर्दै लिच्छवी लिपिमा बयानै उल्लेखित छ।



त्यसको अनुवाद गर्दा यस्तो हुन आउँछ-

'संवत् ३८९ वैशाख शुक्ल द्वितीया। असल सफा बुद्धि भएका, सत्पात्रमा पानीसरह दान वर्षा गर्ने राजा। श्रीमानदेवले हित गर्ने मन भएकी (आफ्नी) मुमा राज्यवतीको सधैं पुण्यको बढिबढाउ होस् भन्ना निमित्त राम्रो असल मन्दिर बनाउन लगाई देवता र ऋषिहरुले पुजिएका, सारा संसारका एउटै मालिक त्रिविक्रम (वामन) मूर्ति राम्ररी यहाँ स्थापना गर्नुभयो'

यो अभिलेख काब्यकै हिसाबले पनि आफैमा कति महत्वपूर्ण छ भने त्यति सुन्दर लेखनी समेटेको त्योभन्दा अगाडिको हाम्रो प्रामाणिक इतिहास हालसम्म भेटिएको छैन।

अर्को महत्वपूर्ण कुरा चाहिँ यहाँनिर आएर मूर्तिको साथसाथै भवन(मन्दिर)को उल्लेख पनि अभिलेखमै गरेको देखियो।

यसै क्रममा सातौं शताब्दीतिर राजा अंशुवर्माको नेपाली कला र वास्तुकलाको फाँटमा बहुचर्चित 'कैलाशकूट भवन'को सन्दर्भ देखापर्न आउँछ। तर, यो भवनको वर्णन अभिलेखमा मात्र सीमित छ। त्योबेलाका फेलापरेका अभिलेखहरूमा 'कैलाशकुट भवनबाट यो काम गरियो' भन्ने हिसाबले यत्रतत्र लेखिएको पाइन्छ। बुंगमतिमा एउटा शिलालेखै भेटिएको छ। कैलाशकुटकै बारेमा राजा नरेन्द्रदेवले पछि लेखाएको शिलालेखमै पनि उल्लेख गरिएको थियो जुन अझै ललितपुर दरवारमा पाइन्छ। त्यस भवनको सुन्दरता वयान गर्ने अभिलेख पनि उत्तिकै भेटिएका छन्। त्यतिबेला नेपालको यात्रा गर्ने चिनियाँहरूको 'नेपालमा भव्य दरबार देखिएको' वर्णनसमेत थाङ वंशको इतिहासमा उल्लेख छ रे भन्ने सुनिएको हो। तथापि, यो भवन आजतक विलुप्त अवस्थामा नै छ।

त्यो वैभव, त्यो सम्पन्नता अनि त्यस्तो साँस्कृतिक चहकमहक भएको मुलुकमा पछिल्लो समय सबैथोक बिग्रँदै गए, ह्रास हुँदै गए, नास हुँदै गए। मैले माथि उल्लेख गरेजस्तो जयवर्मा, विष्णुविक्रान्त वामन र कैलाशकुट, यी तीन कृतिजस्ता उत्कृष्ठ कलाकृति त्यसपछि बन्न सकेनन्।

त्यसो त, पछिल्लो समय मल्ल कालमा पनि हाम्रो भवन तथा वास्तुकलाको क्षेत्रमा महत्वपूर्ण कामहरू भएका देखिन्छन्। भक्तपुरको ५५ झ्याले दरबार र अरू पनि असंख्य महत्वपूर्ण संरचनाहरू उभ्याइयो।


जे होस्, यस्तै खोजीनीतिमा सान्दर्भिक प्रसंग जोड्दै गर्दा हाम्रो मौलिक सांस्कृतिक सम्पदाको अध्ययन, अन्वेषण र अनुसन्धानकै क्रममा सिर्जनशील नयाँ प्रतिभाहरूका कामहरू पनि देखापर्न थालेका छन्। कालक्रममा सबैथोक मेटिएर गएता पनि ढुँगामा कुँदिएका अभिलेखहरू आज पनि हामी भेटिरहेकै छौं। यी भेटिएका कुरालाई समातेरै थिचिएका थप कुराहरू पत्ता लगाउने र त्यसको उपयुक्त अध्ययन अनुसन्धान गर्ने फाँटमा धेरै काम बाँकी नै छन्।

यत्रो सम्पदा भएको ठाउँमा त्यसलाई पूर्व आधार बनाएर अहिलेको युगसुहाउँदो प्रतिभा झल्कनेगरि वास्तुशिल्पलाई अघि बढाउने कलाकार अहिलेको समयमा पनि जन्मिरहेकै छन्। त्यसैमध्येका एक हुन् रविन्द्र पुरी।

इतिहासकै हिसाबले पनि हाम्रो मुलुक नयाँ कालखण्डमा प्रवेश गरेको छ। आज संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि हाम्रो सामु राष्ट्रिय अभियानको रूपमा 'समृद्ध नेपाल र सुखी नेपाली'को राष्ट्रिय संकल्प अगाडि आएको छ। यो परिवर्तित परिस्थितीमा विभिन्न संभावनाहरू देखिनथालेका छन्। यस्तो अवस्थामा त्यस राष्ट्रिय संकल्पमै समाहित हुनेगरी एकजना दूरदर्शी अनुभवी वास्तुविद् रवीन्द्रजीले एउटा नौलो कदम चालेर आरपी फाउण्डेसनको जुन विधिपूर्वक स्थापना गर्नुभयो त्यसले सदैव निरन्तरता पाउन सकोस्।

पुरीजीले जीवनभर आफूले आर्जन गरेको सम्पत्तिबाटै दान दिएर यसरी फाउण्डेसन उभ्याएको कुराबाटै म अत्यन्तै प्रभावित छु। कुनै लोभ नराखिकन आफ्नो सम्पूर्ण काम र सम्पत्तिसमेत राष्ट्रको निम्ति अर्पण गरिएको यो उदाहरणीय घटना हो।

पुरीका कामहरूको विवरण समेट्ने यस 'नमुना घर' पत्रिकाले विश्वख्याति प्राप्त गर्दै जान सकोस्। मेरो शुभकामना छ।



सत्यमोहन जोशी
बखुंबहाल, ललितपुर, पुष ४, २०७६

दिलैदेखि बधाइ शुभकामना !



२०७६ पुस १ को अघिल्लो दिन । पारिलो घाममा जिउ सेक्दै थिएँ- मगनमस्त । त्यसै आनन्दी क्षणमा दूरभाष यन्त्र बज्न थाल्छ निरन्तर– तिरिङमिरिङ । दूरभाषमा रविन्द्र पुरी भाइको स्वर– ...दाइ, दाइलाई भेट्ने रहर मेरो । आए कसो होला ?

'कहिले होला भाइ...?'

'साढे पाँचतिर ।'

ठीक समयमैं पाल्नुभयो । हातमा ब्रिटेनिया बिस्कुटको एक झोला । अनुकम्पमा भरेको । 'नमूना घर' पत्रिका पनि, बैशाख २०७६ संस्करण । पुस १ को मधुर स्पर्षमा रमाउँदै पारायण गरें मनग्य ।


'नमूना घर' सम्बर्द्धनको जग निकै मजबुत, सुखद, ज्ञानकारक दृष्यचित्रका सन्देशबाहक अर्धबार्षिक सङ्लो पाएँ । मुखपृष्ठमा– बासुकी घर 'Basuki Ghar- First Step Towards the vision of Making Nagpokhari, a world of Naagas-Naglok'. पढ्दै मनभरिको आनन्दी सन्तोष सँगालें । अझ हेर्ने रहरले कुत्कुत्याइरहेछ ।

बिषयसूचीले पस्काएसम्मका पठन सामग्री पढें । दृष्यपटका चित्रावली अवलोकन गर्न पाएँ, भ्याएँ । निष्ठा घर बसीबसी पाइँदो अवसरका लागि साधुबाद किन नअर्पूं ? कृतज्ञ भएर ...पुरीजी ।

दत्तात्रय मन्दिर परिसर भक्तपुरमा परम्परागत सीप शैलीमा नवजीवनका साजसज्जा सात पुर्ननिर्मित नमुना घर अभियान यात्राको पुनश्चरण थियो । दृढ संकल्पित अठोटले क्रमशः बिस्तारित रूप-आकार लिंदै आइरहेछ, देशको ७७ै जिल्लासम्मै । भित्री शुभेच्छा ।

भक्तपुर हुँदै अहिलेसम्म काभ्रेपलान्चोक, रामेछाप, गोरखा, नवलपरासी पुगिसकेको रैछ– नमूना घर अभियान । सबै भन्दा रोचक, प्रेरणादायक प्रसङ्ग त प्रत्येक जिल्लाका स्थानीय साधन-स्रोत र सिपमा आधारित रहेर नमूना घर निर्माणको मूल मन्त्र बनेको र आत्मनिर्भर विकासको स्वरूप रहेको बुझें । आत्मनिर्भर विकासले दिगो-दरो राष्ट्र बनाउन सघाउँदो हुन्छ । आत्मनिर्भर दिगो-दरो विकास अभियानले राष्ट्रलाई समृद्ध र सुखी नेपाली बनाउँछ ।

अस्तु...! यस्तै होउन !!



तेजेश्वरबाबु ग्वंग

हृदयदेखिको शुभेच्छा



प्रिय रवीन्द्र पुरीजी, भक्तपुर

वर्षौंदेखि सुन्दै आएको भक्तपुरको 'नमुना घर' मा २ पटक र पनौतीको 'भूत घर' (मटान छैं) मा एक रात बास बस्ने मौका मैले पनि पाएको थिएँ । संक्षिप्त भेटघाट र वार्तालाप भए पनि तपाईंले थालेको सम्पदामुखी गतिविधि र कला, संस्कृति, सभ्यताको सम्झना गराइराख्ने कामहरुको नजिकबाट अवलोकन गर्न पाएको थिएँ ।


आज तपाईंले थालेको यो संस्थागत अभियान आरपी फाउन्डेसनको दसौं वर्षगाँठ मनाउने बेला आइसकेको सुन्दा तपाईंको 'एकला चलो रे' प्रयासको प्रशंसा गर्न म हाजिर भएको छु । आफ्नो सम्पत्ति, बल, बुद्धि र विवेक खर्चेर यो समाजमा केही कीर्तिधारी काम गर्छु, सकेजतिको संरक्षण-संवर्द्धनमा लागिपर्नेछु भन्ने तपाईंको मनोकांक्षा सतत सराहनीय र अनुकरणीय बनेको छ ।

पछिल्ला वर्षमा तपाईंले पार्टी, सत्तल, शिवालय, निजी घरहरुबाहेक सार्वजनिक विद्यालयहरुसमेत नेपाली परम्परा र शिल्पीमा ढालेर आफैं खर्च जुटाउँदै निर्माण (वा सबलीकरण) गर्न थालेको सूचना मैले पाएको छु । यो सर्वहिताय कामको म खुलेर प्रशंसा गर्न चाहन्छु । यो समाजमा आज धेरैजसो मानिस अचाक्ली धनी हुने, सक्दो सम्पत्ति थुपार्ने, महलजस्ता ठूला घरमा बस्ने वा नचाहिँदो सुखसयलमै जीवन बिताउने योजनाविहीन प्रवृत्तिमा अल्झन थालेका भेटिन्छन्, देखिन्छन् । झन्डै डेढ शताब्दीअघि रूसी लेखक टोल्सटोयले लेखेको 'हाउ मच लेन्ड डज अ मेन निड' कथामा भैं आजका मानिस र आजको समाज धनसम्पत्ति तथा वैभवको होडमा कुदिरहेको देखिन्छ । तर, अन्तिमको शून्य-सत्यका बारे धेरैजना बेखबर रहन्छन्, त्यो अन्तिम घडी नआइन्जेल ।

यही समाजमा रवीन्द्र पुरीजस्ता पात्र पनि छन् जो तन-मन-धनले हाम्रो आफ्नोपनाको सम्पदा, संस्कृति र सभ्यता जोगाउने ध्याउन्नमा दिलोज्यानले लागिरहेका छन् । धेरै कारणले गर्दा म आफैं पनि यो तपाईंको तहको निःस्वार्थ योगदान र कर्ममा लागिपर्न सकेको छैन, केवल साहित्यमा मात्रै जेनतेन जोडिन सकेको छु । तर, समाज र समयले सबैभन्दा बढी स्मरण गरिरहने र तपाईंहरुको भाषामा 'ट्यान्जिबल' परिणाम छाडेर जान सकिने सम्पदा संरक्षण तथा संवर्द्धनका निम्ति सम्पूर्ण जीवन अर्पण गर्न चाहने तपाईंको सदिच्छा सधैं पूरा भैरहोस्, उपलब्धिहरु शाश्वत र अनुकरणीय बन्दै जाऊन् भनेर कामना गर्न चाहन्छु ।

आरपी फाउन्डेसनको दसौं वार्षिकोत्सवका अवसरमा तपाईंलाई व्यक्तिगत रुपमा सुस्वास्थ्य र सत्कार्य निरन्तरताको हृदयदेखिको शुभेच्छा व्यक्त गर्न चाहन्छु ।

तपाईंको



ध्रुवचन्द्र गौतम, लेखक

महाराजगन्ज



Grußwort an die Rabindra Puri Stiftung zum zehnjährigen Bestehen

The Rabindra Puri Foundation is built on courage, perseverance and a whole mountain of kindness. There was the courage to confront the loss of architectural and artistic heritage. The perseverance in difficult times, when pursuing ones efforts to retrieve, rebuild and restore seemed madness. Finally, a kindness which assembled an ever growing circle of friends and supporters, never forgetting those in need. The Foundation is built on the courage, the perseverance and the kindness of one man, but also of his family, his colleagues, employees and partners and supporters. The Rabindra Puri Foundation has become an extended family.

For the German ambassador to Nepal, it is a privilege to be associated with such courage, perseverence and kindness. The German-Nepali friendship benefits so much from the indefatigable work carried out by Rabindra, his family and friends. It is an honour to be considered part of the family, a friend.

Looking to the future, I trust in the spirit of entrepreneurship which has guided Rabindra Puri and his team over the past years. The number of projects has grown, and their character has diversified - without ever loosing the focus on exactly what an artist and architect can achieve. In a way, we are also celebrating a socially responsible enterprise. I believe in the industrial development of the new Nepal, and I am convinced that vocational training, supported by real entrepreneurs, will be the key to revolutionizing the Nepali industry and linking it to the world's leading economies, with decent and well paid jobs. At the foundation's tenth anniversary, I am sure we can be looking forward to another decade of productive work.

Roland Schäfer

Ambassador, German Embassy, Kathmandu

Foreword



I am delighted to write this greeting for the special issue of Namuna Ghar, not only because Rabindra Puri has been a faithful friend and colleague for many years, but also because we at UNESCO believe that development can only be sustainable if it embraces a strong cultural component. Culture's diverse manifestations – from our cherished historic monuments to traditional practices and contemporary art – are our cultural identity and enrich our everyday lives in countless ways.

The Namuna Ghar in Bhaktapur reminds the glorious medieval art, architecture and history of Nepal. It was the recipient of the prestigious UNESCO Heritage Award in 2004. Its restoration hasinspired many Nepalese to value their cultural heritage and preserve and promote it.

The RP Foundation, established by Rabindra Puri in 2010,in its fruitful career has constructed and renovated 15 schools in Kavre, Bhaktapur, Ramechhap,Gorkha and Nawalparasi. I commend the Foundation's initiative in establishing Nepal Vocational Academy in Bhaktapur and Panauti, as well as Rangeen Home for needy children, elderly citizen and differently abled.

Ultimately, all their work is directed towards changing lives through cultural conservation, driving for better educational opportunities for community children, and thus alleviating poverty.

I am confident, that this special issue of Namuna Ghar will provide an effective learning experience and resources for Nepali dedicated to promoting and preserving their cultural heritage, and ultimately, contributing to the advancement of the country's development.

Christian Manhart
UNESCO Representative to Nepal



Greetings

Greetings to the Rabindra Puri Foundation on the celebration of its 10th anniversary

The name Rabindra Puri was familiar to us long before we came to Nepal. Friends in Germany had told us of the commitment of Rabindra Puri and his Foundation to preserve Nepalese culture and architecture.

Shortly after our arrival in Nepal, my predecessor introduced us to Rabindra, and for the first time we heard him say with a smile, "Man darf träumen, oder?" (I can dream, can't I?). And I was surprised, not only by the dimensions of his dreams, but also by his impressive ability to make his dreams reality. And as many others also appreciated Rabindra Puri and his work, more and more friends and supporters helped bring more and more of his dreams to life.

Some of these fulfilled dreams have made an important contribution to the development of the fascinating World Heritage site Bhaktapur. The achievements of the Rabindra Puri Foundation and its friends and supporters, however, go far beyond cultural preservation. Two vocational schools, for example, are teaching many Nepali young people traditional craft skills that will enable them to earn their living. Numerous school children were able to continue their lessons after the earthquake in much better purpose-built schools. Disadvantaged children, single women and elderly people are part of a large family in a beautiful new home.

I like to think that the origins of this impressive private commitment may also be based partly on the successes of German development cooperation, which already supported Bhaktapur in the mid-1970s. Did the commitment of my former GTZ (now GIZ) colleagues to make the people in Bhaktapur more aware of the outstanding beauty of their architecture, to revive the necessary craft skills and to advance contemporary urban planning perhaps prepare the ground for dreams to flourish? Was public German support an impetus for private involvement? Rabindra Puri and a few of his friends and supporters were part of both and know that both are important. In the meantime, I have been privileged to hear of many more dreams, and I look forward to watching their realization as well.

Congratulations!

Dr. Elke Förster

Country Director Nepal, Gesellschaft für Internationale Zusammenarbeit GmbH (GIZ)

Best Wishes



I have personally known Rabindra for the past three years when we met during official events but more importantly when he invited me and my wife plus other expatriates as his guests for Tihar in the model house that he has been able to restore from an old chicken farm in Baktapur. This is an example of how to restore and maintain old cultural architecture (in this case Newari style) in the country of Nepal. More important I was impressed with his drive and enthusiasm to restore and build new houses while maintaining the traditional architecture, instead of modern concrete building thereby safeguarding the beauty of villages and towns. I was not even aware of his foundation which I came to know when we visited the different activities he has been able to undertake with funding from himself and other foreign donors (foundations and individuals).

Talking to Rabindra about the background and looking at everything he has been able to achieve with the foundation during the past ten years is very impressive indeed. From homes for vulnerable children to setting up vocational skills training centres, to setting up schools in the traditional architecture of the region. Let's not forget his efforts to return old art that has disappeared during the last decades. It is really impressive and Rabindra keeps on dreaming on what could be next and future projects to assist the people in Nepal while safeguarding the culture.

I would like to congratulate Rabindra and his team for the tremendous achievements during the past ten years and wish him all the luck and best in the next ten years. Please do not stop making your dreams reality!!!

Peter Newsum
Country Director
Nepal & Bhutan, SNV



Herzlichen Glückwunsch an Rabindra Puri und zum 10. Jahrestag der RP Foundation

Im Jahr 2002 kreuzten sich unsere Wege in Bremen. Eine Ausstellung von vier nepalesischen Künstlern mit dem Motto “Kunst und Toleranz”. Rabindra Puri Organisator und Künstler mit seinen Bronzefiguren einer Steinbildhauerin und zwei Holzbildhauern.

Vor seiner Rückkehr nach Nepal, lud Rabindra mich zu seiner Hochzeit nach Bhaktapur ein. So kam ich 2003 das erste mal nach Nepal. Alles ungewohnt und eine Hochzeitsfeier über 5 Tage. Einfach toll.

Danach nahm sich Rabindra Zeit, und fuhr mit mir aufs Land um mir zu zeigen wo er sich engagiert. In Phulbari stand der Anfang eines Schulbaus, aber das Geld war ausgegangen. So fing alles an! Zurück in Deutschland fragte ich im Kollegenkreis ob sie etwas für den Bau spenden würden. Damit konnten wir den Weiterbau der Schule finanzieren. Der nächste Notruf kam aus Panauti – hier gab es ein altes Haus, dass vor dem Verfall gerettet werden sollte!

Es kam Eines zum Anderen und somit unausweichlich die Gründung des Vereins “Schulen für Nepal e.V.”. Unsere gemeinsamen Aktivitäten wurden immer umfangreicher. Durch einen glücklichen Zufall lernte ich unseren Hauptsponsor, Herrn Dr. Schneider im Flugzeug kennen.

Mit seinem finanziellen Einsatz hatten wir eine wesentlich bessere Grundlage und Planungsmöglichkeit - somit kam auch die Gründung der RP Foundation auf den Plan.

Diese gemeinnützige Organisation deckt nicht nur unsere Projekte ab, sondern auch Kunst und Kultur und Projekte anderer Organisationen ab.

Ich bin richtig stolz auf die Freundschaft mit Rabindra Puri und die erfolgreiche Zusammenarbeit unserer Organisationen.

Weiterhin viel Glück und Erfolg für Rabindra und die RP Foundation.

Rainer Brust
Schulen für Nepal e.V.

Herzlichen Glückwunsch an die Rabindra Puri Foundationzum 10 Jahrestag.



Meine Verbindung mit Rabindra Puri beginnt schon vor dem Gründungsjahre 2009 bzw. 2066 der Rabindra Puri Foundation.

Zufälligerweise saß ich 2006 neben Rainer Brust von den Schulen-für-Nepal e.V. im Flugzeug von Deutschland nach Kathmandu. Rainer schwärmte mir dabei von der Schuleinweihung in Phulbari und einem gewissen Rabindra Puri vor.

Ich selbst wollte in Nepal den Verantwortlichen einer deutschen NGO treffen, um mich über förderungswürdige Projekte zu informieren. Diesem hatte ich 150.000 ☐ für von mir auszusuchende Projekte zugesagt.

Meine Liebe zu Nepal war in den Jahren 2001 und 2002 entstanden, in denen ich jeweils von Jiri bzw. Lukla zum Everest wanderte. Wie so viele hatte auch ich den Wunsch, den armen Menschen in diesem wunderschönen Land zu helfen.

Auf der Besichtigung mit der deutschen NGO lehnte dann der Verantwortliche nach einem Besuch in Kattike-Deurali den dort beabsichtigten Bau der Schule gegen meine eigene Meinung als nicht machbar ab.Deshalb entsann ich mich an Rainer Brust und seine Empfehlung Rabindra Puri und nahm mit diesen Kontakt auf.

So kam es bei meinem nächsten Aufenthalt in Nepal im Jahre 2008 zu einem ersten persönlichen Treffen mit Rabindra Puri, der sich spontan bereit erklärte, den Schulbau in Kattike zu planen und zu organisieren.

Bei meiner Besichtigung verschiedener Entwicklungsprojekte, insbesondere Schulen und Sanitätsstationen, im Jahre 2006 hatte ich festgestellt, dass viele Gebäude schlecht gewartet oder gar gänzlich vernachlässigt waren. Zu meinem Erstaunen erfuhr ich, dass es keine geregelte Berufsausbildung für Handwerker, also keine Berufs- bzw. Gewerbeschulen, gab. Ich meinte daher, dass es im Sinne meines Prinzips „Hilfe zur Selbsthilfe“ die beste Förderung von Nepal sei, hier ein solches Schulvorhaben zu verwirklichen. Als ich Rabindra dies vortrug, verwies er auf den mir damals nicht bekannten Ort Panauti, wo er offensichtlich ein Grundstück besaß, welches er für ein solches Vorhaben bereitstellen wollte.

Mir war natürlich klar, dass meine in Aussicht gestellte Spende von insgesamt 150.000 ☐ für ein solches Vorhaben nicht genügen würde.Dies sieht man ja aus den bereits jetzt bestehenden Einrichtungen der Nepal Vocational Academy. Zudem bestand die Idee,für eine breitere Zahl von Ausbildungsberufen einen Campus zu errichten und hierfür Grundstücke zu erwerben. Auf diese Weise sind aus meinen 2006 der deutschen NGO versprochenen 150.000 ☐ im Jahre 2019 mehr als 1.000.000 ☐ geworden.


Für die Grundstücke und den Schulbetrieb war ein zuverlässiger gemeinnütziger Träger erforderlich. Dies ist die jetzt 10 Jahre alte Rabindra Puri Foundation.

Rainer Brust von Schulen-für-Nepal e.V. als deutscher Projektträger und ich sind froh und dankbar, dass die Rabindra Puri Foundation neben weiteren anderen Projekten ohne eigenen Profit den Bau und Ausbau dieser Gewerbeschule, die sicherlich auch Vorbildcharakter für weitere solcher Einrichtungen hat bzw. haben soll, organisiert und begleitet. Die Foundation trägt auch dafür Sorge, dass der Schulbetrieb durchgeführt wird. Ich und sicherlich auch Rainer Brust haben eine große Freude hieran, weil mit unseren Mitteln mit Hilfe von der Rabindra Puri Foundation mehr für Nepal, aber auch uns selbst, bewirken, als wenn wir in Europa in Luxus leben würden.

Unser Luxus - und dies kann ich sicherlich auch für Rainer Brust sagen - ist für uns die Freude, dass hier etwas mit Hilfe der Rabindra Puri Foundation entstanden ist und fortbesteht, welches einzelnen Menschen eine existenzsichernde und sinngebende Tätigkeit ermöglichen wird.

Etwas Besseres als den Gedanken hieran gibt es für das eigene Wohlbefinden nicht.

Dr. Hans Joachim Schneider, Berlin/Germany



Best wishes and congratulations

When you are going to offer support in the area of educational improvement in a developing country like Nepal, you simply need a strong partner. The partner has to be reliable and has to have an honest interest, together with the sponsor, to carefully plan ambitious projects and then to carry these plans throughto completion with determination. This is not an easy task here in Nepal. Very often there are economic, legal or bureaucratic hurdles which make it difficult to implement such projects. This is especially true for projects like building new schools in remote regions of the country.

The German NGO "Schülerhilfe für Nepal e.V."is in the advantageous position to have found such a partner in the "Rabindra Puri Foundation for Conservation" (RPF). Since the founding of this organization, now 10 years ago, we have been working closely together with trust and confidence in each other. During this time we have built eight schools for about 3,000 students and additionally "The Nepal Vocational Academy" in Bhaktapur. Our goal was and remains to give boys and girls the chance to get a basic education and then move on to learn a trade.

The earthquake in 2015 destroyed hundreds of schools and uncountable families lost their homes. Our NGO together with the RPF was able to give many families temporary shelter directly following the earthquake. And in the meantime we have built nine new houses in a model village in Dhading. And we are in the process of expanding this effort.

The founder and the heart of the RPFis Rabindra Puri. He took on the goal to carry out projects, not only for public need, for example building schools beside a vocational school or an orphanage, but most important to see that they are built in the traditional Newari – Nepali style.

He has persistently perused the goal to preserve the building style of this country and not have it replaced with concrete buildings that have neither life nor soul. Especially for this goal one has to praise his efforts. He worked with all the energy he had to ensure that the buildings, especially those of historical significance, that were damaged or destroyed by the earthquake, be reconstructed according to their original form. These efforts represent an invaluable service to his country. I want to praise him and additionally his numerous co-workers for their efforts and achievements over these past ten years.

On behalf of "Schülerhilfe für Nepal, e.V.", I want to personally thank Rabindra Puri for the excellent cooperative efforts since 2009. We wish hisfoundation continued success in perusing his and our goals. We will certainly continue to plan on ambitious projects together, and most important, bringing the projects to a successful completion.

Exactly as expressed in the name of our organization "Schülerhilfe für Nepale.V." : Help students in Nepal, because learning is the basis of accomplishment.

Jörg Bahr
President
Schülerhilfe für Nepal e.V.

तस्विर–गतिविधि







तस्विरमा परिवार



ऊ अर्थात रविन्द्र !



सुरज लामिछाने

त्यस दिन कलेजमा मासिक भित्ते पत्रिका निकाल्ने काम सम्पन्न भएको थियो । सम्पादन मैंले गरेको थिएँ । एक चरणको काम तुरिएपछि हामीहरू कक्षाकोठाबाट बाहिरिदैं क्यान्टिनतर्फ हुत्तिएका थियौं ।

चिसो बिहानीमा तातो चियाको लामो सुर्को तानेपछि आफ्नो झ्यापुल्ले कपाललाई एउटा हातले पछिल्तिर सम्हार्दै एकदमै फिल्मी शैलीमा उसले भन्यो- "मेरो एउटा कविता राख है ब्रो!"

मैले उसको भनाइलाई बेवास्ता गरें कि शायद ? उसले फेरि आफ्नो एउटा हात दुख्ने गरी मेरो पिठ्यूँमा बजार्दै फेरी भन्यो, "सुनिनस्...?"

ऊ अर्थात रविन्द्र !

कलेजको सुरूवाती दिनमैं उसको बारेमा मैले के धारणा बनाएको थिएँ भनें ऊ अक्सर अरूको एटेन्सन आफू माथी ड्र गर्न खोज्ने मान्छे हो ।

अर्कोदिन बिहानै कलेज जानुअघि मेरो घरको मुलढोका ढकढकाएर उसैले बोलायो ! ढोकाबाट बाहिर निस्किएर हिँड्दै गर्दा कागजको पाना दिंदै उसले भन्यो "यो लि सम्पादक।" मैले एकदमै बेवास्ता गर्दै सोधें फेरी "के भो ?"

उसले भन्यो- "मेरो कविता" ।

ऊ एकदमै एक्साइटेड देखिएको थियो । बिहानीको झिसमिसे उज्यालोमा तत्कालै पढ्न सकिन । कलेज पुग्नेवित्तिकै मेरो हात तानेर क्यान्टिनतर्फ लाग्यो ऊ । अनि भन्यो "अब पढ" ।

मैले पढ्न थालें, साथमा केही जिगरीहरू थिए । दुई हरफ पढे पछि मैले उसको आँखामा हेर्रें ।

उसको आँखा, कुनै बदमासका आँखा झैं बोलिरहन्थे, कतिबेला भने हाँस्थे पनि ।

कविता पढ्दै जाँदा, फेरि मैले उसलाई हेर्रें र भनें "गजब लेख्दोरहेछस त !"

एकदमै चुलबुले, हाँस्नुपर्ने र एकदमै अरूलाई हसाइ रहनुपर्ने मान्छे थियो ऊ । कविता पढिसकेपछि उसले सोध्यो- कस्तो लाग्यो ?

मैले सोझो हिसाबले भनें- राम्रो गाउँले जीवनलाई मिठोसँग लेखेको रैछस !

ऊ बेसरी हाँस्यो र भन्यो- सबै हरफको पहिलो अक्षरलाई माथि देखि तलसम्म पढ् ।



पुरै क्यान्टिन हामी ४-५ जनाको हाँसोले गुन्जिएको थियो । उसको बदमासी हरेक हरफको पहिलो अक्षरमा पोखिएको थियो र, केही हरफ मलाइ आज पनि याद छ र मैले उसलाई सुनाउने गरेको छु ।

उसको उपस्थिती नहुँदाको शुन्यता म आज पनि महसुस गर्न सक्छु । माइतीघरदेखि पुतलीसडकसम्मको बाटो आज पनि मेरो लागि सर्वप्रिय बाटो हो, धेरै बाटाहरूमध्ये । रविन्द्रको कारणले मात्र होइन होला, अरू ति साथिहरू, जो सँग जीवनको सबैभन्दा मिठा समयहरू व्यतीत गर्ने अवसर मिल्यो होला । तर, अघि माथी लेखें नी ! उसको उपस्थितीले पुरै वातावरणलाई अर्कै बनाउँथ्यो ।

उ, अर्थात रविन्द्र !

दीपावली साझँमा नमूना घर

अनि त्यो झ्याल !

धेरै समय, धेरै दिन, धेरै घण्टाहरू हामीले सँगै विताएका छौं- हामी भन्नाले रविन्द्र, म र अन्य घनिष्ट जिगरीहरू ।

उसको पुख्यौंली घरको झ्यालबाट आधा जीउ बाहिर निकालेर उसले भनेको थियो- उ त्यो घर हेर त ! एउटा घर अर्थात घर भन्दा पनि कुखुराको खोर । उसले सुनायो- उ त्यो घरलाई किन्न चाहन्छ र त्यसलाई त्यसको वास्तविक स्वरूपमा ढाल्न चाहन्छ ।

साँचै भनौं ! हामीलाई उसको यो कुरा पचेको थिएन र पत्याएनौं पनि ! कहिलेकाहिँ मात्र सिरियस देखिने ऊ, त्यसदिन उदास अनुहारमा थियो, मलाइ याद छ आज पनि... र, मैले पत्याएजस्तो अभिनय गरें !

आज त्यो घर नमुना घर हो र शायद उसको सपनाको अनेकन आकृतीमध्ये एक !

सपना ?

उ धेरै सपना बुन्ने मान्छे थियो र शायद आज पनि ! उसका अनगिन्ती सपनाहरूलाई मैले धेरैपटक सुनेको छु- ललितकला क्याम्पसको त्यो चिसो छिँडीमा मुर्ती कुँदूदै गर्दा अथवा भक्तपुर का गल्लीहरूमा पुराना र जिर्णकाय घरहरूलाई गन्दै हिंड्दा, पाटनका चोकहरू तथा अन्य अनगिन्ती ठाउँहरूमा । र, ति अनगिन्ती सपनाहरूले उसलाई यस्तो मान्छे बनायो जसले साना सपनाहरू केलाउँदै धेरै ठूला सपनाहरू देख्यो र, कैयनलाई सपना बुन्न सिकायो ।

ऊ अर्थात रविन्द्र !

ऊ संगका संझनाका अनगिन्ती श्रृङ्खलाहरू छन् र समयसंगै ऊ संग भोगेका अनगिन्ती अनुभवहरू जसले धेरै कुरा सिकाए र, आज ३५ वर्षपछि पनि त्यती बेलाको झ्यापुल्ले कपालवाला फुच्चे केटो आज देशकै सम्पत्ती र गर्व गर्नलायक देशको सच्चा नागरिक बनेको छ । र, गर्व लाग्छ उ, हाम्रो साथी हो र हामीले जीवनकै सर्यौं उकाली-ओराली संगै गरेका छौं ।

ऊ अर्थात रविन्द्र !

(लामिछाने ३५ वर्ष अगाडी कलेज जीवनयताका रविन्द्रका साथी हुन्)

तस्विरमा आरपी फाउन्डेसन परिवार







सामुदायिक विद्यालयको स्तरोन्नति

एक दशकअघि स्थापित रवीन्द्र पुरी फाउन्डेसनको प्रमुख उद्देश्यमध्ये एक हो– सामुदायिक विद्यालयको प्रवर्द्धन तथा संरक्षण । विशेषगरी देशभरका ७७ जिल्लाका प्रतिनिधि ७७ विद्यालय स्थापना वा पुनर्निर्माण गर्ने लक्ष्यमा विभिन्न जिल्लामा विद्यालय निर्माणको अभियान अघि बढिसकेको छ। अहिलेसम्म काभ्रेपलाञ्चोक, रामेछाप, भक्तपुर, गोरखा र नवलपर ासी गरेर १३ वटा सामुदायिक विद्यालय परम्परागत नेपाली शैली र वास्तुकला आधारमा निर्माण भैसकेका छन् । देखेको अथवा सुनेकै भरमा नेपाललाई माया गर्ने र नेपालीप्रति प्रेमभाव दर्साउने जर्मन नागरिकहरूको स्वेच्छिक साथ-सहयोगमा सञ्चालित सुलन फ्युर नेपाल र सुलरहिल्फे फुयर नेपालको प्रमुख सौजन्यमा सामुदायिक विद्यालय निर्माण अभियान अघि बढिरहेको छ । यस क्रममा निर्माण सम्पन्न भएका विद्यालयहरूको संक्षेप-विवरण यसप्रकार छ ।









Upliftment of Community Schools

Upliftment of the Community Schools is one of the major goal of Rabindra Puri Foundation for Conservation. With a target to construct, renovate & enhance community schools in entire 77 districts of Nepal as "Model Schools", the Foundation has already started constructing & renovating community schools in districts of Nepal. Till now, 13 schools have been completed and 2 are under construction. These schools are located in different districts such as Kavrepalanchwok, Bhaktapur, Gorkha, Ramechhap & Nawalparasi all in tradition style & architecture. These schools have been constructed with the support of different organizations especially with the major support of German Organizations named Schulen Fuer Nepal e.V. & Schulerhilfe Fur Nepal e.V. who love Nepal unconditionally.

Basically, the Foundation support for the infrastructure of the school: the entire building and Toilets too. The Foundation look up to enhancing the overall quality of the school so the school can deliver quality education to the students of the community. With the contribution of different organizations the Foundation supports for the lunch of the students, school uniforms and the salary of the teachers teaching English, Mathematics, Science & Computer. The Foundation also provide scholarships to the needy. The Foundation has also helped with Science labs and computer labs so that students can also do e-learning. The Foundation's core aim is to turn those constructed & renovated community schools as the exemplary schools for the entire district.

The list of Community schools that the Foundation has constructed or renovated till date are:





मथुरापाटी माध्यमिक विद्यालय

फुलबारी, काभ्रे

काभ्रे जिल्लाको नमोबुद्ध नगरपालिका, वार्ड नम्बर १ मा रहेको मथुरापाटी माध्यमिक विद्यालय यो क्षेत्रकै पुरानो र नाम चलेको शैक्षिक केन्द्र हो। ६ सय विद्यार्थी क्षमता रहेको र ४६२८ वर्गफिट क्षेत्रफलमा फैलिएको विद्यालयमा १२ वटा कोठासहितको सम्पदाजन्य सामुदायिक विद्यालय भवन २०६५ सालमा निर्माण सम्पन्न भएको हो। विद्यालय भवनका साथमा पुस्तकालय र कम्प्युटर ल्याब कक्षसमेत स्थापना भएको छ। यो विद्यालयबाट उच्च शिक्षाका लागि जाने विद्यार्थीका लागि विशेष छात्रवृत्ति पनि प्रदान गर्दै आएका छौं। अहिलेसम्म २५ जना विद्यार्थीले उच्च शिक्षाका लागि छात्रवृत्ति पाइसकेका छन्। डाक्टर, होमियोप्याथी, इन्जिनियर, मेडिकल ल्याब टेक्नोलोजी, बिजिनेस एडमिनिस्ट्रेसन, विज्ञान, व्यवस्थापन, शिक्षा संकाय आदि विधाका लागि यहाँबाट छात्रवृत्ति प्रदान गरिँदै आएको छ। मथुरापाटीबाटै निस्केका जनशक्तिमा केही डाक्टर, प्रशासक, इन्जिनियर, पशु डक्टर, होमियोप्याथी डाक्टर, पत्रकार, फरेस्टर, बोटानिस्ट समेत बनेर आफ्नो क्षेत्रमा सेवा प्रदान गर्न थालिसकेका छन्। विद्यालय तहमा सर्वोत्कृष्ट नम्बर ल्याउने एक छात्र र एक छात्रालाई हरेक वर्ष प्रदान गरिने विशेष छात्रवृत्ति प्रदान गर्न थालिएको १५ वर्ष भैसककेको छ। मथुरापाटी विद्यालय निर्माणमा सुलेन फ्युर नेपाल, रोटरी क्लब अफ गानानक, रोटरी क्लब अफ किङ्स्टन र स्थानीय जनसहभागिताको अहम् भूमिका रहेको छ।

लगानी : ३५७९७७३ रूपैयाँ

सुलन फ्युर नेपाल : १४,९९,९४० रूपैयाँ

रोटरी क्लब अफ गानानक (क्यानडा) : १२,८३,८८७ रूपैयाँ

स्थानीय सहयोग : ७,९५,९४६ रूपैयाँ


निर्माण सम्पन्न : २०६५-१२-३०

Mathurapati Secondary School

Phulbari, Kavre

This school is located in Kavrepalanchok District, Namobuddha Municipality Ward no. 1 Phulbari. The school building was constructed with the support of Schulen fuer Nepal, Rotary Club of Gananoque, Rotary Club of Kingston and local community consisting 12 rooms for 600 students with area of 4628 sq.ft. (429.95 sqm). With the initiation of the foundation a library & Computer lab was also established. Till now about 25 Students have received scholarship for higher education. Out of them some had already become doctor, botanist, engineer, forester, veterinary doctor, journalist, Homeopaths and so on. Likewise other students are still getting the scholarship for Engineering, Medical Lab Technology, Business Administration, Science, Public Health, Science, Management, Education, Humanities studies. Each year school topper (1 girl & 1 boy) in the SEE exam is getting scholarship which continued for 15 years and the higher scholarship is also provided according to needs and their performances.





प्रभा माध्यमिक विद्यालय

कात्तिके देउराली, काभ्रे

काभ्रे जिल्लाको कात्तिके देउरालीमा रहेको अर्को सामुदायिक माध्यमिक विद्यालय 'प्रभा' पनि यो भेगकै पुरानो विद्यालय हो । बर्लिन जर्मन एकल दाता डा. हान्स योआखीम स्नाइडरले सुलन फ्युर नेपाल मार्फत र स्थानीय जनश्रमदानबाट बनेको यो विद्यालयमा १० वटा कोठा रहेका छन् । झन्डै ३ हजार ८ सय वर्गफिट क्षेत्रमा बनेको विद्यालयका यी कक्षाकोठामा ५ सय विद्यार्थी क्षमताको रहेको छ । सहयोगअन्तर्गत विद्यालयमा विज्ञान ल्याब पनि सञ्चालनमा आइसकेको छ । यो विद्यालयमा यो भेगकै पहिलो विज्ञान संकायको कलेज पनि सञ्चालनमा आइसकेको छ । प्रभा माविको निर्माण २०१० मा सम्पन्न भएको हो ।


लगानी : ६४,५३, ७५० रूपैयाँ

सुलन फ्युर नेपाल : ५६,९०,७५० रूपैयाँ

स्थानीय सहयोग : ७,६३,००० रूपैयाँ

निर्माण सम्पन्न : २०१० डिसेम्बर २९





Prabha Secondary School, Kattike Deurali, Kavre

This school is located in Kavrepalanchok District, Chauredeurali Rural Municipality, Ward no.6 Kartikedeurali. This school building was constructed with the support of Dr. Hans Joachim Schneider through Schulen fuer Nepal & local community consisting of 10 rooms for 500 students with area of 3779.12 sq. Ft. (351.09 sq. m.). This school has got the first science college in the whole area and the science lab was also established with the support of Schulen fuer Nepal and local community.





बाल उज्ज्वल माध्यमिक विद्यालय

दाप्चा, काभ्रे

ऐतिहासिक र सांस्कृतिक महत्वको थलो पुरानो दाप्चामा रहेको बाल उज्ज्वल विद्यालयको मुख्य भवनको निर्माण सुलन फ्युर नेपालको सहयोगमा सम्पन्न भएको छ । ६ कोठे यो भवन २७ सय ७१ वर्गफिट क्षेत्रफलमा बनेको छ, विद्यालयको परम्परागत सम्पदा र वास्तुशैली यो भेगकै आकर्षणमा पर्न थालेको छ । ३ सय जना विद्यार्थी अट्ने क्षमता बिद्यालयमा छ । यो बिद्यालयबाट सन् २०११ र २०१९ मा जिल्लाभरमैं सबैभन्दा बढी बिद्यार्थी एसएलसीमा विशिष्ट श्रेणीमा उत्तीर्ण भएका थिए । विद्यालयबाट एसईई उत्तीर्ण हुनेमध्ये सर्वोत्कृष्ट १ छात्र र १ छात्रालाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिँदै आएको छ । विद्यालय निर्माणमा ४० लाख ८८ हजार ८२३ रूपैयाँ खर्च भएको थियो । यसमा झन्डै २० प्रतिशत मूल्य भार स्थानीय जनश्रमदानको थियो । यो बिद्यालय सन् २०१२ मा निर्माण सम्पन्न भएको हो । यो बिद्यालय काभ्रेको नमोबुद्ध नगरपालिका, वार्ड नम्बर १० मा रहेको छ ।





Bal Ujjwal Secondary School, Dapcha, Kavre

This school is located in Kavrepalanchok District, Namobuddha Municipality Ward no. 10, Purano Gaun. This building was constructed with the support of Schulen fuer Nepal & local community consisting of 6 rooms for 300 students with area of 2771 sq. ft. (257.43 sq. m.). This school even succeed to get most distinction in SLC examination among all the community schools in Kavre district in 2011. Each year school topper ((1 girl & 1 boy) in the SEE exam is getting scholarship for the support of higher education. Recently, in the year 2019 this school secured top most rank in SEE exam with Distinction among the community of entire Kavre district.





भिमेश्वर आधारभुत विद्यालय

फुलबारी, काभ्रे

काभ्रेको फूलबारीस्थित भीमेश्वर आधारभूत विद्यालयको निर्माण गर्नमा सुलरहिल्फे फ्युर नेपाल, फ्रान्को मामब्रेटी, रोटरी क्लब अफ मुर्नाउ (ओबरामगाउ, ओबरस्टाउफन इमेनस्टाड, रोटेनवर्गउमेन्टर र मेइन्च ५० जस्ता संस्था लागिपरेका थिए । ३ सय विद्यार्थी अट्ने ६ कोठे विद्यालय २७ सय ७१ वर्गफिट क्षेत्रफलमा निर्माण भएको छ । विद्यालयमा अधयनरत हरेक विद्यार्थीलाई २ जोर पोसाक, कापीकलम, ज्यामिती बक्ससहितको सेवासहुलियत पनि प्रदान गरिएको छ । यिनै सहयोगी संस्थाका भरमा कक्षाकोठामा डेस्कबेन्च, पुस्तकालय फर्निचर तथा किताब, खानेपानी ट्याङ्की, ट्वाइलेटसमेत निर्माण सम्भव भएको छ । यो विद्यालय नमोबुद्ध नगरपालिका, वार्ड नम्बर २, फूलबारीमा रहेको छ ।

लगानी : ५०,१७,८३२

सुलरहिल्फे फ्युर नेपाल : ४५,२९,६८२

स्थानीय सहयोग : ४,८८,१५०

निर्माण सम्पन्न : २०१२



Bhimeshwor Basic School,
Phulbari, Kavre

This school is located in Kavrepalanchok District, Namobuddha Municipality Ward no. 2 Peepalchaur, Phulbari. This building was constructed with the support of Schuelerhilfe fuer Nepal, Franco Mambretti, VDC (Village Development Comittee), the German Rotary Clubs of Murnau Oberammergau, Oberstaufen-Immenstadt, Rotenburg-Wummetal and Mainz 50° N consisting of 6 rooms for 300 students with area of 2771 sq. ft. (257.43 sq.m.) . This school also got education aid materials such as 2 setsof school dress, copies, pencils, pens instrument boxes to each students, Desk benches for the classrooms, books & furniture for library. The lunch of the students during school hour is also supported by different organizations through RP Foundation. Likewise the school also got the health support programme consisting the construction of drinking water tank, Toilets and health kits for the school as well as to each student. The school got education & health support materials through Rotary Club of Bhaktapur and Rotary Club of Murnau Oberammergau (Germany). We support in running the administration as well as we provide the scholarships.



सरस्वती आधारभुत विद्यालय

पाटी भन्ज्याङ, भक्तपुर

सुलरहिल्फे फ्युर नेपाल, रोटरी क्लब अफ भक्तपुर र स्थानीय जनसहभागिताको सहयोगमा भक्तपुर, सिपाडोलमा निर्माण भएको सरस्वती निम्नमाध्यमिक विद्यालयमा २ सय विद्यार्थी अट्ने क्षमता रहेको छ । दाताहरूको सहयोगमा झन्डै १९९७ वर्गफिट क्षेत्रफलमा ४ कोठे भवन निर्माण सम्भव भएको छ । भक्तपुरको सूर्यविनायक नगरपालिका, सिपाडोलमा रहेको यो विद्यालयको सन् २०१४ मा निर्माण सम्पन्न भएको हो ।


लगानी : ३१,७१,२८३

सुलरहिल्फे फ्युर नेपाल : ३०,२१,२८३

रोटरी क्लब अफ भक्तपुर : ५००००

स्थानीय सहयोग : १,००,०००

निर्माण सम्पन्न : २०१२





Saraswoti Basic School,
Pati-Bhanjyang, Bhaktapur

This school is located in Bhaktapur District, Suryavinayak Municipality- Seepadol. This building was constructed with the support of Schuelerhilfe fuer Nepal, Rotary Club of Bhaktapur and Local community consisting of 4 rooms for 200 students with area of 1996.54 sq. ft. (185.48 sq.m.). This school was completed in 2014.



Investment: 31,71,283

Schuelerhilfe fuer Nepal : 30,21,283

Rotary club of Bhaktapur : 50,000

Local Support : 1,00000

Construction Completed : 2012



जनता माध्यमिक विद्यालय

आँपपिपल, गोर्खा

गोर्खा जिल्लामा ऐतिहासिक चिनारीको स्थल पालुङटार नजिकै रहेको जनता माध्यमिक विद्यालय आफैंमा चिरपरिचित विद्यालय हो। आरपी फाउन्डेसनको संयोजनमा यहाँ ३०० विद्यार्थी क्षमताको ६ कोठे विद्यालय भवन निर्माण गरिएको छ। सुलरहिल्फे फ्युर नेपाल, शिक्षा मन्त्रालय, गाउँ विकास समिति, रोटरी क्लब अफ पेन्चवर्ग, म्युनसेन एङ्गलिसर गार्टेन, फरमुस नाटुर ग्रानलग्जरी, डोर्फन, एरडिङ्, फ्रइजिन र म्युनसेनङ फ्लुगहाफनको सहयोग समन्वयमा भवन निर्माण सम्भव भएको हो। २७ सय ७१ वर्गफिट क्षेत्रफलमा फैलिएको यो विद्यालय अध्ययन-अध्यापनका लागि जिल्लाकै आकर्षणको केन्द्रसमेत हो। सन् २०१४ मा निर्माण सम्पन्न भएको यो विद्यालयमा दाता सुलनहिल्फे फर नेपालले स्थानीय जनश्रमदानबाहेक ५८ लाख ६७ हजार ८४४ रूपैयाँ खर्च गरेका छन्। यो बिद्यालय गोर्खाको पालुङटार नगरपालिका, वार्ड नम्बर २ मा पर्छ।



Janata Secondary School,
Amppipal, Gorkha



This school is located in Gorkha District, Palungtar Municipality Ward no. 2 Amppipal.This building was constructed with the support of Schuelerhilfe fuer Nepal, Ministry of Education (Nepal Government), VDC(Village Development Comittee), Rotary Club of Penzberg (Germany), Rotary Club Muenchen Englischer Garten (Germany), Pharmos Natur Green Luxury(Germany), The German Rotary Clubs of Dorfen, Erding, Freising, Muenchen – Flughafen, Schrobenhausen – Aichach and Castiglione (France) consisting of 6 rooms for 300 students with the area of 2771 sq. ft. (257.43 sq.m.). This school also got education aid materials such as school dress, copies, and pencils to the selected students, desk benches for the classrooms. Likewise the school also got computers fully operated with solar system and instruments for science lab. The school got education & health support materials through Rotary Club of Bhaktapur and the German Rotary Clubs of Erding, Dorfen, Freising, Muenchen-Flughafen, Schrobenhausen-Aichach and Castiglione.





सत्तलिङ्गेश्वर माध्यमिक विद्यालय

भदौरे, रामेछाप (क)

नेपाल-नेपालीप्रेमी जर्मनको संस्था सुलरहिलफे फ्युर नेपालको मुख्य सहयोग र स्थानीय समुदायको जनश्रमदानबाट निर्मित शत्तलिङ्गेश्वर माबि सन् २०१६ मा निर्माण भएको हो । २८ सय ३६ वर्गफिट क्षेत्रफलमा फैलिएको यो विद्यालय भवनमा ३ सय विद्यार्थी क्षमता रहेको छ । विद्यालय निर्माणमा सुलनहिल्फे फर नेपालले ५१ लाख ४ हजार १२५ रूपैयाँ खर्च गरेको थियो । सुलरहिल्फे फ्युर नेपालको सहयोगमा विद्यालयमा कम्प्युटर पनि प्रदान गरिएको छ ।





Sattalingeshwor Secondary School,
Bhadaure, Ramechap (A)

This school is located in Kavrepalanchok District, Sunapati Rural Municipality Ward no. 1 GunsiBhadaure. This building was constructed in 2016 with the support of Schuelerhilfe fuer Nepal, Stefan Kober, Rotary Club of Guenzburg, Germany and the local community consisting of 6 rooms for 300 students with area of 2836 sq. ft. (263.47 sq.m.). The school also got computers with support from Schulerhilfe fuer Nepal.





श्रीकृष्ण माध्यमिक विद्यालय

दाप्चा, काभ्रे

सुलरहिल्फे फ्युर नेपाल, स्थानीय सहभागिता, डा.कार्ल देन्थचुंक, रोटरी क्लब अफ एरडिङ, डोर फेन, फ्रेइजिङ, म्युनसेन, फ्लुगहाफन, स्क्रोबेनहाउस-आइचाच र कुटिग्लवनको सहयोग संयोजनमा यो विद्यालय भवन बनेको हो । ३ सय विद्यार्थी क्षमता रहेको २७ सय ७१ वर्गफिट क्षेत्रफलमा बनेको स्कुलमा दाता सहयोगबाट ६ कोठे भवन बनाइएको छ । यसैगरी, विद्यालयमा आवश्यक पर्ने विद्यार्थी पोसाक, कपीकलम, डेस्कबेन्च, सौर्य ऊर्जाजडित कम्प्युटर र विज्ञान प्रयोगशाला पनि उपलब्ध गराइएको छ । यो विद्यालय सन् २०१५ मा निर्माण सम्पन्न भएको हो । विद्यालय निर्माणमा सुलरहिल्फे फ्युर नेपालले ५४ लाख ६९ हजार ४१६ रूपैयाँ मुख्य लगानी गरेको हो । यो बिद्यालय काभ्रेको नमोबुद्ध नगरपालिका, वार्ड ९, दाप्चामा पर्छ ।



Shree Krishna Secondary School,
Dapcha, Kavre

This school is located in Kavrepalanchok District, Namobuddha Municipality Ward no. 9 Dapcha/Chatrey Bhaj. This building was constructed with the support of Schuelerhilfe fuer Nepal, VDC(Village Development Comittee), local community, Dr. Karl Heinz Zunk (Germany), the German Rotary Clubs of Erding, Dorfen, Freising, Muenchen-Flughafen, Schrobenhausen-Aichach and Castiglione consisting of 6 rooms for 300 students with the area of 2771 sq. ft. (257.43 sq.m.). This school also got education aid materials such as school dress, copies, pencils to the selected students, desk benches for the classrooms. Likewise, the school also got computers fully operated with solar system and instruments for science lab. The school got education & health support materials through Rotary Club of Bhaktapur and the German Rotary Clubs of Erding, Dorfen, Freising, Muenchen-Flughafen, Schrobenhausen- Aichach and Castiglione.We provide scholarships of amount Rs.10000 per students per year to 5 students from Grade 11 & 5 students from Grade 12.







छत्तीसादेवी माध्यमिक विद्यालय

थामबेंशी, नवलपरासी

सुलरहिल्फे फ्युर नेपाल र स्थानीय समुदायको जनश्रमदानबाट निर्माण भएको ६ कोठे विद्यालय भवनमा ३ सय विद्यार्थी क्षमता रहेको छ। २८ सय ३६ वर्गफिट क्षेत्रफलमा फैलिएको विद्यालय नवलपरासी जिल्लाकै विकट मानिने थामबेंसी क्षेत्रमा रहेको छ। यहाँ मगर जातिको बसोबास अधिक छ। सन् २०१६ मा निर्माण सम्पन्न भैसकेको यो विद्यालयमा दाता सुलनहिल्फे फर नेपालले ७८ लाख ६७ हजार १९९ रूपैयाँ खर्चेको छ। यो निर्माणसँगै पूरै सोलारबाट सञ्चालन हुने कम्प्युटर ल्याब र २० वटा कम्प्युटरसमेत सुलरहिल्फे फ्युर नेपालले सहयोग गरेको छ। यो बिद्यालय नवलपरासीको बुलिङटार ग्रामिण नगरपालिकामा रहेको छ।





Chattisadevi Secondary School, Thambesi, Nawalparasi

This school is located in Nawalparasi District, Bulingtar Rural Municipality-Thanbesi. This building and compound walls were constructed with the support of Schuelerhilfe fuer Nepal, Rotary Club of Kuenzelsau, Oehringen, Germany, Rotary Club of Schwaehisch Hall, Germany and local community consisting of 6 rooms for 300 students with the area of 2836 sq. ft. (263.47 sq.m). The school also got computers fully operated with solar system.



शत्तलीङ्गेश्वर माध्यमिक विद्यालय

भदौरे, रामेछाप (ख)

नेपाल-नेपालीप्रेमी जर्मनको संस्था सुलरहिलफे फ्युर नेपालको मुख्य सहयोग र स्थानीय समुदायको जनश्रमदानबाट निर्मित शत्तलिङ्गेश्वर माविमा अघिल्लो भवन बन्नासाथै ६ कोठे दोस्रो भवन पनि निर्माण गरिएको हो । २८ सय ३६ वर्गफिट क्षेत्रफलमा फैलिएको यो विद्यालय भवन पनि ३ सय विद्यार्थी क्षमताको रहेको छ । यो भवन सन् २०१७ मा निर्माण सम्पन्न भएको हो । यसमा दाता सुलनहिलफे फर नेपालले ७३ लाख ५३ हजार ३६८ रूपैयाँ खर्च गरेका छन् । यहाँ पनि सोलारबाट सञ्चालन हुने कम्प्युटर ल्याब र डेस्कबेन्च समेत सुलरहिल्फे फ्युर नेपालले उपलब्ध गराएको छ । उो बिद्यालय काभ्रेको सुनापति ग्रामिण नगरपालिका, वार्ड नम्बर १ मा रहेको छ ।

Sattalingeshwor Secondary School (B),

Bhadaure, Ramechhap

This school is located in Kavrepalanchok District, Sunapati Rural Municipality Ward no. 1 GunsiBhadaure. This building was constructed in 2017 with the support of Schuelerhilfe fuer Nepal & Ernst Klimmer consisting of 6 rooms for 300 students with area of 2836 sq. ft. (263.47 sq.m.). With the support from Schulerhilfe fuer Nepal this school also got computers fully operated with solar system & Desk bench for students.The Foundation also supported with the construction of toilets for the better health & hygiene of the students.











पशुपति माध्यमिक विद्यालय

हिलेदेवी, रामेछाप

यो विद्यालय सुलन फ्युर नेपाल र इन्टर हेल्प जर्मनीको प्रमुख सहयोगमा सन् २०१९ मा निर्माण सम्पन्न भएको हो । स्थानीय सामग्री (ढुङ्गा, स्थानीय काठ र झिंगटी) को उपयोगबाहेक दाताले यो विद्यालय भवन निर्माणमा ८६ लाख ६९ हजार ५६२ रूपैयाँ खर्च गरेका छन् । ४७० जना विद्यार्थी रहेको विद्यालयको ६ कोठे भवन करिब २८ सय वर्गफिट क्षेत्रफलमा फैलिएको छ ।







Pashupati Secondary School,
Hiledevi, Ramechhap

This school is located in Ramechhap District, Municipality Ward no. 3 Sunapati Sadhidada - Hiledevi. This building was constructed in 2019 with the support of Schuelen fuer Nepal, Interhelp- Germany, Mfs International, lenze Foundation and local community consisting of 470 students with the area of 2836 sq. ft. (263.47 sq.m).





जागृती आधारभुत विद्यालय

आशापुरी, काभ्रे

यो बिद्यालय काभ्रेको बनेपा नगरपालिका, वार्ड नम्बर १४, आशापुरीमा रहेको छ । जर्मन दाताको संस्था सुलन फ्युर नेपाल, जिल्ला विकास समिति, गाउँ विकास समिति तथा स्थानीय जनसहभागितासहित निर्माण भएको जागृति आधार भूत विद्यालयको ६ कोठे भवन ३ सय विद्यार्थी क्षमताको रहेको छ । ३ हजार वर्गफिट क्षेत्रफलमा निर्माण भएको विद्यालय पनि परम्परागत वास्तुकलाको शैलीमा तयार भएको छ । सुलन फ्युर नेपालको मुख्य सहयोग र स्थानीय जनश्रमदानबाट विद्यालय निर्माण भएको हो ।

लगानी : ३०,८९,४०४

सुलन फ्युर नेपाल : ६५२५७४

निर्माण सम्पन्न : २०६९-११- ३०

Jagriti Basic School,

Aashapuri, Kavre

This school is located in Kavrepalanchok District, Banepa Municipality Ward no. 14 Aashapuri. This building was constructed with the support of Schulen fuer Nepal, DDC (District Development Comittee), VDC (Village Development Committee), local community and few other organisations consisting of 9 rooms for 400 students with the area of 3000 sq.ft. (284.56 sq.m.)



जेसिस माध्यमिक स्कुल

भक्तपुर

२०७२ सालको भूकम्पबाट यो स्कुलको ४ तल्ले पक्की भवन आंशिक रूपमा क्षति भएको थियो । आरपी फाउन्डेसनको समन्वय तथा सुलरहिल्फे फ्युर नेपालको आर्थिक सहयोगमा यो विद्यालय रेटझोफिटिङ साथै पुरानो शैलीमा रूपान्तरण गर्दै २०७६ वैशाखमा निर्माण सम्पन्न भएको छ । यो विद्यालयको जीर्णोद्धार र निर्माणमा २५ लाख रूपैयाँ खर्च भएको छ । उक्त विद्यालय भवन २०६३ सालमा निर्माण भएको थियो भने उक्त भवन ४ तल्ला र ८ कोठा रहेका छन् । हाल उक्त विद्यालयमा करिब ३६५ जना विद्यार्थी अध्ययनरत छन् ।

Jaycees Secondary School, Bhaktapur

This school is located in Bhaktapur District, Bhaktapur Municipality Ward no. 2 KhaumaIndrayani Pith. The building of Jaycees School was partly affected by the 2015 earthquake. With the financial support from Schuelerhilfe fuer Nepal & coordination from RP Foundation, retrofitting & renovation of four storied concrete building was completed on April, 2019. The Foundation also transformed the building in traditional style. The total cost for retrofitting & renovation was 2.5 million. The building was constructed in 2006 which consist of 4th floor with 8 rooms. Currently, about 365 students are studying in this school.





बाल सेवक आधारभुत विद्यालय

हनुमानघाट, भक्तपुर

भक्तपुर नगरपालिकाको वार्ड नम्बर ७, हनुमानघाटमा रहेको यो बिद्यालय निर्माणमा अहिले आरपी फाउण्डेसन लागीपरेको छ । भवनको पहिलो ब्लक (ए) निर्माणमा भीडरआउफ्बाउ भक्तपुर इ.भी. जर्मनीले सहयोग गर्दैछ । यो बिद्यालयमा पढ्न आउने अधिकांस बिद्यार्थी न्यून आय भएका सर्वसाधारणका छोराछोरी भएकाले आर्थिक रूपमा पनि सुलभ खर्चमा पढाइ हुने गरेको छ । पुर्व प्राथमिक तहदेखि कक्षा ८ सम्म पढाइ हुने यो बिद्यालयमा २३० बिद्यार्थी छन् । बिद्यालयमा भक्तपुरको मुनिबिहार गुम्बामा बस्ने ४३ भिक्षु पनि बिद्यार्थीका रूपमा अध्यनरत छन् ।

Bal Sewak Basic School,

Hanumanghat, Bhaktapur

This school is located in Bhaktapur District, Bhaktapur Municipality Ward no. 7 Hanumanghat . RP Foundation is working on the construction of this school, First floor of Block “A” with the support of Wiederaufbau Bhaktapur e.V. Germany. This school is providing education to students in minimum cost. Most of the students of this school belong to families with low economic conditions. This school run classed from Pre-Nursery to Grade 8. There are total 230 students studying in this school and among them 43 students are the Monks of nearby Muni Vihar Monastery.



मेधा माध्यमिक विद्यालय

तापालाक्षे, भक्तपुर

भक्तपुर नगरपालिकाको वार्ड २ मा पर्ने तापालाक्षेमा रहेको मेधा माध्यमिक बिद्यालय अहिले आरपी फाउण्डेसनको सहयोग-संयोजनमा निर्माणका क्रममा छ। बिद्यालय निर्माणमा नेपाल सरकार, भक्तपुर नगरपालिका, सुलरहिल्फे फ्युर नेपाल रोटरी डिष्ट्रिक-३२९२, नेपाल एण्ड रोटरी क्लब अफ भक्तपुर समेतको सहयोग छ। २ करोड १० लाख रूपैंयामा निर्माण हुने भनिएको बिद्यालयमा सुलरहिल्फे फ्युर नेपालले आरपी फाउण्डेसनमार्फत ५० लाख रूपैंया सहयोग गर्ने भनेको छ। पुर्व प्राथमिकदेखि कक्षा १० सम्म पढाइ हुने यो बिद्यालयमा ५७७ बिद्यार्थी अध्यनरत छन् । यो बिद्यालय यो बर्ष(सन् २०१९) देशकै उत्कृष्ट सामुदायिक बिद्यालयका रूपमा नेपाल सरकारबाट पुरस्कृत समेत भएको छ। भवन निर्माणबाहेक रोटरी क्लबसहितको सहयोगमा शिक्षक तालिम, प्रशिक्षण सामग्री, पुस्तकालय सामग्री, ल्याब, कम्प्युटर सहयोग समेत उपलब्ध गराउने योजना छ ।


Medha Secondary School, Tapalachee, Bhaktapur

This school is located in Bhaktapur District, Bhaktapur Municipality Ward no. 2, Tapalachee. This school is under construction with the support RP Foundation,Nepal Government,Bhaktapur Municipality,Schuelerhilfe fur Nepal,Rotary District-3292, Nepal& Rotary Club of Bhaktapur. The total estimated budget for the construction of this school is (Rs.21000000) 2 crore and 10 lakhs rupees - Schuelerhilfe fur Nepal will be contributing Rs. 5000000 (50 lakhs) through RP Foundation. This school consist of 577 students. This school run classes from Play Group to Grade 10. This school has been awarded as the best Community School of Nepal providing quality education to the students.



Along with the construction and renovation of buildings, the foundation is also planing to provide teachers, teachers training, education aid, lab equipments, Library supports, computers, solar system, scholarships and other materials whatever is needed for quality education with the support of Rotary Clubs and different other organizations.


NEPAL VOCATIONAL ACADEMY



सम्पदा भर्सेज आधुनिकता

–केदारभक्त माथेमा

म संस्कृतिविद् होइन । पुरातत्वविद्को त कुरै नगरौं । हुन त काठमाडौंमा जन्मे-हुर्केका सबैजसो हामीहरू केही न केही रूपमा आफूले सधैं देखिरहेको पाटीपौवा, सत्तल, मठमन्दिर, चोक आदि बारेमा केही न केही जानकार हुन्छौं नै । यीमध्ये केही पुराना सम्पदा भत्केर, चर्केर बिक्षत बनिरहेको ठाउँमा केही नयाँ सिमेन्ट र कंक्रिटयुक्त संरचना उभिएको पनि आँखै सामु देखिरहेका हुन्छौं, यस्ता नवनिर्मित संरचनाको आकारप्रकार देखेर मन खिन्न बनाउँदै त्यही बाटोबाट अघि बढिरहेका हुन्छौं । यसरी बिस्तारै हाम्रो प्राचिन यो उपत्यका र शहर सिमेन्ट, कंक्रिट र मोटा फलामहरूको संरचनाले घेरिंदै गएको यथार्थलाई आत्मसात गर्दै हामी चुपचाप अघि बढिरहेकै हुन्छौं । नयाँ संरचनाहरूले घेर्दै गएको र यही कारण फुङ्ग उड्दै गएको उदासलाग्दो यो शहरका सामु हामी एकदमैं निरिह बनिरहेका हुन्छौं, छौं ।

केही बर्ष(१९९६-२००३) म जापानको टोकियोमा थिएँ, नेपाली राजदूतका हैसियतमा । त्यही बेला एक साँझ फ्रान्सका लागि नेपाली राजदूतको फोन आयो, राजदूत हुनुहुन्थ्यो– इन्द्रबहादुर सिंह । उहाँ परराष्ट्र सेवाका एक अनुभवी कुटनीतिज्ञ हुनुहुन्थ्यो । उहाँले फोनमा भन्नुभयो– भर्खैरै युनेस्को विश्व सम्पदा केन्द्रबाट विश्व सम्पदामा सूचित नेपाली सम्पदाहरू खतराको सूचीमा परेको र यसबारे पारित हुन लागेको निर्णयबारे जानकारी आएको छ । नेपालका सम्पदाहरूको चित्तबुझ्दो अवस्था नदेखेर युनेस्कोको पेरिस केन्द्रले हाम्रा सम्पदालाई खतराको सूचीमा राख्ने निर्णय गरेको हो । उक्त निर्णयलाई जापानमा हुन गैरहेको युनेस्को विश्व सम्पदाको केन्द्रिय बैठकले पारित गर्दैछ । अब तपाई यतिखेर जापानमा राजदूतका रूपमा हुनुहुन्छ, यो नेपाल सम्पदाबारेको निर्णय पारित भएमा यसको अवगाल तपाईको थाप्लोमाथि आइलाग्न बेर छैन । यसकारण जेजसरी भएपनि निर्णय पारित हुन नदिनेतर्फ लाग्नुहोला ।

यो खतराको घण्टी सूचक फोनवार्ता थियो । केही दिनपछि परराष्ट्र मन्त्रालय, काठमाडौंबाट पनि एउटा पत्र पनि आयो । पत्रमा विश्व सम्पदाको खतरा सूची र युनेस्कोको सम्भावित पारित हुन लागेको निर्णयबारे जानकारी गराइएको थियो । युनेस्को सेन्टरको टोकियो बैठकमा भाग लिन, नेपाली सम्पदाका पक्षमा लवी गर्न र युनेस्केको 'इन्डेन्जर्ड लिस्ट' बाट हटाउनका लागि कोशिस गर्नु भन्ने निर्देशन समेत पत्रमा उल्लेख थियो ।

नभन्दै केही दिनमैं पुरातत्व बिभागका महानिर्देशक ऋद्धिवावा प्रधान पनि जापान आइपुग्नुभयो । हामी दुइको अनेक प्रयत्नपछि विश्व सम्पदा सूचीको 'खतराजन्य नेपाली संकेत' त हट्यो नै । युनेस्को सेन्टर बैठकमा नेपालबारेको प्रस्ताव निर्णयमा जानै सकेन, यो खुशीको कुरा थियो । नेपालबारेको प्रस्ताव निर्णयार्थ जानुअघि केही बिज्ञले नेपालमा रहेका विश्व सम्पदाको खतरा स्थिती तथा सम्पदामाथि व्यक्ति तथा निजी क्षेत्रबाट भैरहेको अतिक्रमणबारे प्रस्तुती गरेका थिए । केही भीडियो र स्लाइड चित्रसमेत त्यहाँ देखाइएको थियो । त्यसमा केही मन्दिरसँग टँसाएर मन्दिरको उचाइभन्दा माथि आधुनिक घर बनाइएको, मन्दिरको गजुरमाथि कोठा निकालिएको र यसले सम्पदालाई बिरूप बनाएको स्लाइड समेत देखाइएको थियो ।



तर, अनेक तर्क र लबिइङका भरमा निर्णय भने पारित भएन । जेजसो भएपनि हाम्रो उद्धेश्य सफल भएको थियो । टोली नेताका रूपमा मैंले स्यावासी पनि पाएँ । तर, यो प्रकृयापछि यसरी लबिइङका भरमा हामीले हामीलाई 'खतरामुक्त' गराएको स्थिती कति ठीक थियो अथवा थिएन भन्ने बारेमा पनि म लामो समय सोचमग्न भैरहें । एक्लै बसेर सोच्दा मैंले सरकारप्रति बफादारी देखाएपनि देशप्रति बफादारी देखाइन कि भन्ने लागेको थियो । शायद खतराको सूचीमैं हाम्रा सम्पदाहरूलाई केही बर्ष राख्न पाएको भए सरकार र सरोकारवालाहरूले हाम्रो सम्पदामाथि परेका अतिक्रमणलाई गम्भीरतापूर्वक लिएर केही ठोस कदम चाल्ने थिए कि भन्ने मलाई पछिसम्मै लागिरह्यो ।

> के नयाँ घर बनाउँदा हाम्रा पुराना शहर वस्तीसँग मेल खाने वा मेल नखाएपनि हाम्रा पुराना भवनहरूलाई ओझेलमा नपार्ने खालको शिक्षा दिइदैन ? के हामीलाई आज बनेका आधुनिक र नवनिर्मित भवनहरू हाम्रो सम्पदाभन्दा प्यारो वा मुल्यवान हुन् त ?

युनेस्कोको विश्व सम्पदा सूचीमा परेको होस् कि नपरेको होस्, हाम्रो मानवनिर्मित सम्पदाहरूलाई जोगाएर राख्नु हाम्रो दायित्व हो । यी सम्पदाहरू हाम्रा पहिचान हुन्, परिचय हुन् । यी सम्पदाहरूले नै हामीलाई विश्वमा परिचय दिलाएको छ । भारतलगायत दक्षिण एशियामैं नपाइने मठमन्दिर, मुर्तिकला, पौभाचित्र, भित्तेकला अथवा हाम्रो शहरी वस्तीले हामीलाई छुट्टै र बिशिष्ट स्थानमा राखिदिएको छ । भौगोलिक हिसाबले सानो देश भएपनि विश्व समुदायमा हाम्रो भिन्नै पहिचान र प्रतिष्ठा छ । हाम्रा प्राकृतिक सम्पदाका साथै मानव निर्मीत सम्पदाहरूको कारणले हामी अलग छौं, बिशेष छौं ।

अब आएर हाम्रा सम्मपदाहरूलाई जोगाइराख्न दुइ प्रकारका चुनौती छन्– एक प्राकृतिक, अर्को मानवनिर्मीत । पुराना भवन, मठमन्दिर, हस्तकला, मुर्तिहरू समय र कालखण्डका कारण जिर्ण हुँदै गएको अवस्थाछ भने यसमा नियमित जिर्णोद्धार, मर्मत र सम्भार जरूरी रहन्छ नै । यो काममा प्राचीन सम्पदा जोगाउन लागीपर्ने निपुण कालिगढहरू आवश्यक पर्न सक्छ । यी सबैभन्दा महत्वपूर्ण कुरा राज्य संचालन गर्ने निर्णायकहरूको इच्छाशक्तिमा धेरै निर्भर रहन्छ ।

सम्पदाहरू हामी मानिसकै अनेक गतिबिधिका कारणले पनि क्षतीमा परिरहेका हुन्छन् । हाम्रा सम्पदाहरू अरू मुलुक वा बाहिरी बिश्वका भन्दा अलग छन् । हाम्रा सम्पदा आफैंमा जीवित छन् । अर्थात, कुनै बैठककोठामा हेर्नका लागि राखिएका सोकेसका सामानजस्ता हाम्रा सम्पदा होइनन् । हाम्रा गुम्बा, मन्दिरहरूमा दिनहुँ सयौं संख्यामा भक्तजनहरू पुग्छन्, आ-आफ्नो आस्थामा पुजा-आरधना गर्छन् । बिशेष पर्वको संख्यामा हजारौंको संख्यामा श्रद्धालु र भक्तजन पुग्ने गरेका छन् । यो आफैंमा जीवन्त संस्कृति हो ।

तर, ती आस्थाका थलोमा चढाइने खानेकुरा, फूल, नैबैद्य, जल, दुध आदिका कारण र हरेक दिन लाग्ने भक्तजनहरूको घुइचोले हाम्रा सम्पदालाई नदेख्ने गरी भौतिक क्षती पुर्‍याइरहेको हुन्छ, पुर्‍याइरहेको छ । अर्कातिर, अनियन्त्रित रूपमा बनेका घर र सम्पदा हल्लिने गरी खनिएका जगहरूले प्रत्यक्ष र देखिने रूपमा सम्पदामाथि क्षती पुगिरहेको छ । अनियन्त्रित तवरले भवन निर्माण भैरहँदा हाम्रा कति शहरभित्रका ढुङ्गे धाराहरूमा पानी आउन छाडिसकेको छ भने पानी आउने ठाउँमा पनि पानीको निकास नभएर अस्तव्यस्त अवस्था उब्जिएको हामीले देखेका छौं ।

यसबेला सचेत नागरिक र सम्पदाप्रेमी समुदायले आफैं जागृत भएर आफ्नो पहिचान र चिनारी जोगाउन कटिबद्ध भएर लाग्नैपर्ने देखिन्छ । अझ बिद्यालय पाठ्यक्रमदेखि नै आफ्ना घर वरपरका सम्पदा चिन्ने, त्यसको महत्व बुझाउने र संरक्षण-संवर्द्धनमा अगुवा बन्ने पाठ पढाउनु, बुझाउनु जरूरी देखिएको छ ।

केही दिनअघि 'खुलामन्च जोगाऔं' अभियानबारे मैंले काठमाडौंको एक सफल आर्किटेक्टसँग कुराकानी गरेको थिएँ । काठमाडौंमैं जन्मे-हुर्केका ती आर्किटेक्टलाई मैंले टुँडिखेलसहितका सार्वजनिक स्थल संरक्षणका लागि आर्किटेक्टहरूको समुह पनि अगाडी आउनुपर्‍यो भनेको थिएँ । उनले उत्तरमा 'यो सब ठूलाबडाहरूका कुरा हुन्' भने । कुराको सिलसिलामा काठमाडौं उपत्यकाका पुराना शहरी वस्तीमा आँखा बिजाउने खालका नयाँनयाँ भवनहरू निर्माण भैरहेको सन्दर्भ जोड्दा साहु-महाजनको घर निर्माणमा व्यस्त



ती आर्किटेक्टले 'यो सब एलिटका कुरा हुन्' भन्दै कुराकानीबाट पन्छिन चाहे ।

ती बास्तुबिदसँगको संवादपछि म केही समय सोचमा डुबें । के हाम्रो आधुनिक बास्तु बिद्याले हाम्रो बास्तुबिद्याका बिद्यार्थीहरूलाई नयाँ किसिम वा ढाँचाका घरहरू मात्र बनाउन सिकाउँदैछ ? के नयाँ घर बनाउँदा हाम्रा पुराना शहर वस्तीसँग मेल खाने वा मेल नखाएपनि हाम्रा पुराना भवनहरूलाई ओझेलमा नपार्ने खालको शिक्षा दिइदैन ? के हामीलाई आज बनेका आधुनिक र नवनिर्मित भवनहरू हाम्रो सम्पदाभन्दा प्यारो वा मुल्यवान हुन् त ? के आधुनिक शहर निर्माण गर्ने भन्दैमा हाम्रा खुला सार्वजनिक स्थलहरू मास्न दिने अथवा सम्पदाहरूलाई ओझेलमा पार्ने हाम्रा लागि हितोचित हुन्छ त ?

हामीमाझ व्यक्तिका हकमा पनि रविन्द्र पुरीजस्ता औंलामा गन्न सकिने केही पात्र छन् जो 'हिजो नभइकन आज हुन सक्दैन' भनेर आफ्नो बिगत, इतिहास र सम्पदाजन्य समयको फेरो समातेर हिंड्न मात्रै रूचाइरहेका छन् ।

यी सबै कुरा गरिरहेका बेला मलाई अर्का सम्पदाप्रेमी रविन्द्र पुरीको पनि सम्झना आइरहन्छ । आरपी फाउण्डेसनका संस्थापक रविन्द्र पुरीले बास्तु र सम्पदामा बिशेषज्ञता डिग्री नलिएपनि आफ्नो अध्यन, चिन्तन, सोच र परिश्रमले एक सफल आर्किटेक्ट बनिसकेका पात्र हुन् । रविन्द्र पश्चिमी आर्किटेक्टक्चर शैलीको अन्धाधुन्द नक्कल गर्ने पक्षमा छैनन् । अर्थात यस्तो देखिएको छैन । रविन्द्र काठमाडौंको आफ्नै सम्पदा, परम्परा र शैलीमा उभिएका मठमन्दिरको संरक्षणमा लागेको पनि धेरै भैसकेको छ । उनी काठमाडौं उपत्यकामा विकास र प्रफुल्ल भएको परम्परागत भवन निर्माण शैलीलाई अँगालेर नया घर, बिद्यालय, पाटीपौवा बनाउनमा लागीपरेको मैले पाएको छु । उनको पनौती-भिजन र साँगा नमूना वस्तीका बारे केही देखेको छु, केही सुनेको छु । अझ भक्तपुर, काभ्रे, रामेछाप, नवलपरासीसहितका जिल्लामा परम्परागत बास्तुकलाको शैलीमा एक दर्जनभन्दा बढी सरकारी बिद्यालय निर्माण गराइसकेको सुसमाचारले रविन्द्र पुरीले अब आउने पुस्ताका लागि दिन चाहेको सन्देश स्पष्ट बनेको छ ।

संयोगले रविन्द्रका काम हेर्न काभ्रेको फूलबारी र कात्तिकेदेउरालीसम्म पुगेको छु । त्यहाँका सरकारी बिद्यालयहरूलाई परम्परागत शैली र अवधारणामा स्थानीय ढुङ्गा, माटो, काठको भरमग्दुर उपयोगबाटै बनाइएको नमूना काम देखेर म खुबै प्रभावित भएको छु । मैले कात्तिकेदेउराली स्थित प्रभा उच्च मा.वि., दाप्चा स्थित बाल उज्जवल मा.वि. र फूलबारी स्थित मथुरापाटी मा.वि. अवलोकन गर्न पाएको थिए । भक्तपुरमा चिनिएको नमूना घरको बाहिरी र भित्री मौलिक आर्किटेक्ट हेरेर टोलाएको छु । अझ अर्को संयोगमा, पनौतीमा खुल्न लागेको भोकेसनल एकेडेमीको शिलान्यास क्रममा तत्कालिन मुख्य सचिव (हाल राजदूत, बेइजिङ) लिलामणि पौड्यालजीसँग पनौती पुगेको छु । रविन्द्रले आफूलाई चाहिने कालिगढ, फलाम, काठ र ढुङ्गाका कर्मीहरू आफैंले उत्पादन गर्ने भनेर थालेको भोकेसनल एकेडेमीलाई मैंले सरकारको प्राविधिक सिपको शिक्षालयले गर्नुपर्ने काम भनेर सहाअना गरेको छु ।

यसरी रविन्द्र पुरी नेपालका युवा आर्किटेक्टमध्येकै एक प्रेरणादायी एवं अनुकरणीय नाम बनेका छन् । उनको सम्पदा निर्माण शैली अद्भुत छ । नेवारी परम्परागत शैलीभित्र आजको आधुनिक सेवा-सुविधा पनि घरहरूमा जोडिएको देख्न पाइन्छ । युरोपमा शताब्दीयौं पुराना घर, साझा सम्पत्तिलाई संरक्षण-संवर्द्धन गरेर राखिएको उदाहरण हेर्दै आएर हाम्रो अस्तित्व र जरोमा जोडिएको सम्पदा जोगाउ अभियानमा लागीपरेका रविन्द्र पुरी हामी सबैका निम्ति अनुकरणका पात्र हुन सक्छन् ।

आज सबैतिर बिशाल टावर, ठूला भवन र विकासका नाममा कंक्रिटको जंगल उभ्याउने होड सबैतिर बढेको छ । हामीमाझ भगवान बुद्ध बनिएपनि संसारकै अग्लो पक्की सिमेन्ट आकृतिका बुद्ध बन्दैछन् अथवा भ्यू-टावरहरूको हालत पनि उस्तै छ । यो होडमाझ हामीकहाँ अझै पनि बन्दीपुर, चैनपुर, पनौती, बुडमती, भक्तपुर, पाल्पा, जनकपुरजस्ता अद्धितिय शहर र वस्तीहरू छन् जहाँ उभिएर नेपाली मौलिक सभ्यता, संस्कृति र सम्पदाको कुरा गर्न पाइयोस् । हामीमाझ व्यक्तिका हकमा पनि रविन्द्र पुरीजस्ता औंलामा गन्न सकिने केही पात्र छन् जो 'हिजो नभइकन आज हुन सक्दैन' भनेर आफ्नो बिगत, इतिहास र सम्पदाजन्य समयको फेरो समातेर हिंड्न मात्रै रूचाइरहेका छन् । यो नितान्त एक्लोजस्तो देखिएको हिंडाइको अर्थ र महत्व आउने समयले बताउला, तर हिंड्न नछाड्नुहोला ।

व्यक्तिगत रूपमा रविन्द्र पुरी र संस्थागत रूपमा आरपी फाउण्डेसनको सफलता तथा उद्धेश्यपरक हिंडाइको कामना गर्दै कृतज्ञता जाहेर गर्न चाहन्छु । भलो होस् ।

(प्राध्यापक माथेमा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति तथा जापानका लागि पूर्व नेपाली राजदुत हुन् ।)

“रविन्द्र एक्ला बृहस्पति हुन्”

लीलामणि पौड्याल



रविन्द्र पुरीसँग ठ्याक्कै कुन मितिमा भेट भयो, मलाई सम्झना छैन । तर मेरो जिल्लावासी होमियोप्याथी डा. अम्बिका ज्ञवालीले (सँगसँगै नयाँबानेश्वरमा डेरागरी बस्दा सन २००२/२००३ तिर हुनु पर्छ) पुराना वास्तुकलाको संरक्षणमा लागेका एकजना व्यक्तिलाई भेट्न भक्तपुर जान कर गर्न‘भयो । डा. ज्ञवालीको भनाईमा ती व्यक्तिलाई भेटेर म पक्कै खुशी हुनेछु । त्यसबेला म घरेलु तथा साना उद्योग विभागको महानिर्देशक थिएँ, शायद रविन्द्र पुरीजीसंग त्यहीं भेट भयो ।

एक दिन डा. ज्ञवालीलाई लिएर रविन्द्र पुरीले पुनःनिर्माण गर्न लागेको नमूना घर हेर्न भक्तपुर गएँ । उनको योजना र भैरहेका कामवारे सामान्य जानकारी लिएपछि उनको लगाव, लगनशीलता र काम देखेर म अत्यन्तै प्रभावित भएँ र, उनलाई आफ्नो ठाउँबाट सक्दो सहयोग गर्ने वचन दिएर फर्कें । त्यसको केही समयपछि म ल्हासाको महावाणिज्यदूत भएर गएको कारण उनीसँगको निरन्तर सम्पर्क टुट्यो । तर सन २००७ मा ल्हासाबाट फर्केपछि पुनः उनका सत्कर्मले फेरी मलाई उनीसँग निरन्तर सम्पर्कमा ल्याईरह्यो । यस अवधिमा उनी आफ्नो काममा लागिरहेका थिए । यस क्षेत्रमा केही गर्व गर्नलायक काम गर्नमा लागीपरेका थिए ।

चाहे भक्तपुरकै नमूना टोल बनाउने काम होस् वा पनौतिको भोकेसनल स्कूल स्थापना वा पनौतिकै बाल तथा ज्येष्ठ नागरिक आश्रमहरूको निर्माण एवं संचालन । अथवा, चोरीएका मूर्तिहरूको प्रतिमूर्ति (Replica) बनाईराख्ने र म्यूजियम बनाउने काम होस् वा सामुदायिक विद्यालय निर्माणमा उनको योजना सबै स्तुत्य र गौरव गर्न लायकका छन् । उनका कतिपय आयोजनाको शिलान्यास, उदघाटन र अवलोकन गर्ने अवसर मलाई जुटेको छ । एक नागरिकको रूपमा उनले नेपालबाट चोरिएका केही मूर्तिहरू फिर्ता ल्याउन गरेको पहलको जति प्रशंसा गरे पनि पुग्दैन । सन २०१४ मा सार्क बैठक आयोजना स्थलको खोजी गर्ने क्रममा गृह मन्त्रालय मातहतको सिंहदरबारको State Hall हेरेर मर्मत गरी सरकार प्रमुखको रात्रीभोज आयोजना गर्न सकिन्छ कि भन्ने प्रयत्न गर्ने क्रममा मैले फेरी रविन्द्र पुरीलाई सम्झें । रविन्द्र पूरीसँग केहि चरण कुरा पनि भयो तर, हामीलाई प्राप्त समयमा त्यो



कामगर्न सम्भव भएन । पछि सन् २०१५ अप्रिलको भुकम्पले सिंहदरवार जीर्ण भएपछि पुनःनिर्माण गर्न रविन्द्र पूरीको कलाचेत, निस्वार्थ राष्ट्रप्रेम, नेपालको परम्परागत कला संस्कृतिको संबर्द्धनमा प्राप्त गरेको अनुभव, दक्षता तथा योगदान आधारमा रविन्द्र पुरी फाउन्डेसनको सहयोग लिई हाम्रा पुरातात्विक महत्वका संरचनाको संरक्षण गर्न सक्नु पर्ने थियो । तर त्यो हुन नसकेकोमा मलाई दुःख लाग्छ । राज्यको तर्फबाट यो ठूलो कमजोरी देखियो । पुनिःनर्माण प्राधिकरणका नेतृत्वलाई उनीसँग सम्पर्क गर्न र उनको दक्षता र क्षमताको पूरा उपयोग गर्न आग्रहसम्म गरियो तर मेरो सिफारिशले खास काम गरेन । नेपाली वास्तुकलाको संरक्षणमा उनले हासिल गरेको ज्ञान, क्षमता तथा लगाव (एबककष्यल) को कदर नभएकोमा दुःख लागेको छ । उनीसँगै जर्मनीमा अध्ययन सकेका १० मध्ये नेपालमै बसेर केही गरौ भन्ने एक्ला बृहस्पति हुन रविन्द्र पुरी ।

रविन्द्र पूरीको कलाचेत, निस्वार्थ राष्ट्रप्रेम, नेपालको परम्परागत कला संस्कृतिको संबर्द्धनमा प्राप्त गरेको अनुभव, दक्षता तथा योगदान आधारमा रविन्द्र पुरी फाउन्डेसनको सहयोग लिई हाम्रा पुरातात्विक महत्वका संरचनाको संरक्षण गर्न सक्नु पर्ने थियो । तर त्यो हुन नसकेकोमा मलाई दुःख लाग्छ ।

गत मंसिरमा काठमाडौ विश्वविद्यालयले आयोजना गरेको दिक्षान्त समारोहमा सहभागि हुन धुलिखेल पुगेपछि नजीकै फूलबारीको डांडोमा पाँचवर्ष पहिले नीजले निर्माण गर्न शुरू गरेको नेपाली परंपरा र शैलीको बुटिक होटलको अवस्था अवलोकन गर्ने हुटहुटीले ३०/४० मिनटको खाली समय निकालेर म त्यता हुइकिएँ । उनले भुकम्प पछिको पुनर्निर्माणमा लाग्नु परेकोले त्यो निर्माणको काम झण्डै ५ वर्ष थांती राखेर भर्खरै निर्माणको कामलाई पुन अंगाडी बढाएका रहेछन् । 'यस्तो काम गर्न कति सहज छ ?' भन्ने मेरो प्रश्नमा मुख अध्यारो बनाउदै 'सहयोगको सट्टा राजनैतिक र आर्थिक लाभका लागि अनाहकमा दुःख दिने प्रवृति झन झाङ्झिदै गएको' भन्ने उनको अभिव्यक्तिले मेरो मन अमिले बनायो । उनले गरेका सामाजिक कामहरूमध्ये चोरिएका मूर्तिहरूको प्रतिमूर्ति बनाई राख्ने कामले नेपाललाई एक न एक दिन ती सम्पदा फिर्ता ल्याउन सघाउ पुग्नेमा म विश्वस्त छु । जतिसुकै दुःख कष्ट र वाधाव्यवधान आइपरे पनि ती सामना गरेर अंघी बढ्ने क्षमता र साहस रविन्द्रको कहिल्यै नघटोस् ।

रविन्द्रजी तपाँईका कामहरू प्रशंसा मात्र होइन, वन्दना गर्न लायक छन् । तपाँईजस्तो राष्ट्रप्रेमीसँग चीनजान हुनु र संगत हुनु मेरो लागि पनि गर्वको विषय हो, हार्दिक शुभकामना छ ।

हाल : नेपाली राजदूत
बेइजिङ, चीन ।





काठमाडौं सम्झना : काठमाडौं सपना

गिरीश गिरी

मलाइ रवीन्द्र पुरी फाउन्डेसनका बारेमा लेख्नु थियो ।

थालनी पो कसरी गर्ने होला ?

दिमागमा प्रश्न खेलाउँदै गर्दा मेरो हातमा बिहानी चियाको कप थियो ।

कप समात्दै बार्दलीको ढोका उघारें । 'घ्याच्च' । आवाजसँगै काठको दलिनमा ओत लागेका एक बथान भँगेरा भुरूरू उडेर गए । त्यसमध्ये एउटा समूह घरै अगाडिको गणेशथानका भुइँमा फिँजिएर अघि बिहान भक्तजनले चढाएका दानाहरु टिप्न थाले ।

यी भँगेराहरु यसैगरी दिनभर ओहोर-दोहोर गरिरहन्छन् ।

ललितपुर बालकुमारीस्थित मेरो घरको बार्दलीमा लामो समय मानिसको चहलपहल छैन भने दलिन मात्र होइन, डाँची अप्पाको भुइँ, सुर्खी चुनाका सतह, काठका कलात्मक बारहरु अनि झ्यालढोकामै पनि यी चराहरु अनेक गतिविधि गरेर बसिरहेका देखिन्छन् । यदाकदा परेवाको पनि उपस्थिति रहने यो दलिनमै कतिपटक त जुरेली चरीले गुँडै बनाएको छ ।

अलि दिनसम्मै बार्दलीको ढोका नखोल्ने हो भने चराहरुले पारेका फोहोरले बार्दली ढाकेको हुन्छ । माथि भिँगटीको छानोलाई त चराले झनै प्रभावित पारिदिन्छन् । तिनका विष्टाबाट छरिने बीउले वर्षामा रसाएका छानोको अनुकूलता भेटेर काप कापमा जरा फैलाउन भ्याउँछन् । त्यस्ता कतिपय जराले बोटकै रुप धारण गरिदिन्छ । त्यसले वर्षासँगैका केही महिना त छानामा भिँगटीको मात्राभन्दा हरिया वनस्पति नै ज्यादा देखाइरहन्छ ।

संशोधनमण्डलबाट दीक्षित भईकन अमेरिकी विश्वविद्यालयमा लामो समय प्राध्यापन गरेका गौतमबज्र बज्राचार्यका अनुसार काठमाडौं उपत्यकाको चरित्र प्रकृतिपूजक हो । यहाँको सभ्यता नै प्रकृतिसँगको नजदिकीमा विकास भएको हो । त्यसैले यहाँका पुराना घरहरुमा चन्द्र, सूर्य, चराचुरूङ्गीको आकृतिलाई समेट्ने गरिएको छ । घर उनीहरुसँग रमाओस् र उनीहरु घरसँग रमाऊन् भनेर । उपत्यकामा संस्कृतको प्रभाव भित्रिनुअघि त लिच्छवी कालसम्मै यहाँ देवी देवता भनेकै यिनै प्रकृति र चराचुरूङ्गी थिए ।



तर, अब प्रकृतिसँग नुहाएर रमाउने यस्ता घर धेरै कम भइसकेका छन् ।

'नेवार घर' भनेर चिनिने यस्ता संरचनाप्रति बिस्तारै रैथाने नेवारहरुकै चाँसो हराउँदै गएपछि यो अवस्था उत्पन्न भएको हो । यति कुरा त म मेरा छिमेकहरुसँगकै अनुभवबाट पनि भन्न सक्छु । यसरी जसको चीज हो उसले नै वास्ता नगरेपछि संकट सुरू भएको हो, जसलाई फेरि नजिक ल्याउनुको कुनै विकल्प छैन ।

अग्ला घरहरुमुनितिर हाम्रा भिँगटीका छानाहरु त्रासमा बाँच्न विवश बन्दै गइरहेका छन् । घाम छेकिएका छन्, हावा छेकिएका छन् र छेकिन पुगेका छन् सहरकै रहलपहल चिनारीहरु ।

आफ्ना मौलिकतालाई पुराना दरबार र मठ-मन्दिरमै सीमित रहन दिएर धमाधम विस्तार हुँदै गएको सहर हिजोआज 'हाइराइज टावर' हरुसँग लहसिन थालेको छ । मेरो घरकै छेउमा केही वर्षअघि मात्र लस्करै खडा भएको 'अपार्टमेन्ट बिल्डिङ' काठमाडौंको नयाँ छनोट हो ।

यी अग्ला घरहरुमुनितिर हाम्रा भिँगटीका छानाहरु त्रासमा बाँच्न विवश बन्दै गइरहेका छन् । घाम छेकिएका छन्, हावा छेकिएका छन् र छेकिन पुगेका छन् सहरकै रहलपहल चिनारीहरु ।

राजनीति र त्यसै वरपरको बहसले रेलमपेल काठमाडौंमा यतिबेला पहिचानको चिन्ता कसलाई छ ? आधुनिकताको नाममा जथाभावी रंग न ढंगका संरचनाले उपत्यकाभित्रै मर्दै गइरहेको उपत्यकाको चिन्ता गर्ने फुर्सद मात्र पनि कसलाई छ ?

...

केही साताअघिको बिहान म सत्यमोहन जोशीसँग कुराकानी गरिरहेको थिएँ । हाम्रो विषय थियो, ललितपुरवासीले आफैँ मिलेर जीर्णोद्धार गरिरहेको भीमसेन मन्दिरको इतिहास ।

'त्यो अगाडिको गल्ली तुयुँ र लाको मिलेर तुयुँलाको टोल बनेको हो,' जोशीले अनायासै एउटा यस्तो टोलको व्याख्या गरिदिए जसको जिज्ञासा मलाई वर्षौंदेखि थियो, 'तुयुँ लाको अर्थात् भीमसेन मन्दिरको ठीक सामुन्ने बत्ती (तुयुँ) को सेतो उज्यालो खस्ने टोल ।'

त्यो हामीले केटाकेटीदेखि पुकार्दै आएको 'तुइँलाको' का बारेमा थियो । मेरो आमालाई जन्मदिने आमा अर्थात् मेरी मावल हजुरआमा जन्मेको ठाउँ । हिसाबले आमाको मामाघर भए तापनि व्यवहारले यो हाम्रो मामाघर बढी भइदियो ।

मेरो मामाघरसँगै जोडिएको छिमेकी टोलका अग्रज जोशी त्यस दिन मलाई मेरो मावल टोल चिनाइरहेका थिए ।

यो त्यही टोल थियो जहाँ मैले पहिलोपटक काठमाडौं उपत्यकालाई आत्मसात् गरेको थिएँ । आमाको कुममा बोकिएर आउँदाको धिपधिपे सम्झनाहरु छन् ।

त्योताका बाइरोडको बाटोले मात्रै उपत्यकालाई मधेससँग जोड्थ्यो । सडक इन्जिनियरिङका पुराना विद्याले विस्तार गरेको जटिल उकाली ओरालीमा अपरिष्कृत इन्जिनहरुले तान्दै ल्याउनुपर्ने । असाध्यै मुस्किलको यात्रा तय गरेपछि बल्ल यो स्वप्निल राजधानी आइपुगिन्थ्यो ।



ललितपुर दरबार स्क्वायर भएरै पस्नुपर्ने छेवैको यो तुइँलाको टोल कम्ता रोचक थिएन । जतातै सयौं वर्षअघिका सम्पदाहरुले भरिएको । सडक किनारमा पनि देउता, सडकको बीचैमा पनि देउता ।

हावापानी पनि बेग्लै । उता मधेसमा उखरमाउलो गर्मी भएकै बेला पनि यहाँ आउनासाथ छालालाई च्वास्स चिसोले छुन्थ्यो । यसरी स्पर्श गर्ने त्योबेलाको प्रदूषणरहित चिसोपन अब त काठमाडौं उपत्यकासँगै पनि छैन ।

ललितपुर दरबार स्क्वायर भएरै पस्नुपर्ने छेवैको यो तुइँलाको टोल कम्ता रोचक थिएन । जतातै सयौं वर्षअघिका सम्पदाहरुले भरिएको । सडक किनारमा पनि देउता, सडकको बीचैमा पनि देउता ।

त्यसैगरी सयौं वर्षको घामपानी झेलेर झन्-झन् गाढा बन्दै गएका इँटाले थामेको थियो मेरो मामाघर । अब त्यो पनि छैन । त्यस ठाउँमा नयाँ भवन बनिसके ।

उबेला मन्दिरकै विस्तारित रुपजस्तो देखिने मेरो 'महन्थ मामाघर' मा अब मन्दिर बेग्लै-घर बेग्लैको अवस्था छ ।

काठमाडौंका यी घरहरुमा कुनै समय 'ख्याक' पनि बस्थे । ख्याक अर्थात् छायाका रुपमा देखिने भूत ।

मलाई अझै याद छ, एकपटक हामी केटाकेटीहरुका हूल अँध्यारो कुनामा पुगेको बेला कसैले 'ख्याक आयो' भनेर चर्को स्वरमा चिच्याइदिएको । भागाभाग मच्चियो । उपत्यकामा हुर्किएका मेरा सबै समवयीहरु बेपत्ता भए । मधेसबाट आएको मैले त्यहाँ के भएको हो भेउ नै पाइनँ । लाटोजस्तै उभिइरहेँ । यस्ता थुप्रै कारणले मलाई काठमाडौं उपत्यकाका हामीजस्तै केटाकेटीहरु अचम्मका लाग्थे ।

एकपटक गोदावरी मामाघरमा मेला घुमाउन लगिएको थियो । भुजा खान भनेर केटाकेटीको लस्कर बसालियो । बाँड्न आएको भात मैले प्लेटमा थाप्न मानिनँ । ठूलोआमालाई अचम्म लागेछ, 'तैंले भुजा किन नखाएको ?'

'ख्वै भुजा?' मैले अप्ठ्यारो मान्दै सोधेँ र भनेँ, 'भुजा ल्याएकै छैन ।'

त्यतिबेला मसँगै बसेर भात (काठमाडौंको भुजा) खाइरहेका केटाकेटीहरु मलाई ट्वाँ परेर हेरिरहेका थिए ।

अर्थात्, हामी मधेस र काठमाडौंका बच्चाहरु, दुवै-दुवैथरीका निम्ति अचम्मका प्राणी थियौं ।

जे होस्, मलाई पछिमात्र ख्याक भनेको उपत्यकामा प्रचलित भूत हो भन्ने जानकारी गराइयो । त्यसपछि यो काठमाडौंको बेग्लै भूतका प्रति त्रास र जिज्ञासा दुवै जाग्न थाल्यो ।

'ख्याक पनि दुई किसिमका हुन्छन्,' मेरी सानीआमाका भनाइ रहन्थे, 'सेतो ख्याकले उल्टो फाइदा गर्ने भएकाले डराउनु पर्दैन ।'



राति सुत्ने बेलामा यस्ता ख्याकहरुका अनेक कथा सुनाइन्थे । यसरी ख्याकका प्रसंगहरुसँग जोडिएरै प्रत्येक बालापन गुज्रिन्थ्यो ।

विधिको विधान ! काठमाडौंमा हिजोआज ख्याक बस्ने घरहरु हराएर गए ।

हाम्रो बाल्यकालमा यसरी काठमाडौंका घरहरुमा देउता पनि बस्थे भूत पनि बस्थे ।

पछिल्लो समय हामीले देउतालाई पनि धपायौं– भूतलाई पनि धपायौं । हिजोआज मानिस मात्र बस्न थालेका छौं ।

त्यसैले घरहरु पनि संवेदनाविहीन, स्वादविहीन र केवल कंक्रिटको न्याम्रोलाग्दो थुप्रोमा परिणत हुँदै गएका छन् ।

...

२०४७ सालमा म काठमाडौं पढ्न आइपुगें । तुइँलाको टोलकै छेउ स्वँठमा डेरा थियो ।

स्वँठ नारायणको मन्दिर छेउमा रातभरि भजन चलिरहन्थ्यो । एक त म भजनको श्रोता थिइनँ । त्यसमाथि शब्दहरु पनि बुझ्दै नबुझिने ।

तर, छेवैबाट आइरहने त्यो भजनको मधुरो आवाजकै बीच म कतिबेला निदाउँथें, थाहै हुँदैन थियो । भजन त भन्दिनँ तर पछि पछि मलाई सुत्ने बेलामा मध्यरातसम्म बज्ने त्यो मधुरो आवाजको चाहिँ लत बसेको थियो ।

त्योताका मलाई अर्को अचम्मचाहिँ वामपन्थी नेता तुलसीलाल अमात्य देखेर लाग्थ्यो । अमात्यको घर मेरो डेराको सामुन्ने थियो । स्वँठ नारायणकै अगाडि ।

बिहानीपख कतिपय पटक मैले त्यहाँ अगाडिबाट गुज्रिएका अमात्यलाई नारायणको मन्दिरमा नमस्ते गरेको देखेको छु ।

काठमाडौं आउनुअघि वीरगन्जको ठाकुरराम क्याम्पसमा पढुन्जेल म आफैं पनि अनेर ास्वावियुको गतिविधिसँग नजिकिएर बाँचेको थिएँ ।

मेरो त्यो कम्युनिस्टचेतलाई अमात्यको यो ढोगभेटले आश्चर्यमा पार्थ्यो ।

मैले अमात्यलाई यसका बारेमा कहिल्यै सोध्न पाइनँ ।

केही वर्षअगाडि एउटा बेग्लै सन्दर्भमा कवि विप्लव 'प्रतीक' ले अर्का कवि दुर्गालाल श्रेष्ठका बारेमा दिएको जानकारीले अलिकता त्यो जिज्ञासाको उत्तर मिलेजस्तो लाग्यो ।

कवि विप्लवका अनुसार दुर्गालाल आस्तिक होइनन् । तर, अहिले पनि उनी बाहिर निस्कने बेलामा घरछेउको मन्दिरलाई ढोगदै निस्कन्छन् । यो ईश्वरप्रतिको आस्थाभन्दा पनि हुर्कंदाखेरि विकास भएको संस्कार रहेछ ।

यो जानकारीलाई नै मैले तुलसीलालबारेको जिज्ञासासँग मिलाउँदै आएको छु ।

यसरी काठमाडौं उपत्यका यो संसारभित्र भईकन पनि आफैंमा बेग्लै संसार थियो ।

तर, अब 'कस्मोपोलिटन' काठमाडौंले आफ्ना मौलिक चरित्रहरु धमाधम गुमाउँदै गइरहेको छ ।

म स्वँठमा बसुन्जेल पनि टोलमा केही घटना भएको छ भने नेवारी भाषा नबुझ्ने मानिसका लागि त्यो के भएको हो भनेर थाहा पाउन हम्मे पर्थ्यो । हिजोआज त्यही स्वँठका घरभित्र नेवारी बोलिएको सुनिन बन्द भएको छ । भाषासँग संस्कृति र सभ्यता जोडिएका हुन्छन् भन्नेहरुका निम्ति काठमाडौं उपत्यका कहाँ थियो र अब कता पुगिसक्यो भन्ने यसैबाट प्रस्ट हुन्छ ।

...

२०५८ सालताका साथी देवेन्द्र भट्टराईले एक दिन भक्तपुर लगेर अनौठो तन्नेरीसँग परिचय गराए । उनी थिए रवीन्द्र पुरी ।

उपत्यकाको पहिचानमा बनेको एउटा पुरानो घर थोत्रिएर कुखुराको खोरमा परिणत भएको रहेछ । हिलोमा मोती पहिचान गर्ने पुरीको आँखाले त्यो खोरभित्रको सम्पन्नता देख्यो । त्यतिबेला जर्मनेली विकास संस्थामा कार्यरत पुरीले खोरलाई किनेर चिटिक्कको घरमा रुपान्तर गरिदिए । 'नमुना घर' नाम दिइएको त्यस संरचनाले व्यापक चर्चा पायो । मानिसहरु घुम्न जान थाले । अखबारमा समाचार आउन थाल्यो । थरीथरीका सिनेमाको छायांकन भए । अनेक स्वदेशी तथा विदेशी वृत्तचित्रहरु बने । हुँदाहुँदा युनेस्कोले एसिया प्रशान्त क्षेत्रका निम्ति सम्पदा पुरस्कारै दियो ।

उपत्यकाको पहिचानमा बनेको एउटा पुरानो घर थोत्रिएर कुखुराको खोरमा परिणत भएको रहेछ । हिलोमा मोती पहिचान गर्ने पुरीको आँखाले त्यो खोरभित्रको सम्पन्नता देख्यो । त्यतिबेला जर्मनेली विकास संस्थामा कार्यरत पुरीले खोरलाई किनेर चिटिक्कको घरमा रुपान्तर गरिदिए ।

देख्नका लागि त त्यो फगत एउटा घर थियो । तर, त्यसले काठमाडौं उपत्यकामा व्यापक विनाश भइरहेको मौलिक चेत अर्थात् मृत्युशय्यामा पुगेको बिरामीलाई दिइने अन्तिम उपचारको काम गरिरहेको थियो ।

जर्मनीबाटै उच्च शिक्षा लिएर आएका पुरीले त्यसै क्षण जर्मनेली विकास संस्थाको आकर्षक तलब सुविधालाई त्यागेर यस्ता घरहरुको संरक्षण र प्रवर्द्धनमा आफूलाई समर्पित गर्ने संकल्प गरे ।

लगत्तै सामान्य चिनजानका मित्र पुरी अचानक मेरो ज्वाइँ बन्न पुगे । मेरी ठूलीआमाकी छोरीसँग पुरीको बिहे भयो । त्यसै क्षणदेखि यो सम्बन्धलाई मैले मेरो पारिवारिक पहिचानले दिएको मूल्यवान पारितोषिक मान्दै आइरहेको छु ।

पुरीको यात्रा अनवरत जारी छ ।

उनका हातबाट ७० भन्दा बढी त सम्पदाकै जीर्णोद्धार र संरक्षण भइसकेका छन् । त्यसबाहेक पनि नेपालीपनको गौरवबोधलाई समातेरै शिक्षाका क्षेत्रमा, स्वास्थ्यका क्षेत्रमा र सामाजिक विकासका तमाम क्षेत्रमा पुरीले दिँदै आएका योगदानहरु इन्टरनेटको एक क्लिकले विस्तारमा देखाइदिन सक्छ । यहाँ अटाइरहनु जरूरी छैन ।

समाजका निम्ति दिइएका योगदान त आफ्नै ठाउँमा छँदै छ, मैले त कदम कदममा शिक्षा दिने ज्वाइँ पाउनुको गौरवबोध पनि गरिरहेको छु ।

कहिले काठमाडौंबाट चोरिएका मूर्तिहरुको नमुना बनाइरहेको उनकै 'वर्कसप' मा पुग्दा पुरी भनिरहेका हुन्छन्, 'जति चोट हिर्काए पनि नफुट्ने ढुँगा नै देउताको मूर्ति बन्नलायक हुन्छ ।'

कहिले सन्न्यासीहरुको चिहानघारी बन्दोबस्तमा खटिरहँदा पुरीको मुखबाट निस्किरहेको हुन्छ, 'बाँचुन्जेल अलिक दिनलाई बस्ने घरको बन्दोबस्त गरेर मात्र हुँदैन, अन्तिममा सधैंभरि बस्ने घर पनि खोज्नुपर्छ ।'

हुँदाहुँदा केही वर्षअघि उनै पुरीले आफू ४० वर्ष पुगेको उत्सव मनाउँदै गर्दा आफ्नो सम्पत्तिको ५० प्रतिशत समाजकै निम्ति समर्पित गर्ने संकल्पका साथ हाम्रै अघिल्तिर 'रवीन्द्र पुरी फाउन्डेसन' को घोषणा गरिदिए ।

आरपी फाउन्डेसनले गरेका सत्कर्महरुकै पनि लामै फेहरिस्त बनिसकेको छ । मुलुकभर ७७ वटा जिल्लामा ७७ वटा विद्यालय भवन बनाउने फाउन्डेसनको संकल्पअनुसार अहिल्यै पनि एक दर्जनभन्दा बढी त लोभलाग्दा विद्यालय भवनहरु नै तयार भइसकेका छन् । त्यसैगरी पनौतीलाई मौलिक नेपाली गाउँकै रुपमा पुनःस्थापित गर्ने लक्ष्यअनुसार सातवटा घरका काम भइसकेका छन् । फाउन्डेसनले सन् २०३० भित्रमा पनौतीभित्रका सबै परम्परागत र सम्पदाजन्य संरचनाको जीर्णोद्धार गरिसक्ने लक्ष्य लिएको छ । यो गाउँमा फाउन्डेसनकै तर्फबाट बाल आश्रम, व्यावसायिक शिक्षालय, पुस्तकालयहरु सुरू भइसकेका छन् भने वृद्धाश्रमदेखि लिएर म्युजियमसम्मका काम अघि बढिरहेका छन् ।

आरपी फाउन्डेसनले सन् २०३० भित्रमा पनौतीभित्रका सबै परम्परागत र सम्पदाजन्य संरचनाको जीर्णोद्धार गरिसक्ने लक्ष्य लिएको छ । यो गाउँमा फाउन्डेसनकै तर्फबाट बाल आश्रम, व्यावसायिक शिक्षालय, पुस्तकालयहरु सुरू भइसकेका छन् भने वृद्धाश्रमदेखि लिएर म्युजियमसम्मका काम अघि बढिरहेका छन् ।

पनौतीभित्रका सबै परम्परागत र सम्पदाजन्य संरचनाको जीर्णोद्धार गरिसक्ने लक्ष्य लिएको छ । यो गाउँमा फाउन्डेसनकै तर्फबाट बाल आश्रम, व्यावसायिक शिक्षालय, पुस्तकालयहरु सुरू भइसकेका छन् भने वृद्धाश्रमदेखि लिएर म्युजियमसम्मका काम अघि बढिरहेका छन् । नेपालबाट चोरिएर बिदेसिएका मूर्तिहरुको 'रेप्लिका' राखिने त्यस महत्वपूर्ण म्युजियमले कालान्तरमा हाम्रा बहुमूल्य सम्पत्तिहरु फर्काउने विश्वास पुरीको छ ।

यस्ता कामहरुका लामै फेहरिस्त छन् ।

फाउन्डेसन स्थापनाको दस वर्ष पुग्दै गरेको यो क्षण पुरीको साथमा उभिन पाउनु मात्रलाई पनि मैले शौभाग्य मानेको छु । हाम्रा तमाम सम्झनाहरुमा उभिएका सपनाहरुलाई ब्युँताउने मात्र होइन, त्यसैको जगमा समुन्नत समाज तयार पार्ने अनुष्ठान गर्दै छन् उनी ।

मैले जीवनमा कमाएको सम्पत्ति भनेकै यिनै शब्दहरु हुन् : मेरो सर्वस्व पुरीजस्ता समाज सुधारकहरुका अघिल्तिर नतमस्तक छ ।

...

यतिन्जेल मंसिर मध्याह्नको न्यानो घाम लागिसकेको छ ।

बार्दलीबाट मैले फेरि एक नजर अगाडिको मन्दिर अनि चारैतिर दौडाएँ । भँगेराहरु देखिएनन् ।

यो काठले बनेको बार्दलीलाई नियालेर हेर्दै । यस घरले मौलिक नेपाली घरको झलक पाउनुमा पनि पुरीकै योगदान थियो ।

तलतिर भँगेराको 'च्वाँच्वाँ' सुनेजस्तो लाग्यो ।

अघि कतै नदेखिएका भँगेराहरु त फूलको झ्याङमा हूलै बनाएर बसेका रहेछन् । तीमध्ये अधिकांशले घरतिरै हेरिरहेका थिए ।

सत्संगभन्दा ठूलो प्राप्ती सायद जीवनमा अर्को केही छैन ।

(गिरी 'वीरगन्ज' पुस्तकका लेखक एवं वृत्तचित्र निर्देशक हुन्)

एउटा चिठ्ठी छोरीलाई

प्रिय प्रशस्ति,



हिजो बेलुका रवीन्द्र (पुरी), गिरीश (गिरी) र देवेन्द्र (भट्टराई) अंकलसँगै काभ्रेपलाञ्चोकको कात्तिके देउराली आइपुगें । यहाँ रवीन्द्र अंकलले आफ्ना जर्मन साथीहरुको सहयोगमा एउटा विद्यालयको नयाँ भवन बनाउनुभएको रहेछ । १२ कक्षासम्म पढाइ हुने प्रभा उच्च माध्यमिक विद्यालयको यो नयाँ भव्य भवनछेउ पुगेपछि लाग्यो, विद्यालय नभई कुनै मल्लकालीन दरबार हो । यसको निर्माणमा सकेसम्म स्थानीय स्रोत साधन प्रयोग गरिएको रहेछ ।

रवीन्द्रजी परम्परागत नेपाली वास्तुकलाप्रति हदैसम्मको स्नेह राख्नुहुन्छ । त्यही अगाध प्रेम र समर्पणको परिणाम हो, यस्ता दुर्गम गाउँमा सार्वजनिक विद्यालयको निर्माण । ओलाङचुङगोलादेखि दार्चुलासम्मका विकट र स्रोत साधन नभएका गाउँमा यसैगरी सार्वजनिक विद्यालय बनाउने उहँको योजना छ ।

यहाँ हामीलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्राचार्य स्वयं स्वागत गर्न आइपुग्नुभयो । रवीन्द्रजीलाई त हरेक पटक यहाँ आउँदा थिचिने गरी नै फूलमालाले स्वागत हुने रहेछ । उहँप्रति स्थानीयवासीको प्रेम र सम्मान देख्दा हामीलाई पनि गर्वको अनुभूति भयो । यो गर्व, स्वागत पाएकोमा होइन कि उहाँसँग संगत गर्न पाएकामा थियो । यहाँ मात्र होइन, विद्यालय बनाउन जहाँ-जहाँ पुग्नुहुन्छ, यस्तै हार्दिकता र स्नेह पाउनुहुन्छ ।

तिमीलाई थाहा छैन होला, रवीन्द्रजी जर्मनीबाट पढाइ सकाएर आएपछि जर्मन सहयोग संस्थामा काम गर्नुहुन्थ्यो । आम्दानी राम्रो थियो । तर पनि उहाँलाई त्यो काममा मन लागेन । केही गरौं, नेपाली सम्पदा र वास्तुकलाको संरक्षण एवं संवर्द्धन लागौं भन्ने हुटहुटीले घच्घच्याइरहेको थियो । अन्ततः छँदा-खाँदाको जागिर छाडेर बाँकी जीवन सम्पदा संरक्षणमा समर्पण गर्ने निधोमा पुग्नुभयो ।

सम्पदाप्रति उहाँको आकर्षण एकाएक आएको पटक्कै थिएन । पुस्तैनी घर नै सम्पदा नगरी भक्तपुर हुनु यसको पहिलो कारण हुनुपर्छ । ५५ झ्याले दरबार, न्यातपोल र दत्तात्रय मन्दिरको सेरोफेरोले होला, उहँलाई किशोरवयमै कलाकारिताको पढाइतिर ढल्कायो । कमलाक्षीको फाइन आर्टस् कलेजमा पढाइ सुरू भयो । सँगै नेपाल ल क्याम्पसमा पनि कानुन पढ्न भर्ना हुनुभयो । संयोगवश, त्यति नै बेला म पनि सिमाना जोडिएकै आरआर क्याम्पसमा पढथें । तर हाम्रो चिनजान भने थिएन । पछि थाहा भयो, दुवैका 'कमन फ्रेन्ड' थुप्रै रहेछन् ।

फाइन आर्टस् र कानुन पढ्दापढ्दै कमर्स पढ्न शंकरदेव क्याम्पसमा पनि भर्ना हुनुभएछ । एकैपटक तीन विषयको पढाइ पक्कै सजिलो थिएन । फाइन आर्टस्को पढाइले रवीन्द्रजीलाई एउटा मूर्तिकार बनायो । तर पछि गएर स्नातकोत्तरमा विकास नीति पढ्नुभएछ ।

धेरैतिर हात हाल्ने उहाँको बानी पुरानै हो भन्ने अहिले पुष्टि हुँदै छ । पढाइमा जस्तै सम्पदा संरक्षण र प्रवर्द्धनको काममा पनि उहाँले धेरैतिर हात हाल्नुभएको छ । कुखुराको खोरलाई पुनर्निर्माण गरेर युनेस्कोबाट पुरस्कृत 'नमुना घर' त तिमीले देखेकी नै छौ । यो त सुरूआतमा रवीन्द्रजीलाई चिनाउने काम मात्रै थियो । त्यसयता अनेकौं योजनाले मूर्तरुप पाइसकेका छन्, थुप्रै योजना कार्यान्वयनमा छन्, अनगिन्ती योजनाका रेखाचित्र बनेका छन् । सार्वजनिक विद्यालयहरुको निर्माण, पनौतीमा परम्परागत नेपाली वास्तु, काष्ठ र प्रस्तरलगायतका कला सिकाउने प्राविधिक शिक्षा केन्द्र, नमुना घरहरुको नमुना गाउँ, अनाथ बालबालिकाका लागि आवासगृह, नेपालबाट चोरेर विदेश पुऱ्याइएका मूर्तिहरुको प्रतिमूर्ति संग्रह गर्ने 'म्युजियम अफ स्टोलन आर्टस्', होमियोप्याथिक अस्पताल आदि सुचारू भएका र कार्यान्वयनमा गएका योजना हुन् । यसबाटै तिमीले अड्कल काट्न सक्छ्यौ, रवीन्द्रजी समाजका लागि कति महत्वपूर्ण हुनुहुन्छ भनेर ।

आखिर मान्छेले जीवनमा कमाउने नै के हो र ? पैसाको त सीमा अन्त्यहीन छ । सधैंको दौडादौड र असन्तोष मात्रै । तर रवीन्द्रजीको जस्तो सम्मान र इज्जत पाउनु धेरै फरक कुरा । यो भनेको मान्छेको मन जित्नु हो । एकजना होइन, दुईजना होइन, जनमानसको हृदयमा स्थान पाउनु हो । जुन सत्कर्मबाट मात्रै सम्भव हुन्छ । सारमा रवीन्द्रजी एउटा सत्कर्मी मान्छे हो ।

काठमाडौं फर्केपछि समय मिलाएर तिमीलाई रवीन्द्रजीले गरेका कामहरु देखाउन भक्तपुर, पनौती, काभ्रे डुलाउनेछु । यसले तिमीलाई पनि उहाँजस्तै सत्कर्मी बन्ने प्रेरणा दिनेछ ।

बाँकी कुरा भेटेरै गरौंला ।

माया गर्ने,

पापा

प्रशान्त अर्याल, सितापाईला

मचा नाय : अर्थात् रवीन्द्र पुरी



दीपेन्द्र बज्राचार्य

भक्तपुर अर्थात् 'ख्वपः' सहरको संरचना आफैं कालीगढीयुक्त छ, 'आर्टिटेक्ट' ले बुझाइरहनै पर्दैन । बरू बुझाउन थाल्यो भने झनै मुस्किलको हुन सक्छ ।

चोक, बहाल, टोल, ढुंगेधारा, दलानचोक । काठ, इँट, माटो, ढुंगा र धातुको बेजोड कला । पानी ओसार्ने नाःक, फूल ल्याउने माली, पूजा गर्ने आचाजु, धाइआमा, भगिराम दाइ, जोशी थकु, जोशी भाजु, ज्ञानी थकु पनि यही भक्तपुरे टोलमा हुन्थे । एउटा बालक रवीन्द्र पुरी पनि यही हूलमा मचा नायः भएर यताउता कुदिरहेको हुन्थे । दत्तात्रय स्क्वायर आसपासको मचा नायः अर्थात् बच्चा पार्टीको नाइके ।

रवीन्द्र सानैदेखि अलिक विद्रोही स्वभावका थिए र आफ्ना कुरामा अडिगसमेत । कारण उनका बुवा सेनामा थिए । बुवासँग लामो समय संगत नपाए पनि अनुशासन र प्रतिबद्धताका कतिपय संस्कार बाबुबाटै सरेको थियो ।

पुरी अर्थात् मठमा बस्ने मठाधीशहरु । तर रवीन्द्रको पितापुर्खा खलक सन्त-योगीबाट विरक्तिएर गृहस्थीमा प्रवेश गरेका थिए । जोगी, साधु-संन्यासी वंशजका रवीन्द्र नेवारी परम्पराभित्रका दत्तचित्त 'स्कलर' पात्र भएर निस्किए । यसको कारण थियो– पुरी परिवार नेवार बस्ती माझमा बसेको थियो । रवीन्द्र जहाँ जन्मे-हुर्के, त्यहाँको संस्कार, सभ्यता र संस्कृति नेवारी गौरवमय गाथामा उभिएको थियो ।

रवीन्द्रले भक्तपुरबाट काठमाडौं छिरेर उच्च शिक्षा हासिल गरे, केही समय जागिर पनि काठमाडौंतिर खाए । यो यथास्थितिवादी समाज र एकरीत जीवनको परिवर्तनका अनेक



उपाय खोज्दै यताउता गरिरहे । उनले स्नातक, स्नातकोत्तर विभिन्न विषयमा पार लगाए– ललितकला, कानुन, इतिहास, व्यवस्थापन सबैतिर । तर, पढाइभन्दा कर्मभूमि भने अलग बन्यो, सम्पदा र संवर्द्धनका जगत्मा उनी हेलिए । एउटा अवसर पाएर जर्मनी पुगेर उनले ब्रेमेन युनिभर्सिटीबाट विकास नीति विषयमा स्नातकोत्तर गरे, गोल्ड मेडलिस्ट बने । यही कारण जर्मन निकाय र सरकारबाटै विभिन्न काम गर्ने विशिष्ट अवसरको प्रस्ताव पनि आएको थियो तर उनी लुरूलुरू घर फर्किए ।

घर फर्केर रवीन्द्रले जर्मन अनुदानमै सञ्चालित जर्मन सहयोग नियोग (जीटीजेड) को प्रोग्राम-अफिसर भएर काम गर्ने अवसर पाए । नेपालको ग्रामीण सहरी विकास गर्न केन्द्रित जीटीजेड कार्यालय सानेपास्थित प्राचीन दरबार शान्त भवनमा थियो । उनले आफ्नो यो कार्यालयमा ओछ्याइएको विदेशी गलैंचालाई फालेर भक्तपुरमै बुनेको सुकुल प्रयोग गर्ने अड्डी कसे, यसमा सफल पनि भए ।

जीटीजेडमा काम गर्दा तलबमान र अरु सुविधा नेपाल सरकारको उच्चपदस्थ पदाधिकारीको भन्दा बढी थियो । तर, यो संस्थामा समेत योजना र कामको बाँडफाँड भित्री मिलेमतोमा हुन्छ भन्ने पत्तो पाएर यो धन्दामा जोडिएका केही कर्मचारीको राजीनामा गराउन उनी सफल भए । तर, मौलिक सिर्जना र सम्पदाको काम गर्नका लागि तलब र काममा परनिर्भर रहनुपर्ने संस्थामा यसरी बसिरहन उनको मनले चाहेन, जीटीजेड छिरेको ४ वर्षमै उनी त्यहाँबाट बाहिर निस्किए ।

...

भक्तपुर आफैंमा पर्यटकीय सहर हो, अझ दत्तात्रय स्क्वायरको आकर्षण विशिष्ट छ नै । आफ्नो घर छिर्दा वा बाहिर निस्कँदा पनि विदेशी आगन्तुकसँग उनी ठोक्किरहन्थे । त्यही भएर अंग्रेजी वा जर्मन भाषाको बोलचाल बढ्दै गयो । यही क्रममा दत्तात्रय चोकमा जम्काभेट भएको थियो, एक अधबैंसे जर्मन नागरिक गियर्डसँग । बिस्तारै उनको घनिष्ठता बढ्दै गयो । जर्मनीको ब्रेमेन सहरबाट आएका गियर्ड रवीन्द्रका जर्मनीस्थित 'स्थानीय अभिभावक' बन्न तयार भए भने भक्तपुरमा रवीन्द्रको नमुना घरमा गियर्डका लागि एउटा कोठा छुट्टै बनेको थियो– सांकेतिक अपनत्वका खातिर ।

सन् १९८९ को जाडो महिना एक बिहानीमा संयोगले उनै गियर्डलाई मैले स्वयम्भू महाचैत्य प्रांगणमा भेटेको थिएँ। गियर्डले 'भक्तपुरमा एक उदाउँदो तारा छ, तिमीले भेट्नैपर्ने व्यक्ति छ' भनेर त्यो व्यक्तिका बारेमा सम्झाइबुझाइ गरेका थिए। गियर्ड फेरि अर्को वर्ष पनि आए र मलाई भक्तपुर लिएर गए। त्यहाँ उनले भेटाइदिए– रवीन्द्र पुरी।

संयोगले आफ्नो बल-बुद्धि-विवेक र धनसमेत खर्चेर रवीन्द्र पुरीले स्थापना गरेको सेवाभावको आरपी फाउन्डेसनले यो वर्ष एक दशकको उमेर पार गर्दै छ। सामान्यतया हेर्ने हो भने १० वर्षको उमेर के हो र ? कति हो र ?

दत्तात्रय स्क्वायर छेउमा रवीन्द्रको मूलघर रहेछ, आजको नमुना घरको पछाडि। उनी त्यो मुलघरको सानो झ्यालबाट दक्षिण दिशामा रहेको एउटा प्राचीन कलात्मक घरतिर हेर्दै 'त्यसलाई जीर्णोद्धार गर्न पाए नि हुन्थ्यो' भन्दै अनेक कल्पना गरिरहन्थे। त्यो पुरानो घर साँच्चिकै कुखुराको खोरमा सीमित थियो, तर रवीन्द्रका लागि त्यो घर सम्पदा, संरक्षण र संवर्द्धनको मुहान थियो।

त्यसबखत भक्तपुरमा मर्मत-सम्भार गर्न जर्मन नियोग निकै सक्रिय थियो। भक्तपुरे गल्लीहरुमा डाँची इँट छापिदिने, धेरै मठमन्दिरको रेट्रोफिट गरिदिने आदि काम जर्मन सहयोगबाटै सम्भव भएको थियो। भक्तपुरको नवदुर्गा मन्दिर नजिकै स्थायी रुपमा बस्दै आएका जर्मन आर्किटेक्ट हागमुलरको नेतृत्वमा पाटनको जीर्ण दरबार पुनर्निर्माण तथा संग्रहालय स्थानान्तरण गर्ने काम भैराखेको थियो। त्यही क्रममा पाटन दरबार संरक्षण-संवर्द्धनको सोही योजनामा रवीन्द्र पनि जोडिएका थिए। त्यसबाट पनि उनले आर्टिटेक्चर जगत्, पुनर्माण र रेट्रोफिटिङका धेरै व्यावहारिक मन्त्रहरु पत्तो पाए। त्यसबखत रवीन्द्रले सिर्जना गरेको बौद्ध महाचैत्यको नमुना (रेप्लिका) अहिले पनि पाटन म्युजियममा राखिएको छ।

...

खासमा पुरानो भत्केको घर पुनर्निर्माण गर्नु भनेको नयाँ घर बनाउनुभन्दा मुस्किलको काम हो। अनेक जोडबलले आँखै सामुको जीर्णकाय प्राचीन घर रवीन्द्रले किनेर छाडे, सन् १९९८ तिर। पुराना घरका पुराना सामान निकाल्ने, इँट उप्काउनेदेखि 'पौ चिगु' छाना राख्नेसम्मका काम निकै मुस्किलका थिए। त्यसबेला यी कालीगढी काममा सहयोगी एकजना पात्र राम आज पनि रवीन्द्रका आगन्तुकका लागि अतिथि सत्कार गर्न, छोइला-बजी ख्वाउन र नेवारी संस्कृति चिनाउन लागिरहेकै भेटिन्छन्।

यसरी झन्डै डेढ वर्ष लगाएर सबलीकरण भएको घरमा रवीन्द्रले 'इन्टेरियर डिजाइन' पनि प्राचीन शैलीमै गर्न सके। सयौं वर्ष पुराना बाजागाजा, तालाचाबीदेखि अइला पिउने पुराना सरसामान त्यहाँ राखियो। मल्लकालीन आर्किटेक्ट, खोपी, दलानहरु उभिए। त्यसपछि यो कुखुरा घरले 'मोडेल घर' को उपमा पायो, सम्पदा संरक्षण र संवर्द्धनका लागि उनी युनेस्कोबाट सम्मानित भए।

नामकाम उभिन थालेपछि यही नमुना घर हेर्न आएकी दर्शक-यात्रु मिन्दिरा गिरीसँग रवीन्द्रले घरजम गरे जो पछि गएर रवीन्द्रकी विद्यार्थीसमेत भइन्। उनी त्यसबखत भक्तपुरको स्कुल अफ आर्ट (काठमाडौं विश्वविद्यालय) मा अध्ययनरत थिइन्। त्यहाँ रवीन्द्र कला विषयका अध्यापक थिए। आज रवीन्द्र आफ्नो कर्मधर्ममा श्रीमती मिन्दिरासहित छोरी सम्पदा र छोरो संवर्द्धनका साथमा उसैगरी दिनरात जुटिरहेका भेटिन्छन्।

पुरी आफैंमा हेरिटेज-म्यान हुन्, हेरिटेजभित्रको एक विधामा पर्छ- आर्किटेक्ट। यो आर्किटेक्टमा 'संरक्षण र संवर्द्धन' को विषय मात्रै पर्दैन, बरू परम्परागत संगीत, कला, मूर्तिलगायत कुल-कुलायन, चालचलन, चाडपर्व, पहिरन, नवदुर्गा नाच आदि पनि पर्छन् जसमा रवीन्द्र हरसम्भव जोडिएका हुन्छन्।

...

संयोगले आफ्नो बल-बुद्धि-विवेक र धनसमेत खर्चेर रवीन्द्र पुरीले स्थापना गरेको सेवाभावको आरपी फाउन्डेसनले यो वर्ष एक दशकको उमेर पार गर्दै छ। सामान्यतया हेर्ने हो भने १० वर्षको उमेर के हो र ? कति हो र ? तर, केही गर्न चाहेमा र साँच्चै कर्मयोगी बन्न खोज्ने हो भने १० वर्ष पनि निकै धेरै समय हुनेरहेछ भन्ने रवीन्द्रका काम र आरपी फाउन्डेसनको चिनारीबाट पुष्टि भएको छ।

नेपाल-नेपालीले आफूलाई गरिब र विपन्न भन्दै देशदुनियाँमा 'बबुरोपना' देखाइरहेकोमा सम्पदाविद् रवीन्द्र पुरी कहिलेकाहीं अचाम्मित पनि हुन्छन्। 'विश्वमै अनुपम कला, संस्कृति र सम्पदाका धनी हामी के कुरामा गरिब ? किन गरिब ? कसरी गरिब ?' रवीन्द्र आफैंलाई प्रश्न गर्छन्, 'अमेरिका-युरोपका मानिसले पिज्जा र बर्गर खान नसिक्दै हामी सभ्यता-संस्कृतिका कुरामा कसैले नसोचेको 'धनी' थियौं, आज यसको जगेर्ना र संवर्द्धन हुन नसकेर मात्रै हाम्रो गरिबी देखिएको हो। गरिबी हातको रेखा वा भण्डारमा थुपारेको धन-सम्पत्तिले मात्रै मापन हुने हो ? बरू गरिबी भनेको हाम्रो सोचाइ हो, यसकारण आ-आफ्नो सोच बदलौं।'

(बज्राचार्य फोटो पत्रकार हुन्।)

The Seeds of Inspiration Planted by Rabindra Puri



Damodar Neupane

At a meeting in Singhadurbar, the topic of debate was the reconstruction of our heritage landmarks, Ranipokhari and the Kasthamandap. It was there, in a lounge, that I got to meet Mr. Rabindra Puri. Obviously I was acquainted with his name, but I found myself wondering how to describe him? Should I call him the heritage expert? Or the conservationist? I certainly knew that his field of expertise included these. Meanwhile both of us were introduced by Mr. Alok Siddhi Tuladhar, advocate of heritage conservation. Upon hearing my name, Mr. Puri responded that he reads my articles in Kantipur. At that time, I was writing on the issue of Bagdurbar. Puripointed out that Singhadurbar itself was being led to safety just because someone was writing about it. He said, "Devendraji saved Singhadurbar just through his writing" and added," now, because you are writing about Bagdurbar, it will also be saved."



Later I came to know that it was the same Rabindra Puri and Bhim Nepal who informed Devendra about the issues surrounding Singhadurbar. I requested Mr. Puri to raise his voice on the subject of Bagdurbar. After all, I was also searching for someone to quote for my article and felt thatPuri is the right person. Soon after that, I continued writing on the issue of conserving Bagdurbar. In this matter I got to talk to him once again on the phone and wrote afterwards.

Sometime later we met again in the canteen of a German language teaching institute in Thapathali. When I greeted him, he responded to me as to an unknown person. Once again I introduced myself to him. Those days I was still writing on Bagdurbar. For about a year the durbar stayed undestroyed, due to the articles written. But Mayor Bidhyasundar Shakya was adamant on destroying it. Feeling that now writing will be of no more benefit, efforts seeking intervention by the Supreme Court became the obvious way to go.A Writ of Public Concern got presented in the Supreme Court under the leadership of senior advocate Mr. Prakashmani Sharma. A need for written briefsby experts was expressed during the discussion held in court and for that some of us went to Puri's house in Bhaktapur to collect his viewsfor

presenting in court. This was my third meeting with Mr. Puri. I usually carry books with me and in that meeting, I gave him two books named, 'School Bechne Baalak' and 'Ambushmaa Chha Barsha'. He agreed to mail me his consent brief regarding Bagdurbar and then we left.

Puri is a winner of the UNESCO heritage conservation award. He renovated and restored a dilapidated antique farm house that was being used as a chicken coop to such a model of architecture and décor that the house became famous as 'Namuna Ghar'.

Puri is a winner of the UNESCO heritage conservation award. He renovated and restored a dilapidated antique farm house that was being used as a chicken coop to such a model of architecture and décor that the house became famous as "Namuna Ghar,"or Model House. He was given the UNESCO award on the basis of this house. If such a badly dilapidated house could be strengthened back to its present prestigious glory, then why wouldn't the samebe possible for Bagdurbar, which was not at all damaged? This same example was given by Puri in his consent letter. This last letter that reached the Supreme Court after all the debates and discussions were finished was successful in finally getting the interim order of the Court.

I started meeting Mr. Puri more frequently. We would get moved by his work, and he would be by ours. Even if we didn't meet personally, we would keep track of each other's whereabouts. He often said, ''Just two decades back, I was fighting alone to preserve our heritage. People hardly valued it, and it was too difficult to make them understand. Now, finding people like you gives me so muchpleasure." Hearing him share feelings like this, would in turn give pleasure to us.



He often shared with us the hardships he encountered during his work. In some places, he put his energy into a movement to build more schools,whereas in other places he worked on developing a model village. And he repeatedly would share with us the many adversities he had to face. One day a new problem came up. This time, too, he sought our help. With the support of the Municipality and Mines Operator, abulldozer wasgoing to be run in his ongoing Namunabasti project area in Sanga,causing destruction. Knowing this, advocate Ganapatilal Shrestha, Sanjay Adhikari and I followed Mr. Puri. First, we went to meet the Municipality head of Banepa. He said he was unaware of this fact. Soon later, there came the chief of that Ward. We found out that it was he who had given permission to run a bulldozer onPuri's land. As the conversation progressed, the Mayor also acknowledged that he gave the necessary engine oil as the Mines was ready to supply the bulldozer. Leaving the Mayor's office, then we went to see the Namuna Basti envisioned by Mr. Puri. We saw how pleasing that location was. Kathmandu Valley could be seen, BanepaValley could be seen, who would not be craving to reside in such a beautiful place? Puri shared his vision of developing avillage there with the houses all designed according to medieval architecture. The housing area was enclosed by walls already. He said that NRs 6 crores had been spent building the walls surrounding the area. The Namuna Basti housing would also include other cultural structures like traditional wells, ponds, chaitya, temples etc. Three houses were seen already built, each of two story, with folded traditional Jhingati roof. One house was of mud, one brick and the other one of stone.

We returned from there through Doleshwor. There we had another pleasing moment, seeing the Nepali architecture-based school he had built nearby.He had built the building



and handed it over to the school. But later the school had replaced the traditional Jhingati roof with simple corrugatedmetal sheet roofing. What could be said?

Upon reaching Bhaktapur, there too he showed us the houses he had built according to Nepali architecture. Visually these houses were simply pleasing to the eyes. He showed us his buildings in Naagpokhari. We also checked into that house whose picture was clicked by Tony Hagen, the person who introduced Nepal. The house is named the Tony Hagen house. Puri had bought that house and now displays in it various photos clicked by Hagen; he also runs the Heritage gallery there.

In one ropani of land, Puri and his team are building an attractive Nepal Vocational Academy. He explained to us that this academy's purpose is totrain workers skilled in constructing buildings using traditional materials. We got to know that a similar academy is already running in Panauti. Puri has a vision to develop this vocational academy to a grand university level. He has many visions for exciting projects that are yet to be realized. His vision for Panauti's success will be seen in the future. The antique durbar excavation works are going on there.Around Naagpokhari,Puri has plans to remodel the present houses to traditional architecture and name those according to the various names of naag serpents. We'll need to wait for few years to see the success of all these projects. However, looking at his already accomplished present works, our heart swells, as if to say – Amazing, that a single man can do so much! If the whole nation works like this, how greatthe achievements would be? If just a single Municipality takes upon itself this mission of preserving the Nepali spirit, how great that would be!

Puri has preserved our unique traditional architecture through his works. He signaled the hope to us that it is possible to build traditional architectural houses even amidst the rapidly urbanizing cities.

Visiting the model houses in Sanga I felt – would it not be wonderful to spread Nepali architecture like that we found there to all over Nepal? This is the hour of suffering, with attacks on Nepalese identity from every direction, be it a temple, or a durbar complex or a private house. After the earthquake, our traditional doublestory roof houses have been destroyed. The government permitted single story houses have been erected all over villages. What's the use of such uncomfortable houses? Thousands have used them as goat farms. Who will debate honestly on this topic? The houses that Puri made in local villagestyle, they didn't get destroyed by earthquake. They are the set examples that if one strongly builds traditional styled houses, they can stay completely preserved. The only person who has debated is Mr. Puri through media. We have greatly valued his ideas and printed them. A mass of people acknowledging his ideas has risen. But we have yet to see those masses implementing those ideas into reality. Puri has preserved our unique traditional architecture through his works. He signaled the hope to us that it is possible to build traditional architectural houses even amidst the rapidly urbanizing cities. If the present big housing companies would adopt this style of Mr. Puri, the Nepalese traditional identity would certainly be saved. The housing businesses would be economically flourishing simultaneously, preserving Nepalese tradition. His efforts made are the seeds planted for Nepalese tradition; these seeds should be spread widely all over the nation.

(Neupane is associated with Kantipur Daily)

रुचिका आधारमा रवीन्द्र पुरी एक सर्जक हुन् । जसरी एउटा कवि कल्पनाको उडान भरिरहेको हुन्छ, पुरी पनि सिर्जनाको उपक्रम गरिरहेका हुन्छन् ।



सम्पदा-संवर्द्धनका अभियन्ता

शेखर खरेल

संवत् २०७२ को महाभूकम्पका दृश्यहरु पत्रपत्रिका, अनलाइन र टेलिभिजनको पर्दाबाहेक प्रत्यक्ष रुपमा मैले पहिलोपल्ट भक्तपुरमा देखे । आफू बस्ने नयाँ बानेश्वर, शंखमूलबाट फुत्त केही मिनेटको वाग्मती नदी पारिको पाटन अनि काठमाडौं वसन्तपुर क्षेत्रको बदला मैले सबैभन्दा पहिले भक्तपुर नै हेर्न रोजें । काठमाडौं उपत्यकाको सबैभन्दा प्राचीन र वैभवशाली सहर भक्तपुरमाथि भूकम्पको कस्तो प्रहार रहृयो, मेरो मनमा भय र कौतूहलले बयली खेलिरहेको थियो ।

भक्तपुर हेर्ने उद्देश्यका साथ श्रीमती र छोराहरुसहित बिल्कुल फरक मनोदसाका साथ घरबाट निस्के । भक्तपुर नाम सुन्नेबित्तिकै छोराहरु फुरूंग हुन्छन् । किनकि, भक्तपुरको 'भेन्यु' सँगै 'मेनु' पनि जोडिएको हुन्छ, उनीहरुका लागि । इँटा र ढुंगा छापिएका गल्ली, प्राचीन स्मारक र घर वरपर विचरण गर्दा उनीहरु जति आनन्दित हुन्छन्, खाट्टी भुटेको तोरीको तेल र मसलामा मुछिएका छोयला र जुजु धौको कल्पनाले मात्र पनि रोमाञ्चित बन्छन् । सम्पदा संरक्षक र संवर्द्धक रवीन्द्र पुरी मेरो मित्रतासँगै मेरा छोराहरुका आत्मीयतामा पनि गाँसिएका छन् । त्यसैले भक्तपुर घुमघामको अर्थ सहरको विचरण मात्र नभएर मित्र रवीन्द्रको सौजन्यता पनि रहन्छ ।

तर, हामी यसपल्ट भने न त पुरीको निम्तोमा भक्तपुर जाँदै थियौं, न त हामी आउँदै छौं भनेर छोयला-बजी र जुजु धौको अव्यक्त फरमाइस गर्ने सुविधामा थियौं । हामी जब जगातेबाट देब्रे मोडिँदै कमलविनायक बसपार्क छेउ पुग्यौं, मन एकाएक भारी हुन थाल्यो । सडक किनार गाडी पार्क गरेर पूर्वी ढोकाबाट सहर छिर्दै गर्दा त्यो वस्ती कम युद्ध मैदान बढी प्रतीत हुन्थ्यो । ढोकाबाट छिर्नेबित्तिकै बस्तीको जीवन्ततामा हामी प्रवेश गरिसकेका हुन्थ्यौं त्यसअघिसम्म । ढोका प्रवेशसँगै एक वृद्ध वृत्ताकार फराकिलो माटाको भाँडामा भुसको भुंग्रोमा कुखुराका अण्डा पोलिरहेका हुन्थे । छोराहरु ती अण्डा देख्दा रोमाञ्चित हुन्थे र सकेजति अण्डा तात्तातै कपाकप पार्दथे । तर, यस पटक भने न त्यहाँ सग्ला घरहरु बचेका थिए, न त ती वृद्ध नै अण्डासहित उपस्थित थिए । काठ, इँटा र माटाका थुप्राले भरिएका साँघुरा बाटा छिचोल्दै हामी भक्तपुर दरबार क्षेत्र पुग्यौं । भूकम्पले निजी घरमाथि जति क्षति पुऱ्याएको थियो, त्यसको तुलनामा धार्मिक र प्राचीन सम्पदामाथिको क्षति कम देखिन्थ्यो । बेलैमा जीर्णोद्धार भएका कारण कोत रहेको पुरानो दरवार, पचपन्न झ्याले दरबार, न्यातपोल, पाटी र सत्तलहरुमा नगन्य वा न्यून क्षति देखिन्थ्यो, बरू दरबार क्षेत्रका चारधाम,





वत्सलादेवी मन्दिर, फसी देग मन्दिर भुइँचालोले सोत्तर बनाएका थिए । संयोगवश दरबार क्षेत्रमै भेटिए रवीन्द्र पुरी । उनी स्वतःस्फूर्त रुपमा सम्पदा संरक्षणका लागि अग्रसर स्थानीय समुदायको नेतृत्व गरिरहेका थिए । साथै, भूकम्पले सम्पदामाथि पारेको क्षतिबारे समाचार संकलनका लागि आएका विदेशी सञ्चारमाध्यमलाई जानकारी दिइरहेका थिए । भूकम्पपछिको सम्पदा संरक्षणका लागि भक्तपुरवासी स्वतःस्फूर्त जुटेका थिए । प्राचीन स्मारक भत्केर झरेका इँटा, कलात्मक ढुंगा, टुँडाल, झ्याल, ढोकाहरु उनीहरुले मानवसाङ्लो बनाउँदै सुरक्षित भण्डारण गरेका थिए । पुरीको चिन्ता पनि भत्किएर जतातै थुप्रिएका सामग्री कसरी कमभन्दा कम झतिमा भण्डारण गर्ने भन्ने थियो, ताकि पुनर्निर्माणका बेला ती मौलिक सामग्री नै पुनर्प्रयोग गर्न सकियोस् ।

धार्मिक एवं सार्वजनिक स्मारक र सम्पदा संरक्षणमा सरकारी चासो देखिए तापनि उत्ति नै पुरातात्विक महत्वका शताब्दीयौं पुराना निजी घरको संरक्षणतर्फ राज्यको तदारूकता देखिएको थिएन । चर्किएका वा भत्किन ठीक परेका घर जबर्जस्ती डोजर वा सैनिक लगाएर डोरी बाँधेर भत्काउन सुरू गरिएको थियो । जसका कारण, ती घर माटो र चोकरको रासमा परिणत हुन्थे र त्यसलाई ट्रकमा हालेर मिल्काइन्थे । सम्पदाको महत्व बुझेका पुरी सरकारको यस्तो अविवेकी हस्तक्षेपको प्रतिरोध निम्ति आफैं मैदानमा उत्रिएका थिए र उनी स्थानीयलाई पनि आन्दोलित गराउँदै थिए । परिणामतः ती घरबाट इँटा, टायल र काठ जोगाइने प्रकारले भत्काउन थालिएका थिए ।

> काठ, इँटा र माटाका थुप्राले भरिएका साँघुरा बाटा छिचोल्दै हामी भक्तपुर दरबार क्षेत्र पुग्यौं । भूकम्पले निजी घरमाथि जति क्षति पुऱ्याएको थियो, त्यसको तुलनामा धार्मिक र प्राचीन सम्पदामाथिको क्षति कम देखिन्थ्यो ।

संयोगवश, पुरीको निजी घर संरक्षणको अभियानमा म पनि जोडिएँ । भक्तपुर नवदुर्गा मन्दिर सामुन्नेको मल्लकालीन प्राचीन बस्ती गछेँ भूकम्पका कारण क्षतविक्षत बनेको थियो । धुजा-धुजा परेर भत्कन ठीक परेका गछेँका दस निजी घर संरक्षण निम्ति उनले आफ्नै पहलमा स्रोत जुटाए । टोलकै एक ग्यारेज सञ्चालकसँग घरबाट निस्कने इँटा, टुँडाल, झ्याल-ढोका आदि भण्डारण निम्ति गोदाम उपलब्ध

गराउन अनुरोध गरे । जननिर्वाचित स्थानीय निकाय नरहेकाले उनले नगरपालिका, पुरातत्व र जिल्ला प्रशासन कार्यालयसँग यस कार्यनिम्ति संयोजन गर्दै अनुमति प्राप्त गरे । उनको यस सत् प्रयासबाट स्थानीय घरधनीलाई राहत मिल्यो । गछेँका निजी घर भत्काउँदै ती घरवाट प्राप्त हुने एक-एक इँटा र काठका टुक्राको लगत राख्दै भण्डारण गर्ने कार्यको संयोजनको सौभाग्य मैले पाएँ । यस कार्य निम्ति करिब चार महिना म भक्तपुरमा खटिएँ । अहिले ती दसमध्येका चार घर मौलिक स्वरुपमै पुनर्निर्माणको तयारीमा छन् ।

जसरी एउटा कवि कल्पनाको उडान भरिरहेको हुन्छ, पुरी पनि सिर्जनाको उपक्रम गरिरहेका हुन्छन् । उनको सिर्जना अनेकौं आयाम र आयतनमा फैलिएका छन् । विद्यालय शिक्षापछि कानुन पढ्नका लागि उनीमाथि घरको दबाब थियो ।

स्रष्टासँगै द्रष्टा

रूचिका आधारमा रवीन्द्र पुरी एक सर्जक हुन् । जसरी एउटा कवि कल्पनाको उडान भरिरहेको हुन्छ, पुरी पनि सिर्जनाको उपक्रम गरिरहेका हुन्छन् । उनको सिर्जना अनेकौं आयाम र आयतनमा फैलिएका छन् । विद्यालय शिक्षापछि कानुन पढ् नका लागि उनीमाथि घरको दबाब थियो । तर, उनले आफ्नो रूचिलाई तिलाञ्जली दिन चाहेनन् । त्यसैले उनले कानुनको अध्ययनसँगै कला पनि पढ्न थाले । तर, कलालाई कसरी व्यवस्थित गर्ने भन्नेबारे उनी उत्तिकै सचेत रहे । जर्मनीमा उच्च शिक्षाको अवसरलाई उनले विकास नीति र व्यवस्थापनको अध्ययनमा सदुपयोग गरे । मनमा कलाको उडान र मस्तिष्कमा व्यवस्थापकीय बुद्धिमत्ताका कारण नै उनका सोच उडन्ते वा रूमानी हुँदैनन् । आफ्ना कल्पनालाई एउटा रणनीतिक कार्यप्रणाली मार्फत उनी आकार दिइरहेका हुन्छन् । सम्पदा संरक्षण र परम्परागत मौलिक निर्माणको मुख्य चुनौती दक्ष र सीपयुक्त कालीगढ बुझेका उनले सीपमूलक तालिम निम्ति पनौती र भक्तपुरमा प्राविधिक शिक्षालय स्थापना गरिसकेका छन् । अझ आफ्नो कामलाई व्यवस्थित र व्यावसायिक बनाउने उद्देश्यले पुरीले आफ्नै नाममा 'रवीन्द्र पुरी फाउन्डेसन' नाममा एक गैरनाफामुखी संस्था सञ्चालन गर्दै आएका छन् । परिणामतः उनका काम दिगो र दूरगामी प्रभावका देखिएका छन् । सन् २००४ मा नमुना घरबाट आरम्भित उनको सम्पदा संरक्षण अभियानले मात्र डेढ दशकको अवधिमा सत्तरीभन्दा बढी सम्पदा संरक्षण र संवर्द्धनको कोसेढुंगा पार गरिसकेको छ ।

मूलधारबाट अलग

विकासका र आधुनिकताका नाममा पश्चिमेली जीवनशैलीको अन्ध अनुकरण भइरहेको बेला रवीन्द्र पुरीले नेपाली मौलिकताभित्र आफ्नो पहिचान खोजेका छन् । अरुले जस्तै कंक्रिटका टावर र पश्चिमेली जीवनपद्धतिलाई उनले पनि आफ्नो जिजीविषा बनाएका भए उनी व्यक्तिगत रुपमा समृद्ध त हुन सक्थे, हाम्रा मौलिक वास्तुकला र सम्पदा संरक्षणका लागि फेरि विदेशीसामु नै सहयोगको पुकारा गर्न'पर्दथ्यो । आज पुरीको नेतृत्वमा रवीन्द्र पुरी फाउन्डेसन मातहत मात्र छ सयभन्दा बढी बेतनभोगी दक्ष शिल्पी सम्पदा संरक्षण र संवर्द्धनको अभियानमा



होमिएका छन् । उनीसँगको सहकार्य र प्राविधिक शिक्षालयबाट दीक्षित हजारौं शिल्पी मौलिक वास्तुकलाको संरक्षणसँगै आफ्नो रोजगारी सुरक्षित राख्न सफल भएका छन् ।



'द रोड नट टेकेन' भने जसरी पुरी अरुले बनाएको राजमार्गमा दौडिनभन्दा पनि आफैं नै मौलिक पहिचानको गोरेटो बनाउनमा दत्तचित्त रहे । त्यसैले पुरीले हिँडेको बाटो मूलधारभन्दा पनि अलग तर मौलिक धार हो । जस्तै, देशमा एलोपेथिक चिकित्साविधिमा खर्बौं लगानी भइरहेको बेला उनी होमियोपेथिक र आयुर्वेद चिकित्साविधिको प्रवर्द्धनमा होमिएका छन् । होमियोप्याथीको कलेज र उपचार केन्द्र खुलिसकेको छ भने आयुर्वेद शिक्षण प्रतिष्ठान स्थापना हुने क्रममा छ । यसैगरी, नेपाली मौलिक वास्तुकला मात्र नभएर आफूले निर्माण गर्ने सार्वजनिक तथा निजी संरचनामा उनी उपलब्ध भएसम्म मौलिक र स्थानीय निर्माण सामग्री नै प्रयोग गरिरहेका हुन्छन् । ती संरचनामा ऊर्जा खपतका लागि उनी महँगो मूल्य चुकाउनुपर्ने पेट्रोलियम र विद्युत्भन्दा पनि सौर्य र नवकरणीय ऊर्जा प्रयोग गरिरहेका हुन्छन् ।

समभाव र सहअनुभूति

सम्पदा संरक्षणका काम सरसर्ती हेर्दा रवीन्द्र पुरी ढुंगा र माटो अनि इँट र काठसँग खेलिरहेका जस्ता देखिन्छन् । सुन्दर र आह्लादकारी संरचना पुरीका स्वरुप वा आकृतिजन्य सिर्जना हुन् । तर, ती प्रत्येक सिर्जनामा भित्र पस्ने हो भने तिनको अन्तर्यमा मानवीयता अनुभूत गर्न सकिन्छ । होमियोपेथिक र आयुर्वेदजस्ता वैकल्पिक चिकित्साविधिको प्रवर्द्धन मानवीय सेवासँग सम्बन्धित छ । उनले निर्माण वा पुनर्निर्माण गरेका आधाभन्दा बढी संरचना प्रत्यक्ष रुपमा लोकहित निम्ति समर्पित छ । उदाहरणका लागि, पुरीले मुलुकका ७७ वटै जिल्लाका दुर्गम क्षेत्रमा सार्वजनिक विद्यालय निर्माणको अभियान सुरू गरिसकेका छन् । हालसम्म उनले आफ्नै सम्पर्कवट स्रोत जुटाएर काभ्रेपलाञ्चोक, रामेछाप, भक्तपुर, गोरखा र नवलपरासीमा एक दर्जन मौलिक स्वरुपका विद्यालय भवन निर्माण गरिसकेका छन् ।

> एकपल्ट पुरी साँखुस्थित शिवालय पुनर्निर्माण गर्दै थिए । शिवालयको जग खोतल्दै जाँदा उनले त्यहाँ नागका रंगीचंगी अण्डाहरु देखे । उनले ती अण्डालाई नचलाई कुनै हानि नपुग्ने प्रकारले शिवालयको पुनर्निर्माण गरे ।

मानिसप्रति मात्र नभएर प्रकृति र पृथ्वीका जीवजन्तुप्रति पनि उनको समभाव देख्दा म अचम्भित परेको छु । एकपल्ट पुरी साँखुस्थित शिवालय पुनर्निर्माण गर्दै थिए । शिवालयको जग खोतल्दै जाँदा उनले त्यहाँ नागका रंगीचंगी अण्डाहरु देखे । उनले ती अण्डालाई नचलाई कुनै हानि नपुग्ने प्रकारले शिवालयको पुनर्निर्माण गरे । आफ्नो काममा उनी यतिसम्म संवेदनशील बने कि, जगको पिँधको अण्डासम्म नागलाई पुग्न सहज होस् भनेर पुरीले ढुंगाको गारो उठाउँदा नाग छिर्नका निम्ति दुलो बनाउँदै गए र त्यस दुलोमा नागको छाला नकोरियोस् भनेर हल्का बालुवाले भरिदिए । चाहे मानिस हुन् वा जीवजन्तु पुरी सह-अस्तित्वमा बाँच्न रमाउँछन् । आफ्ना परिवार, इष्टमित्र, सहकर्मी र कामदार सबैप्रति समभाव राख्दछन् । र, सबैभन्दा महत्वपूर्णचाहिँ, उनी स्रोत र सुविधासम्पन्नभन्दा पनि अभावग्रस्त तथा निस्सहायप्रति सहानुभूति (सिम्पेथी) मात्र नभएर सहअनुभूति (इम्पेथी) राख्छन् । उनले स्थापना गरेका वैकल्पिक चिकित्सा केन्द्र, वृद्धाश्रम र अनाथाश्रम (पनौतीस्थित रंगीन घर), मस्कुलर डिस्ट्रोफीपीडित बालबालिका पुनःस्थापना घर, विद्यालय आदि यसैका नमुना हुन् । नमुना घरबाट सुरू उनको सम्पदा संरक्षण र संवर्द्धनको यात्राले दुई दशक पार गर्दै गर्दा धेरै मन र मुटु छोइसकेको छ ।

(खरेल स्वतन्त्र लेखक तथा पत्रकार हुन् ।)



तेम्बाथानमा ‘नमुना घर’

विमल खतिवडा

जुगल गाउँपालिका ३ स्थित तेम्बाथानका मिङमार शेर्पाको घर गाउँमा अन्यको भन्दा फरक छ। घर ठूलो छ। झ्यालढोका धेरै छन्। माटो र ढुंगाबाट घर ठडिएको छ। भूकम्प गएदेखि टहरोमा बस्दै आएका उनी अहिले नयाँ घरमा सर्ने तयारी गर्दै छन्। ‘टहरोमा धेरै बसियो,’ उनले भने,‘ अब नयाँ घरमा सर्दै छौं।’ घर निर्माणको काम मंसिरमा सुरू गरे। पुस अन्तिममा निर्माण सकियो। ‘पहिलाभन्दा अहिले ठूलो घर बनेको छ,’ उनले भने,‘ ढुंगाको छानो हाल्ने कुरा भए पनि संस्थाबाट जस्ता किन्ने पैसा पाएपछि त्यही हाल्यौं।’ उनका अनुसार घर भूकम्प प्रतिरोधी बनेको छ। परिवार ४ जनाको छ। आडैमा लाक्पा शेर्पाको घर उनको जस्तै छ। फरक उनको घरको छाना रातो, लाक्पाको नीलो छ। ‘घर बनाउन



साढे ४ लाख खर्च भयो,' लाक्पाले भने, 'खर्च स्वीस संस्थामार्फत पायौं ।' भूकम्पले भत्किएका अधिकांश घर ठडिसकेका छन् । केही ठडिँदै छन् ।

१ सय ६० मध्ये १ सय ५० घर भूकम्पले भत्किए । भूकम्पपछि गाउँमा फरक खालका घर बने । सरकारमार्फत सहयोग लिनेहरुले घर ठड्याइसके । स्वीस संस्थामार्फत सहयोग लिनेहरु धमाधम बनाउँदै छन् । 'आर्थिक अवस्था कमजोर, भूकम्प प्रभावितमा नाम नपरेका र सरकारबाट सहयोग नपाएकालाई घर बनाउन स्वीस संस्थाले ४ लाख ५० हजार दिएको छ,' मुख्य सिकर्मीको रुपमा काम गरिरहेका जाङ्बु शेर्पाले भने, 'यसरी सहयोग पाएर बनेका घर अरुभन्दा भिन्न छन् ।' उनका अनुसार ठूलो घरको भुइँतलामा ८ वटा झ्याल र २ वटा ढोका हुन्छन् । माथिल्लो तलामा पनि त्यति नै संख्यामा झ्याल र एउटा ढोका हुन्छ ।

सानो घरमा २/२ वटा झ्याल र २ ढोका हुनेछ । सानो घर बनाउनका लागि स्वीस संस्थामार्फत ३ लाख सहयोग उपलब्ध भएको छ । सम्पदाविद् रवीन्द्र पुरीका अनुसार ०७३ वैशाखमा गाउँका ३० जनालाई डेढमहिने सिकर्मी र डकर्मीसम्बन्धी तालिम दिइयो । नेपाल भोकेसनल एकेडेमी पनौती काभ्रे लगेर २० जनालाई डकर्मी र १० जनालाई सिकर्मीको तालिम दिइएको हो ।

सम्पदाविद् रवीन्द्र पुरीका अनुसार ०७३ वैशाखमा तेम्बाथान गाउँका ३० जनालाई डेढमहिने सिकर्मी र डकर्मीसम्बन्धी तालिम दिइयो । नेपाल भोकेसनल एकेडेमी पनौती काभ्रे लगेर २० जनालाई डकर्मी र १० जनालाई सिकर्मीको तालिम दिइएको हो ।

अहिले उनीहरुले गाउँमा घर र झ्यालढोका बनाउने काम गर्दै आएका छन् । काम गर्न भ्याईनभ्याई छ । काठ जसको घर बन्दै छ, उसैले ब्यवस्था गर्नुपर्ने हुन्छ । 'हामीले भूकम्प प्रतिरोधी ढुंगा, माटो र काठबाट पुरानो शैलीको घर बनाउन खोजेका हौं,' सम्पदाविद् पुरीले भने,' तीन घर मात्र ढुंगाले छाइएको छ, अरु घरमा जस्ता राखिएको छ, फेरि बन्न लागेका घरमा ढुंगाको छानो राख्ने तयारीमा छौं ।' उनले केही समयपछि तेम्बाथान पुगेर घरको अवस्था बुझ्ने र ढुंगाको छानो हाल्न सल्लाह दिने बताए । उनका अनुसार ४२ नमुना घर बनाउने योजना हो ।

ढुंगाको छाना होस् वा जस्ताको । घरको स्वरुप फरक देखिएको छ । बुट्टे झ्यालले आकर्षण थपेको छ । 'चाहना तेम्बाथानमा नमुना घर बनुन् भन्ने हो,' उनले भने,' ढुंगाको छानो राख्न गाउँपालिकाले पनि स्थानीयलाई सचेत गराए राम्रो हुने थियो ।' नमुना घर बने गाउँमा आउने आन्तरिक तथा बाह्य पर्यटक लोभिने थिए । घर पुनर्निर्माण प्राधिकरणको मापदण्डअनुसार नै बनेका हुन् । डकर्मीको काम गर्दै आएका तेन्जिन शेर्पाका अनुसार १५ वटा घर बनिसकेका छन् ।

थप १५ वटा बन्दै छन् । सिकर्मी/डकर्मीको तालिम ३० जनाले लिए पनि अहिले काम गर्ने १५ जना छन् । सिकर्मी जाङ्बुको नेतृत्वमा ७ र डकर्मी तेन्जिनको नेतृत्वमा ६ जना छन् । एउटा घर तयार हुन एक महिना लाग्छ । यो गाउँ पुग्न चौताराबाट २ दिन लाग्छ । यहाँ शेर्पा समुदायको बसोबास बाक्लो छ । घर निर्माणको ठेक्का तालिम लिएकाहरुले नै लिन्छन् । जसको घर हो, उसले श्रमदान गर्छन् । स्वीस संस्थामार्फत आएको सहयोगले नपुग्नेले ऋण गरेर पनि घर निर्माण पूरा गर्ने गरेका छन् ।

(पत्रकार खतिवडाले २०७५ माघमा तेम्बाथानमा गरेको स्थलगत भ्रमण आधारमा तयार पारिएको रिपोर्ट)



We Care, We Support !

Shree Shankar Pradhananga



During my service with SOS Children's Villages Nepal for last 38 years (1980 t0 2018) I found allthe children and young people of SOS Children's Villages have their dreams,aims and wishes to be a successful person like any child in the society. Trained SOS Mothers and counsellors motivate and guide them to have more pragmatic dreams and aims in their lives to start a career to support themselves after the integration from SOS Children's Village.

Prof. Hermann Gmeiner, the founder of SOS Children's Villages believes that "All the children of this world are our children". Addressing children as orphaned, poor or abandoned is a discriminatory approach. All the children of this world have the right to education, health, protection and participation.

Rangeen Homes as dreamed by Mr. Rabindra Puri, the Chairman of RP Foundation is a bunch of homes for children, single women, elderly people and differently abled children and adults. Presently a children home is in operation since March 2019. There are 46 children in the children home. Most of these children have lost both the parents or single parents. By the year 2077 we are planning to serve 60 children in the children's home. Children home supports the children under its care until they complete their education/vocational training to support themselves.

Second home for single women is under construction now. Within one year we are planning to bring home single women who are widows or separated. We train them with vocational skills to support themselves to live a dignified life.





Establishment of home for elderly people and differently abled children and adults are in our long term plan pipeline.

We have not been able to give adequate support to the needy children in Nepal. The population of children is 40% of our total population of Nepal. If we look into the plans and budget allocation for the growth and development of children in Nepal it is very insignificant. Nepal Children Organization has a nationwide network in almost all the districts of Nepal. But its activities are very limited to preschool education for handful of children in its locations. Now it is high time that the local government entities invest the major portion of their budgets for the education, protection and development of children. More we invest for the children of today, more we will have capable and contributing youths for tomorrow for the growth and development of our country.

(Mr. Pradhananga is former Country Director of SOS Nepal & presently advisor to Rangeen Homes)

सरोकार

पाषाणकालिन इतिहासको शोध

डा.गुर्डुन कर्भिनस एक जर्मन अनुसन्धानविद् हुन् । नेपालको दाङ-देउखुरी उपत्यकामा उनले झन्डै २ दशकको समय बिताएकी थिइन्– पाषाणकालीन युगबारेको उत्खनन र शोधखोजमा । उनी सन् १९८३ देखिका झन्डै २० वर्षसम्म दाङ-देउखुरी, चुरे क्षेत्रकै फिल्डवर्कमा जुटिरहिन् । उनले मानव सभ्यताको सुरूआत (ढुंगे युग) बारेमा गरेको प्रामाणिक शोधखोजको प्रमाण र सामग्री अहिले पनि छाउनीस्थित राष्ट्रिय संग्रहालयमा थन्किएर बसेको छ ।




डा.गुर्डुन एकदमै आधिकारिक र तथ्यपरक अनुसन्धानविद् हुन् । हाम्रै दाङ-देउखुरीदेखि सप्तरीसम्मको उत्खनन र भेटिएको प्रमाणका आधारमा हाम्रो धरातलको मानव सभ्यता विकासक्रमको तस्बिर आउँछ । तर, यो इतिहास र उत्खनन हामीले अरुलाई बुझाउन त सकेनौं नै, आफैंले पनि बुझेका छैनौं । डा.गुर्डुन कर्भिनसको २००६, जनवरी १ मा भारतको पुनामा हत्या गरिएको थियो ।

सबैभन्दा महत्वपूर्ण पक्ष के भने 'प्रिहिस्टोरिक कल्चर्स इन नेपाल' शीर्षकमा डा. गुर्डुनले लेखेको दुई भागको बृहत् शोधमूलक पुस्तक उनको निधनपछि मात्रै २००७ मा जर्मनीबाट प्रकाशित भयो । उनको शोध-अनुसन्धानमाथिको सरोकार मात्रै होइन, उनको पुस्तकसमेत नेपालमा अप्राप्य छ ।







म्युजियम अफ स्टोलन आर्टस्

‘द म्युजियम अफ स्टोलन आर्ट्स’ पनि मिसन-पनौतीभित्रकै एउटा अभिन्न अभियान हो । हाल निर्माणाधीन रहेको म्युजियम अफ स्टोलन आर्टस् सन् २०२२ डिसेम्बर ३१ देखि सञ्चालनमा ल्याउने योजना छ । यो म्युजियमले नेपालबाट हराएका अथवा चोरिएर बाहिरी मुलुकमा लगिएका एतिहासिक सम्पदाको प्रतिलिपिमार्फत सचेतनासहित संरक्षण गर्नेछ । पहिलो चरणमा नेपालबाट चोरेर लगिएका विशिष्ट महत्वका ५० वटा सम्पदा तथा सृजनाको प्रतिलिपि म्युजियममा राखिने भएको छ। चोरी भएका यी सम्पदाहरु बाहिरी देशका विभिन्न संग्रहालय अथवा व्यक्तिगत संग्रहमा समेत राखिएको छ। तर, यी बहुमूल्य सम्पदाबारे धेरैजना बेखबर छन् अथवा जानकार रहेरै पनि आफ्नो सम्पत्ति घर फर्काउने कुरामा मौनप्रायः छन् । यसका लागि नैतिक, मानसिक र प्रशासनिक दबाब थप्नका लागि पनि चोरिएका सम्पदाको सग्रहालय परिकल्पना गरिएको हो । हाम्रो सांस्कृतिक सम्पदाको वैभव र इतिहासबारे बाहिरी विश्वलाई जानकारी गराउन पनि ‘द म्युजियम अफ स्टोलन आर्टस्’ को स्थापना आफैंमा एउटा महत्वपूर्ण अभियान बन्नेछ भन्ने आरपी फाउन्डेसनको अठोट छ ।

हाल पनौतीमा निर्माणाधीन यो म्युजियममा नेपालबाट हराएका र चोरिएकामध्ये ५० वटा मूर्तिहरुको प्रतिरुप राखिनेछ । यसमध्ये हाल २७ वटाको निर्माण सम्पन्न भैसकेको र हाललाई भक्तपुरस्थित हेरिटेज ग्यालरीमा प्रदर्शनीको लागि राखिएको छ । यी सम्पदाजन्य मूर्तिको प्रतिरुप भारतका स्थापित मूर्तिकार तिमिरका नेतृत्वमा ११ जना नेपाली र भारतीय कलाकर्मीले कुँदेका हुन् ।





म्युजियमका परिकल्पनाकार रविन्द्र

Museum of Stolen Arts




The Museum of Stolen Arts is also an integral element of Mission Panauti project, which is planned to be inaugurated on December 31st 2022. The museum is aimed to preserve the traditional arts and monuments of Nepal by raising awareness regarding the lost or stolen arts of Nepal. As an initial step, firstly the museum will be displaying the replicas of various 50 stolen stone images of Nepal. Such images either become a decoration piece for private houses in foreign nations or a display piece of museums in foreign lands. Many Nepalese are unaware of this sad trend of Nepalese arts trafficking, or some Nepalese even if aware of this, choose to remain silent and carefree. Thus, this museum has been envisioned to create a social, ethical, administrative pressure to all national international authorities to end this ill trend of losing one's heritage. Moreover, the museum will also prove to be an aid to introduce the legacy of rich cultural heritages of Nepal. At present, out of the first 50 replicas of stolen images to be displayed in Museum, 27 have been completed and is displayed/exhibited in Heritage Gallery, Bhaktapur until the museum is completed. From 2023 AD, all of these will be on continual display. All of these art works for the museum have been made under the leadership of a renowned stone artist Mr. Timir Nashan Ojha with his team of 11 Nepalese and Indian stone carvers.



चोरिएका मुर्तीको कथा

आधिकारिक वृत्तान्त : 'स्टोलन इमेजेज अफ नेपाल'



–सन् १९८२ मा धुलिखेलको बोटोटोलबाट बाह्रौं शताब्दीमा बनेको उमामहेश्वरको मूर्ति हरायो । हराएको ३ वर्षपछि त्यो मुर्ति जर्मनीको बर्लिन सहरको एक संग्रहालयमा भेटिएपछि मात्रै मूर्तिको आधिकारिकता पुष्टि भयो । बर्लिनका एक आर्ट डिलरले उक्त मूर्ति १ करोड रूपैयाँमा संग्रहालयलाई बिक्री गरेको सूचना पछि मात्रै सार्वजनिक भएको थियो । उक्त मूर्तिलाई अहिले पाटन संग्रहालयको दोस्रो तलामा राखिएको छ ।

–पाटनको नारायण मन्दिरबाट ३५ वर्षअघि चोरिएको पुरातात्विक महत्वको 'वासुदेव-कमलाजा मुर्ति' गत नोभेम्बर महिनायता अमेरिकाको टेक्सास राज्यस्थित डल्लास म्युजियम अफ आर्टमा प्रदर्शनीमा राखिएको छ । सन् १९८९ मा प्रकाशित लैनसिंह बाङ्देलको 'स्टोलन इमेजेज अफ नेपाल' (पृष्ठ २४८) मा समेत उल्लेख भएको यो मूर्ति सन् १९८४ मा चोरिएको जनाइएको छ । यो मूर्तिमा 'एउटै आकृतिमा देब्रेतर्फ विष्णु (नारायण) र दायाँपट्टि अर्धलक्ष्मीको आकृति छ ।

–चाँगुनारायण मन्दिर परिसरबाटै ०३१ सालमा ढलौटको कृष्णको मूर्ति हरायो । फेरि ०३३ सालमा पनि किलेश्वर महादेवको ७ सय ९२ तोला चाँदीको मूर्ति चोरियो । तर, ४० वर्ष बितिसक्दा पनि ती मूर्तिहरु नभेटिएपछि अहिले त्यसको प्रतिलिपि बनाएर मन्दिरमा राखिएको छ ।

–मध्यपुर थिमि नगरपालिका-४, दिगुटोलबाट ०७२ पुस २ गते राति १७ औं शताब्दीको ऐतिहासिक दिगु भैरव मन्दिरको मूर्ति चोरी भयो । मूल देवताको रुपमा पुजिँदै आएको दिगु भैरव अर्थात प्रचण्ड भैरव मन्दिरको सुनको जलप लगाएको धातुको मूर्ति चोरी भएको ४ वर्षसम्म पनि फेला परेको छैन । बालकुमारी जात्रा सञ्चालनमा अनिवार्य रहेको दिगु भैरव मन्दिरको मूर्ति प्रतिलिपि बनाएर जात्रा सञ्चालन गरिँदै छ ।

–सन् १९८५ अप्रिलमा पाटनको कुम्भेश्वर मुन्तिबाही चैत्यबाट छैटौं शताब्दीमा बनेको 'बसिरहेका बुद्ध' को मूर्ति चोरी भएको थियो ।

–सन् १०८३ मा बनेको सूर्य भगवान्को मूर्ति पाटनको सौगालबाट सन् १९८५ मा हराएको थियो ।

–ललितपुरको टंगालहिटीबाट सन् १९८० मा हराएको बसेको उमामहेश्वरको मूर्ति र काठमाडौं, यट्खाबाट सन् १९८६ मा हराएको स्थानक बुद्धको मूर्ति सन् २०१८ को अन्त्यमा मात्रै नेपाल फर्काउने काम भयो, फर्काइएका मूर्तिहरु छाउनी संग्रहालयमा राखिएको छ ।

यी त केही उदाहरण मात्रै हुन् । नेपालबाट ऐतिहासिक र सम्पदा मूल्यका के-कति मूर्तिहरु हराएका छन् भन्ने तथ्य-तथ्यांक स्वयम् नेपाल सरकार, संस्कृति मन्त्रालय वा पुरातत्व बिभागसँग पनि रहेको छैन । बरू कहींकतै बाहिरी विश्वमा कला वा मूर्ति प्रदर्शनी क्रममा 'नेपालबाट लगिएको' भन्ने किसिमको सूचना चुहियो भने मात्रै पुरातत्व विभागले आफ्नो मूर्तिको हकदाबी गर्ने गरेको छ, बिनाआधार र खोजबिन ।

बरू यसरी हराइरहेका मूर्तिहरुको सन् १९८९ सम्मको अभिलेख बनेर आएको लैनसिंह बाङ्देलको कृति 'स्टोलन इमेजेज अफ नेपाल' भने स्वयम सरकारका लागि पनि इतिहास र अभिलेख जुधाउने आधार पुस्तक बनेको छ । तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट निस्केको पुस्तकमा मात्रै विशेषतः काठमाडौं उपत्यकाभित्रबाट चोरिएका २ सयभन्दा बढी बहुमूल्य ढुङ्गामूर्ति र आकृतिको विवरण उतारिएको छ । यही कृतिको शोध र प्रामाणिक अनुसन्धानअनुसार, पुस्तक निक्लिएको ३ दशकको अवधिमा झन्डै ५० जति कृति फिर्ता भैसकेका छन् । पुस्तकको भूमिकामा स्वयम् शोधकर्ता लेखक लैनसिंहले भनेका छन्, 'यो पुस्तकमा उल्लेख भएका कतिपय सम्पदा कुनै दिन बाहिर विश्वको संग्रहालयमा अथवा मोल बढाबढ बिक्रीमा देखा पर्न सक्नेछन् । अथवा, कहींकतै नभेटिन पनि सक्छ । तर, यो अमूल्य सम्पत्तिलाई यसरी आफूखुसी कतै लैजान वा चोरीको सम्पत्ति बनाउन युनेस्को कानुनले पनि दिएको छैन, यो ख्याल राख्नुपर्ने कुरा हो ।' सन् १९७० मा अनुमोदित गैरकानुनी रुपले सांस्कृतिक सम्पत्ति आयात-निर्यातमा प्रतिबन्ध लगाउनेबारेको अभिसन्धि आधारमा पनि पहिचानयुक्त मूर्तिलाई विदेशका कुनै कुनाबाट पनि घर फर्काउन सकिनेछ ।

पुरातत्व विभागका निमित्त महानिर्देशक दामोदर गौतमले नेपालबाट चोरिएको कुनै पनि कलाकृतिको आधिकारिता पुष्टि हुनासाथै इन्टरपोलमार्फत यो सम्पदा फर्काउन पहल सुरू गर्न सकिने बताउँछन् । तर, नेपालबाट अहिलेसम्म कति मूर्ति चोरिए वा कति फिर्ता भए भन्ने यकिन तथ्यांक दिन मुस्किल रहेको गौतम बताउँछन् ।

सम्पदाविद् रवीन्द्र पुरीले बाङ्देलको 'स्टोलन इमेजेज अफ नेपाल' कृतिकै आधारमा ५० वटा प्रतिनिधिमूलक मूर्तिहरुको 'रिप्लिका' बनाएर 'म्युजियम अफ स्टोलन आर्ट' स्थापना गर्ने अभियानलाई अन्तिम चरणमा पुऱ्याएका छन् । पनौतीमा निर्माणाधीन यो संग्रहालयमा राख्न ३८ वटा मूर्ति बनाइसकिएको छ ।

Original and Replica of Stolen Arts

Garudasana-Vishnu, 10th century




Stolen in 1970s from Hyumat-Tol, Kathmandu



Replica

Saraswati, 12th century



Head stolen in the early 1980s from Pharping, Kamal Pokhari



Replica

Nagaraja, 12-13th century



Stolen in 1982 from Kathmandu, Bhagavan Bahal



Replica

Kumar, 14th century



Stolen in the early 1980's from Pharping, Kotsutol
(This image was later recovered and returned.)



Replica under progress

Female Devotee, 7th century





Stolen in 1985 from Deopatan, Chabahil Stupa

Female Divinity, 18th century





Stolen in the early 1980's from Patan, Sundhara

Replica

Mahankal, 17th century



Stolen in 2009 from Bhaktapur, Inachotol



Replica

Devi, 14th century




Stolen in the 1970's from Banepa



Replica

Lakshmi-Narayana, 15th century



Stolen in 1984 from Bhaktapur, Nasamanatol



Replica under Progress

Mahagauri, 13th century



Stolen in the 1970's from the Deopatan area



Replica

Shiva, 13th century A.D



Stolen in the 1986 from Trivenighat, Panaut



Replica

Vishnu with Lakshmi and Garuda, 17th century



Stolen in 1985 from Pharping, Kotsutol



Replica

Bodhisattva Padmapan ,Jaibagesvori,deopatan, 15th century



Stolen in the mid 1970's



Replica

Padmapani-Avalokitesvara, 9th century



Stolen in early 1970's from Tunai,Patan




Replica

Uma-Mahesvar, 8th century



Stolen in 1983 from Pashupati



Replica

Surya, 15th century



Stolen in 1982 from Changu Narayan



Replica

Standing Vishnu, 10th century A.D



Stolen in the Late 1970's from Jyathatol,1



Replica

Kamadev, 19th century



Stolen in early 1980's



Replica

Tara, 12th century A.D



Stolen in the 1980's from Alkohiti, Patan



Replica

Surya with Navagrahas, 14th century



Stolen in the early 1980's from Panauti, Tribenghat



Replica

Vasudeva-Kamalaja, 15th century



Stolen in 1984 from Narayan Temple, Patan



Replica

Standing Vishnu, 17th century



Stolen in june 1985 from Panchadevala, pashupati



Replica

Sleeping Vishnu, 17th century



Stolen in 1986 from Changu Narayan



Replica

Standing Devi, 9th century



Head Stolen in early 1980's from Balaju



Replica

Standing Buddha, 10th century



Stolen in mid 1970's from Nakabahi Chaitya, Patan



Replica

Dancing Ganesh, 15th century



Stolen in mid 1985's from Sanga



Replica



मिसन पनौती

काठमाडौं उपत्यकाबाहिर पर्ने पनौती नेवारी घना बस्तीसँगै प्रचुर सभ्यता र मनोरम संस्कृतिले भरिएको सुन्दर थलो हो ।

काठमाडौं उपत्यकाबाहिर सबैभन्दा सुन्दर र मौलिक नेवारी बस्तीले भरिएको सहरका रुपमा पनौतीलाई लिने गरिएको छ । आरपी फाउन्डेसनले सन् २०३० भित्रमा पनौतीभित्रका सबै परम्परागत र सम्पदाजन्य संरचनालाई जीर्णोद्धार गरिसक्ने

तथा अब बन्ने नयाँ संरचना पनि सम्भव भएसम्म प्राचीन शैलीमा निर्माण गर्ने अथवा यसो गर्नमा सचेतना बढाउने योजना अघि बढाएको छ । यो अवधिमा पनौतीलाई एउटा परम्परागत शैलीका घर र सम्पदा उभिएको अनुपम सहरका रुपमा उभ्याउने परिकल्पना गरिएको छ ।

पनौतीस्थित स्थानीय समुदायको सहयोगमा फाउन्डेसनले अहिलेसम्म पनौतीका ७ वटा प्राचीन महत्वका घर जीर्णोद्धार गरिसकेको छ । पनौती नगरमा रहेका मतान छे, कुन छे आदि जीर्णोद्धार, पुनर्निर्माण भैसकेको छ भने पनौतीमा भोकेसनल

एकेडेमी सञ्चालनमा आएको छ भने म्युजियम अफ स्टोलन आर्ट्सजस्ता आकर्षणका केन्द्र पनि थपिँदै छन् । यसरी सिंगो पनौतीलाई परम्परागत शिल्पी र सम्पदामा ढाल्न पक्कै पनि मुस्किल पर्नेछ, तर असम्भव भने छैन भन्ने अठोट आरपी फाउन्डेसनले लिएको छ। पनौतीको सम्पदा र सभ्यता जोगाउने यो अभियान अरु नगर, सहर वा बस्तीहरुका लागि पनि अनुकरणीय हुनेछ । यसबीचमा आरपी फाउन्डेसनको अगुवाइमा द्वारे घर, मटान छें, कुँ छें आदि घरहरु पुनर्निर्माण वा सबलीकरणपछि पनौती नगरभित्रका नमुना सम्पदा बनिसकेका छन् । त्यसैगरी फाउन्डेसनले पनौतीमै बालआश्रम सञ्चालनमा ल्याइसकेको छ भने महिला, वृद्धा, अशक्तहरुको आश्रम पनि सञ्चालन गर्ने योजना अगाडि बढाएको छ । त्यसैगरी पनौतीमै भोकेसनल युनिभर्सिटीको योजना अगाडि बढाई निर्माण कार्यसमेत सुरू भइसकेको छ ।

Mission Panauti

Panauti is an antique city space opulent with rich Newari cultural heritage. This is the most beautiful and unique Newar city outside of Kathmandu valley. RP Foundation has developed a mission to renovate all the heritage constructions seen in Panauti, either by sole or partial investments of Foundation and by inspiring and training the local residents to at least build up their remaining heritage leftovers with their own traditional restoration techniques. By 2030, the Foundation aims to re-establish Panauti with same glorious heritage city fame even after the necessary reconstruction, renovation and transformation works. Panauti Municipality along with Department of Archeology has been encouraging locals to conserve their traditional houses and also to construct new houses in traditional style.


The Foundation has already restored 7 houses, and with the technical support from the foundation some of the houses are constructed in traditional style by the local people. Similarly, people are much influenced by the works done by the Foundation and even they are renovating their old houses and constructing new houses in traditional style. Houses like Matan Ghhen, Kung Chhen, Dware Ghar, Gyan Bikas Library have already been renovated by the Foundation itself. Restoring and preserving a whole town is certainly not an easy and simple task, but not impossible. And once accomplished, it will definitely serve as a model for other numerous historic towns' restoration in Nepal. Nepal Vocational Academy is already in operation in Panauti and foundation is working for extended vocational training program through Vocational Center (like University) in Panauti. Community Library named Gyan Bikas Library was also designed and technically supported by the Foundation which added more beauty and value to the community and people out there. Foundation has already estabilished Rangeen Childreen Home and is planning to extend the home for oldage people, women & differentialy abled people in Subbagaun, Panauti. New construction of traditional houses like Museum of Stolen Arts are believed to be additional centers of attractions for tourists visiting Panauti.

Recently, RP Foundation handed over the first phase of Master plan of Mission Panauti: Making Panauti as UNESCO Heritage Site to the Panauti Municipality in the presence of UNESCO – Country Director of Nepal Mr. Christian Manhart. RP Foundation is working FULL ON PHASE for making Panauti enlisted in UNESCO Heritage site.

Dware Ghar



Before



After

Gyan Bikash Library




Before



After

Kung Chhen




After



Before

Matan Chhen




After



Before

Nepal Vocational Academy, Panauti



After



Before

पनौती भिजन र भोकेसनल एकेडेमी

आरपी फाउण्डेसनले संचालनमा ल्याएको नेपाल भोकेसनल एकेडेमीको पनौती तथा भक्तपुरका कक्षाहरूमा अहिले सबै गरेर झण्डै १ सयजना पूर्णकालिन वा अल्पकालिन बिद्यार्थी बिभिन्न सिप सिक्न आइरहेका छन् । तीमध्ये पनौतीमा काष्ठकला, मुर्तिकला, सिलाइ, ब्युटिसियनसहितका सिपमुलक तालिम लिइरहेका अथवा लिएर आफैं प्रशिक्षार्थी बनेका प्रतिनिधि सफल बिद्यार्थीसँग कुराकानी गरेका छौं ।

साथमा पनौती नगरपालिकाका मेयर भिम न्यौपानेसँग पनि पनौती भिजन र सम्पदा संरक्षणको सपनाबारे कुराकानी गरेका छौं । उक्त कुराकानी सारसंक्षेप समेत राखिएको छ–

लव रावल, बझाङ, खप्तड छन्ना गाउँपालिका

मेरो गाउँ बझाङ पुग्न सदरमुकामबाट गाडीमा २ घण्टा यात्रा गर्नुपर्छ, हिंडेर त दिनभरै लाग्छ । मेरो सानैमा आमाबाबु बितेकाले म टुहुरो रूपमा हुर्किएको हुँ । म मकवानपुर, भीमफेदीको बाल मन्दिरमा बसेर पढेको हुँ । त्यहींबाट १२ कक्षा पढाइ सकेर पनौतीको भोकेसनल तालिमका बारे थाहा पाएर यहाँ आएको पनि डेढ बर्ष भैसकेको छ । बाल मन्दिरमा घुम्दै आएका एक विदेशीले मेरो हेन्डिक्राफ्टतिरको रूची देखेर यही बिषयको प्रयोगात्मक पढाइ हुने ठाउँ भनेर बाटो देखाइदिएका थिए । म सानैदेखि बालगृहमा बसेको हुँ । म सधैं हेन्डिक्राफ्ट नियाल्थें, हेर्थें । त्यही कुराले मलाई यो दुनियामा तान्यो । इच्छा थियो, पुरा हुँदैछ ।



सुरूसुरूमा मुर्ति बनाउने काम भनेको एउटा फलाम वा ढुङ्गाको ढिक्का हुन्छ, त्यसैका आधारमा आकार निकालिन्छ भन्ने लागेको थियो । तर, यहाँ आएर थाहा भयो कि सुरूमा त मैनको निश्चित आकार (वेक्स)बाट पो मुर्ति बनाउन सिकिने रहेछ । 'वेक्स'मा आकार निकालेपछि त्यसमा भुस मिसाएको माटो दल्ने, सुकाउने, फेरि आकार निकाल्ने, ढलोट हाल्ने जस्ता साना स्टेपहरू बारेमा थाहा पाइसकेको छु । सुरूको सिकाइमा बुद्धका मुर्तीहरू पनि बनाइसकेको छु । काम प्राय सिकिसकेको छु, तर यो फिल्डमा आफ्नो कन्ट्याक्ट भयो भने भोलीपर्सि गरीखान सजिलो होला नत्र, मुश्किल छ भन्ने लाग्छ । अब झण्डै ६ महिनाको सिकाइ यहाँ बाकी छ । मलाई मेरा गुरूजी पाटनका तेजरत्न शाक्यले मुर्तीकलासम्बन्धी तालिम दिइरहनुभएको छ । ६५ बर्षिय तेजरत्नको पाटन क्षेत्रमै कहलिएका मुर्तिकारका रूपमा चिनारी छ ।

खासमा एकदमैं तनमन दिएमा मात्रै मुर्ति सिकाइको काम सम्भव छ । यहाँ आएर काम सिक्न सुरू गर्ने र २/४ महिनामैं काम छाड्नेहरू पनि उत्तिकै रहेछन् । यहाँ खानबस्न सबै निशुल्क छ, अलिकति काम सिकेर गर्न थालेपछि उल्टै पकेट खर्च पनि पाइन्छ । तर, आजको पुस्तालाई तत्कालै काम सिक्ने, गर्ने र पैसा कमाइहाल्ने हतार मात्रै हुन्छ । मलाई भने तयस्तो हतार छैन ।

तिमिरनासन ओझा(५२), उडिसा, कानल



उडिसाको भुवनेश्वरमा रहेको ट्रेनिङ सेन्टरमा मैंले कालिगढी सिकेको हुँ । सुरूमा ढुङ्गाको मुर्ति कुँदन सिकेको हुँ । सिकाइमैं धेरै बर्ष खर्चिएपछि भुवनेश्वरमैं कोठा भाडामा लिएर पाएको काम गर्दै गएँ । अहिले भने ढुङ्गाबाहेक फाइभर, फलाम जेमा पनि काम गरिरहेको हुन्छु– अलराउन्डर भनौं न । ट्रेडिसनल, फाइन आर्ट दुबै काम गर्न सक्छु ।

केही समय दिल्लीको अक्षरधाममा देवीदेवताका मुर्ति बनाउने योजनामा पनि पुगेको थिएँ । तर, त्यहाँ 'प्रेस्टिज' मिल्न सकेन, कामप्रतिको सम्मान गरेजस्तो अनुभव भएन । त्यही भएर केही महिनामैं छाडिदिएँ । अक्षरधाममा अरूको निर्देशन र मातहतमा रहेर काम गर्नुपर्ने थियो, कलाकौशलको काम भएपनि एउटा सामान्य कामदार मात्रै ठानिएकाले मैंले काम छाडिदिएँ ।

पाटनमा जयराज....भन्ने मुर्तिकार थिए, ढुङ्गाको काम गर्ने । उनले मलाई राजा बीरेन्द्रको मुर्ति बनाउन बोलाएका थिए । त्यहाँ २ बर्ष काम गरें । त्यहीबाट सन् २००० को आसपासमा काठमाडौं आएको थिएँ । त्यही लिंकबाट भक्तपुरमा रविन्द्र पुरीजीको सम्पर्कमा आएँ । भक्तपुरका शिव थापा भन्ने मुर्तिकारले रविन्द्रजीलाई भेट गराइदिएका थिए ।

मलाई के ठीक लाग्यो भने रविन्द्र सरले देशका लागि केही काम गर्ने लागेको थाहा भयो । 'म्युजियम अफ स्टोलन आर्ट' पनौतीमा खोल्न लागेको र त्यसका लागि नेपालबाट चोरेर लगिएका बहुमुल्य मुर्तिहरूको रिप्लिका बनाउने काम मैंले पाएँ । यो पैसाभन्दा बढी इज्जत र गौरवको कुरा थियो । नेपाल मेरो देश नभएपनि एउटा देशका लागि केही नामकाम रहने कालिगढी प्रस्तुत गर्न पाइने भएकाले म यो काममा जोडिएको हुँ ।

समस्या के भने मुर्तिकला, कालिगढीमा डटेर र खटेर काम गर्ने कामदार पाउनै मुश्किल छ । म कहिले दिल्लीबाट, कहिले भुवनेश्वरबाट कालिगढ खोजेर ल्याइरहेको हुन्छु । नेपालमा यसरी दिगो गरेर बस्ने, काम गर्ने कालिगढ नै पाइन्न । म पनि यो काम छिट्टै सकियोस् भनेर प्रयास गरिरहेको छु । छानिएका ५० मुर्तिको रिप्लिका बनाउने भनिएकोमा अहिले ३८ वटा पुरा भैसकेको छ । शायद अब एक/डेढ बर्षमा पुरा होला कि ?

'पैसा कमाउने हो भने, पैसा खोज्ने हो भने मुर्तिकलामा वा कालिगढी बनेरै पनि प्रसस्तै पैसा पाउन सकिन्छ,'तिमिर भन्छन्–'तर, पैसै सबै कुरा होइन । नेपालमा बन्ने संग्रालयमा बस्ने मुर्तिहरूमा सधैंसधैं मेरो नाम रहनेछ । यो ठूलो सन्तुष्टीको कुरा हो ।'

अर्को कुरा, नेपालमा अहिले गतिलो ढुङ्गा पाइन छाडेको छ । पहिले दक्षिणकालीतिरको राम्रो ढुङ्गा आउने गरेको थियो, अहिले भने बिभिन्न ठाउँमा खानीका लागि अनुमती दिएपछि खोजेको, रोजेको ढुङ्गा मिल्नै छाडेको छ । 'उडिसामा बसेका घरपरिवारले सधैं घर फर्कन भनिरहन्छन्,'तिमिर भन्छन्–'तर, यो काम पुरा नगरी र म्युजियमको काम पुरा नगरी म फर्कने छैन ।'



दिनेश तामाङ(२५), पनौती, ज्यालापाटी

मैंले भोकेसनल एकेडेमीमैं १ बर्षको तालिम लिएँ । त्यसपछि यहीं ट्रेनर बनेको छु । म अहिले मुर्ति कुँदन, खापाको चौकोसमा नागबुट्टा आदि भर्न सक्ने भएको छु । कलस, अष्टमंगल बनाउन सक्छु ।

म यहाँ आउनुअघि १२ कक्षामा पढ्दै थिएँ । आफ्नो इच्छा भएकाले म यो कालिगढी काममा आफैं आएको हुँ । यो काममा खट्न सक्यो भने पैसा हुन्छ पनि । अहिले दिउँसो यो एकेडेमीमा ट्रेनर छु, बिहान-बेलुका भने बाहिर आफ्नै काम गर्छु । अहिले १५ जना बिद्यार्थीलाई तालिम दिइरहेको छु । बिशेषगरी काष्ठकलाका काममा म ट्रेनिङ दिन सक्ने भएको छु । अहिले बिस्तारै पुरानो शैली रूचाउने, बुट्टे झ्यालढोका मन पराउनेहरू बढ्न थालेका छन् । यसकारण पनि निकै व्यस्त हुनुपरेको छ । मेरो बुझाइमा २ बर्ष जति मन दिएर काम सिक्यो भने थप काम पाउन, गरीखान कुनै कठीनाइ छैन । २ बर्षअघि मेरो ब्याचमा १५ जना जति काम सिक्न यो एकेडेमी आएका थिए । १/२ बाहेक सबैजना सक्षम बनेका छन्, सबै आ-आफ्नो काममा जुटिसकेका छन् ।

सागर मानन्धर(२३), बनेपा

म पहिलादेखि फर्निचरमा काम गरिरहेको थिएँ । काष्ठकलामा एकदमैं रूची रहेकाले यहाँ सिकाइमा आएको थिएँ । माध्यमिक तहमा पढ्दै गर्दा एकजना भिनाजुको नाताले फर्निचर काम सिक्न पुगें, त्यहींबाट काष्ठकलाका बारे थाहा पाएर आएको हुँ ।

यो भोकेसनल एकेडेमीमा आएर अहिले सिक्न थालेको ६ महिनाजति भयो । घरमा बाआमा पनि छोराले आफ्नो रूचीअनुसारको काम गरेकोमा खुशी छन् । यहाँबाट तालिम सिकेर सबैजना आत्मनिर्भर भएका छन् । निशुल्क सिप त सिकिन्छ नै । यही कारण म पनि हत्ते गरेर आफैं आएको हुँ । यहाँ पुरा गरेर प्राविधिक तथा व्यवसायिक तालिम केन्द्रको स्किल-टेस्टमा उर्तिण भएपछि आधिकारिक सर्टिफिकेट पाउन सकिन्छ ।

भिम न्यौपाने, मेयर, पनौती नगरपालिका



हामी पनौती भिजन लिएर अघि बढिरहेका छौं । पनौती नगरपालिका भएपनि यहाँ ग्रामिण भेगको बाहुल्यता बढी छ । पनौती आफैंमा पुरातात्विक शहर हो, यसका धेरैजसो 'हेरिटेज साइट' हरू वडा नम्बर ७ मा पर्छ । काठमाडौंमा पशुपतिनाथ मन्दिर बनेभन्दा अघिको इन्द्रेश्वर मन्दिर यहाँ छ । तर प्रचारप्रसारको अभावले धेरै कुरा अल्झिएको छ, पहिचान हराउँदै गएको छ ।

यसबेला पनौती भिजन लिएर आरपी फाउण्डेशनका सम्पदाबिद् रविन्द्र पुरीसहितको टिम अघि सर्नुभएको छ । आजभन्दा २२ बर्षअघि पनौतीलाई विश्व सम्पदामा लैजाने भनेर नेपाल सरकारले प्रस्ताव अघि बढाएको थियो, तर त्यो कहाँ हरायो– थाहा हुन सकेको छैन । धार्मिक, सांस्कृतिक पर्यटनको अखडा पनौती बन्न सक्छ भन्ने हामीलाई लागेको छ ।



नानीमैंया तामाङ, सिलाइ

मेरो घर सुन्दरीजल हो र, अहिले पनौती माइतीमा बसेर सिलाइ ट्रेनरको काम गरिरहेकी छु । म सुरूमा सिलाइ सिक्न यहाँ आएकी थिएँ । मैंले ६ महिना सिलाइ सिकेकी थिएँ । मैंले ८ कक्षा मात्रै पढेकी छु । आफूलाई सिलाइबुनाइमा सानैदेखि धेरै रूची भएकाले आफैं खोज्दै यहाँसम्म आएकी हुँ । फेरि बाहिर अरूतिर सिकाउने ठाउँमा चर्को शुल्क लिने भएकाले यहाँ निशुल्क तालिम लिन पाएपछि आएकी थिएँ । साथीहरूले भनेको आधारमा म यहाँ आएकी थिएँ । अहिले यहाँ बिभिन्न सिफ्टमा गरेर १४ जनालाई तालिम दिइरहेकी छु । यहाँ तालिम दिनेबाहेक घरमा समेत आएका लुगा सिलाउने कामहरू गर्छु ।

रचना श्रेष्ठ(२०), रोसी

म १२ कक्षा पढ्दैछु । पहिला मैंले यही भोकेसेनलबाट सिलाइ तालिम लिएकी हुँ । ६ महिना तालिम लिएपछि पनौतीमैं दिदीको ललिता टेलर्समा काम गर्दैछु । दिदीको टेलर्समा काम थालेको ३ महिना भैसकेको छ ।

केटीहरूको फेसनेबल कपडा पनि सिउँछु, बुटिकमा पनि अनुभव छ । मेरो अंकल यहीं भोकेसनलमा काष्ठकला काम गर्ने भएकाले उहाँले आइडिया दिएपछि आएकी थिएँ । सबै कुरा निशुल्क थियो । काम सिक्नासाथै अहिले काम गर्न थालेकी छु । अहिले पैसा कमाएर आफूलाई कलेज पढ्न र पकेट खर्च राख्न समेत पुग्न थालेको छ । सिकाइका क्रममा आवश्यक कपडा, सामग्री पनि यहींबाट दिइने गरेको छ ।

दीपा श्रेष्ठ पिया, पनौती

म भने ब्युटी ट्रेनरका रूपमा काम गर्दै आएकी छु । बितेको १४ बर्षयता यो फिल्डमा जोडिएकी छु । बितेको ५ बर्षमा यहाँबाट १० ब्याच बिद्यार्थी तालिमप्राप्त भएर निस्किसके, म सुरूदेखि नै ट्रेनरका रूपमा रहीआएकी छु । १ सिफ्टमा २० जनाका हिसाबले पनि २ सयजना बिद्यार्थी ब्युटिसियन बनेर गैसकेका छन् । अधिकांस आफ्नै ब्युटी पार्लर खोलेर व्यवसायिक बनिसकेका छन् । ६ महिनाको कोर्समा निशुल्क रूपमा सिक्न पाइन्छ । यहाँ बल्थली, खोपासी, धुलिखेल, कुसादेवीदेखि बिद्याथीहरू ऋाउने गरेका छन् ।

मनिता कार्की, पनौती

म गाउँबाट यता आएर भर्खरै ब्युटिसियन तालिम पुरा गरेकी छु । मैंले ब्याचलर पढाइ पुरा गरेकी छु । अहिले ब्युटिसियन ट्रेनरका रूपमा बाहिर बजारमा काम गरिरहेकी छु । तालिममैं सिमित छ ब्युटिसियन बिषय, यहाँ यसमा बिशेषज्ञता लिने अवस्था भने छैन ।



पनौती विश्व सम्पदामा पर्न सक्छ : युनेस्को

युनेस्कोका नेपाल प्रतिनिधि मानहार्ट क्रिस्टियानले सांस्कृतिक र सम्पदागत स्रोत-सामग्रीका आधारमा सम्पन्न रहेको पनौती नगर विश्व सम्पदामा सूचीकृत हुन सक्ने बताएका छन् ।



पनौती नगरलाई सम्पदाजन्य शहरका रूपमा विकसित गर्न तयार पारिएको 'पनौती गुरूयोजना' हस्तान्तरण गर्न गत नवेम्भर २६ मा पनौती नगरपालिकामा आयोजित समारोहमा प्रतिनिधि क्रिस्टियानले पनौतीलाई पुरातत्व बिभागको सहयोग र समन्वय लिएर नगरलाई अघि बढ्न सुझाएका थिए । एक बर्षमा एउटा मुलुकले एउटा मात्रै सम्पदालाई विश्व सम्पदा सूचीमा प्रस्तावित गर्न सक्ने जानकारी दिंदै प्रतिनिधि क्रिस्टियानले अहिले जनकपुरको जानकीधाम प्रस्तावित भएर पनि यसको सबै प्रकृया पुरा नभैसकेको बताए ।

पनौती नगरपालिकाका प्रमुख भिम न्यौपानेले २२ बर्षअघि विश्व सम्पदामा प्रस्तावित गर्ने भनेर निर्णय भैसकेको अवस्थामा समेत पनौती अहिलेसम्म सम्पदा प्रकृयामा जान नसकेको बताए । 'पनौतीलाई अझ सम्पदाजन्य बनाउन अहिले आएको गुरूयोजनाअनुसार तत्काल काम सुरू हुनेछ । यहाँका पाटीपौवा, सत्तल, मन्दिर र घरहरूलाई परम्परागत शैलीमा समृद्ध बनाइनेछ,'प्रमुख न्यौपानेले भने । उनले सम्पदाजन्य कामका लागि यसै आर्थिक बर्षमा १ करोड रूपैंया छुट्टयाइएको जानकारी दिंदै तत्काल कार्यायोजना तय गरेर पनौतीलाई थप पुरातात्विक महत्वको शहर बनाइने घोषणा सुनाए । उनले नगरपालिका स्थानीय जनसहभागिता र पुरातत्व तथा दातृ निकायको सहकार्यमा पनौतीलाई सम्पदाजन्य स्वरूप दिन आफू तत्पर रहेको बताए ।

पनौती भिजनको गुरूयोजना आरपी फाउण्डेसनका तर्फबाट इन्जिनियर जेविन धौभडेलले तयार गरेका हुन् । फाउण्डेसनका संस्थापक सम्पदाबिद् रविन्द्र पुरीले बढीमा २ बर्षको समय खर्चन सकेमा पनौतीलाई सम्पदाजन्य पुरातात्विक महत्वको नमूना शहरका रूपमा विकसित गर्न सकिने अठोट सुनाए । 'यहाँ विकासका नाममा नचाहिंदो होड र प्रतिषर्धा देखिएको छैन, जिर्णोद्धार र पुनर्निर्माण पनि सम्पदाको माया गरेरै अघि बढेको अवस्थामा छ,'पुरीले भने–'पनौतीलाई जोगाउन र चिनाउन त्यति धेरै मिहिनेत गर्नुपर्दैन भन्ने लागेको छ ।'

पनौती नगरले तोकिएको सम्पदा क्षेत्रभित्र नयाँ निर्माण गर्न वा पुर्ननिर्माणका हकमा पनि निश्चित परम्परागत सम्पदाजन्य मापदण्ड पुरा गर्नैपर्ने नियम कार्यान्वयन गर्दै आएको छ । पनौती नगर क्षेत्रमा केही निर्माणका लागि सुरूमा पुरातत्व बिभागले स्वीकृति लिएर मात्रै कुनै प्रकारको संरचना तयार गर्न पाइने नियम अनिवार्य रहीआएको छ ।



पनौतीको सान ज्ञानविकास पुस्तकालय

ग्रामिण शिक्षा तथा विकास (रिड), नेपालको देशैभर पुस्तकालय स्थापना तथा सचेतना अभियान बढाउने महत्वपूर्ण लक्ष्यको ५० औं श्रृङ्खलामा पनौती जोडिएको छ जहाँ ज्ञान विकास सामुदायिक पुस्तकालय स्थापना भएको छ । 'नेपालीले सक्छन्'को स्वेच्छिक सहयोग अभियानबाट सन् २०१४ मा निर्माण सम्पन्न भएको पुस्तकालयको ढाँचा एवं स्वरूपमा सम्पूर्ण नेपालीपन पाइन्छ। यसको स्वरूप निर्धारण गर्ने र निर्माणमा सम्पूर्ण सहयोग उपलब्ध गराएको छ आरपी फाउण्डेसन तथा समन्वयकर्ता रविन्द्र पुरीले ।

यो पुस्तकालय २०७५ सालमा मात्रै देशभित्रका सामुदायिक पुस्तकालयमध्ये 'मोडल'का रूपमा नेपाल सरकारबाट पुरस्कृत भएको छ । पुस्तकालयमा लाइब्रेरी शाखा, बाल शाखा, श्रव्यदृष्य शाखा, सूचना तथा प्रविधि शाखा, महिला शाखा, युवा शाखा तथा तालिम/कन्फरेन्सको छुट्टै प्रबन्धसमेत गरिएको छ ।

लाइब्रेरी शाखामा बढीमा ५ हवार पुस्तक छन् भने यी सामग्री निशुल्क रूपमा स्थानीय कक्षमा बसेर पढ्न अथवा घरमैं लगेर पढ्न पनि पाइन्छ । बाल शाखामा भने अढाइ बर्षदेखि १२ बर्षसम्मका बालबच्चाका लागि सामग्रीहरू राखिएको छ ।



Nepal Vocational Academy

Nepal Vocational Academyis a profit-not distributing company affiliated with CTEVT which offers vocational skill-based employment opportunities to the youths of Nepal. One of its primary missions is to produce skilled human resources for building houses using traditional building materials, architecture and techniques. As the demand rises for traditional houses equipped with modern facilities, the demand for such skilled workers too has risen. This demand has become acute after the great earthquake of 2015. Considering this scenario both a problem and an opportunity, Nepal Vocational Academy has been established for two reasons: both to address the need for skilled human resources for traditional house building, and at the same time to help mitigate the dreadful condition of youth unemployment in Nepal.

Nepal Vocational Academy, Panauti

Nepal Vocational Academy is running short term courses of Wooden Handicraft Maker/ Carpenter, Mason, Stone Layer Mason affiliated to CTEVT for more than 4 years.Once the trainees have completed the course from the Academy they had improved their employability in the labor market, as well as allow them the opportunity for self–employment if they desire, which in the long term could help reduce poverty in the country even. That is the reason why all courses running in this academy helps to produce technical workforce who will be able to provide service through the application of skills and knowledge of modern as well as traditional technology, as well as enhance their entrepreneurial skills through wooden handicraft, mason and stone layer mason. The need of such workforce is very much high for the earthquake affected areas as more than six lakhs households has been totally destroyed by the earthquake. Even more and more such skilled work force is demanded for the reconstruction as government is totally targeting for the reconstruction of affected areas. So Nepal Vocational Academy is providing the training for such courses which fulfill the demand for such training can even contribute for reconstruction. Similarly according to the demand of public beautician, tailoring as well as metal casting courses are also running. The German Organisation Schulen fuer Nepal is supporting to run Nepal Vocational Academy. Similarly German organization Nepal and Wir are also the supporter to run the different courses in Nepal, Vocational, Panauti.

Nepal, Vocational Academy, Bhaktapur

The demand of skilled workers are increased day by day. To meet the demand, Rabindra Puri Foundation for Conservation has added another campus and introduced a new Nepal Vocational Academy building in Bhaktapur.We already launched Electrician, Plumbing, Carpentry and Woodcarving training. We will be adding additional varieties of training in the near future. We plan to graduate around 200 skilled workers in the field of heritage conservation each year from this academy. The German Organisation Schuelerhilfe fuer Nepal supported for construction of Nepal Vocational Academy, Bhaktapur building.



This building has a central courtyard surrounded by built structure on all sides. Presently, it houses four workshops, eight classrooms, one office room, one meeting room and one multipurpose hall.Furthermore, the

building still has plenty of spaceto add more sections as needed. Spread over a land area of one ropani, the building has a complete surface area of 19,000 sq. ft. We estimate that the academy building hosts ample space and training facilities for 200 students.We have tried to take innovative measures to help mitigate the problem of youth unemployment and the dreadful loss of Nepal's youth to foreign nations. Our young people are our greatest resource, and without them we cannot develop a strong future as a nation. We are really hopeful that these efforts will help mitigate such development problems in Nepal and produce youths who are highly skilled, competent and able to earn an excellent income here at home, while they build a country in which we all can take pride.

Nepal Vocational Academy, University Concept

Due to increase demand of skilled workers in different field Nepal Vocational Academy is planning to expand it's training in different fields. For that more than 100 ropani of land is acquired and land development is already in progress in Chamkharka, Panauti.A Genuine German National Doctor, Dr. Hans Joachim Schneider is supporting through Schulen fuer Nepal e.V. Germany for this genuine cause.




German Parliamentarian & German Ambassador visiting Nepal Vocational Academy



Former & Present American Ambassador visiting Nepal Vocational Academy





नेपाल भोकेसनल एकेडेमी

नेपाल भोकेसनल एकेडेमी, नेपाल सरकारको प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) सँग आबद्ध एक सेवामूलक (प्रोफिट वितरण नगर्ने कम्पनी) संस्था हो । एकेडेमीको मुख्य उद्देश्य भन्नु नै अहिलेको युवा जमातलाई प्राविधिक सीपमूलक तालिम दिई रोजगारीको अवसर प्रदान गर्नु हो । वर्तमान परिवेशलाई मध्यनजर राख्दै हामीले विशेषतः परम्परागत घर वा सम्पदा निर्माणसम्बन्धी जनशक्ति उत्पादनमा विशेष जोड दिएका छौं । विगत केही वर्षयता नेपाली समाज र परिवेशमा पनि परम्परागत तथा मौलिक शैलीका घरहरुको माग बढ्दै गइरहेको छ । यसका कारण एकैसाथ दक्ष कामदार हरुको माग पनि बढ्दै गइरहेको छ ।

अझ दुई वर्षअघि हामीकहाँ गएको विनाशकारी भूकम्पपश्चात् त नवनिर्माण वा पुनर्निर्माणका कामहरुमा दक्ष कामदारको माग एकदमै बढेको छ । यो तथ्यलाई मध्यनजर गर्दै दक्ष जनशक्ति उत्पादन गर्दै देशमा चुलिँदै गएको बेरोजगारी समस्यालाई केही हदसम्म भए पनि हल गर्ने उद्देश्यका साथ यो एकेडेमी स्थापना गरेका हौं । यही लक्ष्यमा केन्द्रित हुँदै बितेका तीन वर्षयता एकेडेमीले पनौतीमा सीमित युवालाई प्राविधिक तथा व्यावसायिक सीप-तालिम प्रदान गरिरहेको जानकारीसमेत बाँड्न चाहन्छौं । हामीले पनौती केन्द्रबाट बर्सेनि साठीदेखि सत्तरी जनासम्म डकर्मी, सिकर्मी, लौहकर्मीलगायतका दक्ष कामदार उत्पादन गर्दै आएका छौं । उत्पादित यो सबै जनशक्तिलाई रोजगारीको व्यवस्था पनि गरेका छौं ।

यसरी प्राविधिक तथा व्यावसायिक तालिम लिने प्रशिक्षार्थीको संख्या वृद्धि भएसँगै र अन्य प्राविधिक विषयगत संकायहरुको आवश्यकता महसुस गरेरै हामीले नेपाल भोकेसनल एकेडेमी (भक्तपुर) को सञ्चालन गर्न लागेका हौं । यो एकेडेमीले हाललाई वार्षिक करिब २ सय दक्ष जनशक्ति उत्पादन गर्ने तथा आगामी दिनमा बजारको मागअनुसार थप तालिम क्षमता (अनुपात) तथा संकायको विस्तार गर्दै लैजाने प्रतिबद्धता जनाउन चाहन्छौं । एकेडेमीमा हाल सालै सिकर्मी, इलेक्ट्रिसियन, पल्म्बरको तलिम कक्षा सुरू भएको छ र आवश्यकताअनुसार अरु तालिम पनि सुरू गर्दैछौं ।





Rangeen Homes

The concept of Rangeen Homes is to bring needy children, old-age people, differently abled & suffering women together at a place not just to give them a place to live but give them a home, a family and a good standing livelihood. Rangeen Homes is the chain of 4 different homes in it helping & supporting each other (it will be like a family). Beside the buildings Rangeen Homes have enough of productive/ cultivatable and land to make itself a self-sustaining one. The suffering women from the Women Home will be employed and assigned to take care of the differently abled and elder. The women & children will be given vocational training and they will be practicing the training learning such as farming and production of vegetable, goods, etc. The children will be given vocational trainings and they will be given opportunity to practice it for their grooming and making them independent with skills. The 4 chain homes under Rangeen Homes are:

Rangeen Children Home
Rangeen Women Home
Rangeen Differently-abled Home
Rangeen Oldage Home
Total Area : 24 Ropanis

Rangeen Children Home

Rangeen Children Home aims to provide Orphans And Vulnerable Children With Basic And Secondary Needs Such As Food, Shelter, Education, Clothes, Medical Care, Recreation, Vocational training, Parental And Spiritual Guidance and Love. Rangeen Children's Home has its own building and it has been in operation recently. The major supporter of Rangeen Children Home is Nepal Initiative Schongau e.v. There are currently 46 children in the home.



Specified Objectives

- To provide children with adequate nutritious Food. A good diet and minimum three (3) meals a day.
- Provide a suitable home for the Children with all necessary amenities.
- Provide children with a good Primary and Secondary Education. And professional training for a secured Livelihood.
- Provide Children with a good Medical care and ensure children enjoy a happy, healthy life.
- Provide Parental guidance, Spiritual guidance and Love.
- Provide Recreational facilities and Social amenities to entertain and educate
- Ensure Children are protected from any form of Abuse, Discrimination, Slavery, and Cruel punishment. Protected from sexual exploitation, Economic exploitation and protected from use or trafficking harmful substances.





Rangeen Women Home

- Building in construction with the support from Ausssefern Frauenhaus, Austria
- Not in operation yet
- For 10 suffering women
- Will be given home, fooding and other vocational trainings
- Will be employed to take care of oldage and differently ables
- Will be employed in production of vegetables and goods

Project on Progess

Time duration for completion: 1 year

Rangeen Differently-abled Home

- Differentaly ables will be given home, food, health facilities and care
- Not in operation yet

Rangeen Oldage Home

- Oldage people will be given home, food, health facilities, care, etc.
- Not yet in operation

रंगीन बालघर

नेपाली भाषामा रंगीचंगीको अर्थ 'कलरफुल' हुन्छ । हाम्रो वरपरको परिवेश र समाजको कुरा गर्दा बालबच्चा, वृद्धवृद्धा, अशक्त, एकल वा निःसहाय भनेको रंगीचंगी फूलका प्रतीकझैं हुन् । आरपी फाउन्डेसनले काभ्रेको पनौतीमा यस्तै रंगीचंगी बसोबासको कल्पना गरेर आवासीय केन्द्र बनाउने प्रक्रिया अघि बढाएको छ ।

रंगीन घर भन्नेबित्तिकै केवल बस्नका लागि घर मात्रै होइन, समाज वा परिवारबाट बहिष्कृत बालबच्चा, वृद्धवृद्धा, अशक्त वा महिलाका लागि एकअर्कालाई भरथेग र मद्दत गर्ने गरी घर-परिवार बसाल्ने उद्देश्यमा यो योजना अघि सारिएको हो । रंगीन घरको अर्को उद्देश्यमा आफ्नो परिसरमा रहेको जग्गा-जमिनमा आफूलाई आवश्यक पर्ने धान, आलु, तरकारी/सागपात आफैं उत्पादन गर्न सकिने प्रबन्ध पनि गरिएको छ । रंगीन परिवारका सक्षम र परिश्रम गर्न सक्ने सदस्यले उमेर वा अवस्थाका कारण परिश्रम गर्नै नसक्ने सदस्यहरुका लागि मद्दत गर्न सक्नेछन् । महिला तथा बालबच्चालाई रूचिअनुसारको व्यावसायिक सीप/तालिमसमेत प्रदान गरिनेछ । यो रंगीचंगी योजनाभित्रका ४ घरहरु यस्ता हुनेछन्–

१. रंगीन बालघर

२. रंगीन महिला घर

३. रंगीन शारीरिक रुपमा असक्षमका लागि घर

४. रंगीन वृद्धवृद्धा घर

यसमध्ये असहाय बालबच्चाका निम्ति बसोबास, शिक्षादीक्षा, तालिम/सीप सिकाइ आदिसहितको प्रबन्धमा रंगीन बालघर सञ्चालनमा आइसकेको छ । रंगीन घर सञ्चालनमा जर्मन संस्था नेपाल इनिसिएटिभले सहयोग गर्दै आएको छ । अहिले रंगीन घरमा ४६ बालबच्चा छन्, सबै जना पनौतीको स्थानीय विद्यालयमा प्राथमिकदेखि माध्यमिक तहसम्म पढ्छन् ।

रंगीन महिला घर, शारीरिक रुपमा असक्षमहरुका लागि घर र रंगीन वृद्धवृद्धा घर पनि निर्माण क्रममा छन् । यो रंगीन घरहरु बन्ने क्षेत्र २४ रोपनी क्षेत्रफलमा फैलिएको छ ।



नमुना घर

भक्तपुर, दत्तात्रयमा अवस्थित 'नमुना घर' नेपाली परम्परा, वास्तुशैली र मल्लकालीन इतिहासको स्मरण दिलाउने एक विशिष्ट सम्पदा हो । कुनै समय कुखुरा-खोरका रुपमा प्रयोग गरिंदै आएको यो घर आफैंमा परित्यक्त (डेजर्टेड प्लेस) झैं थियो, यहाँ वर्षौंवर्षदेखि कसैको बसोबास थिएन । निर्माण आधारमा झन्डै डेढ शताब्दी पुरानो यो घरको नेपाली परम्परागत शैली र शिल्पीमा पुनर्निर्माण भएपछि युनेस्कोले युनेस्को एसिया प्यासिफिक अवार्ड फर कल्चरल हेरिटेज कन्जरभेसन २००४ बाट विभूषित गरेको थियो । यसरी अन्तर्राष्ट्रिय चिनारी र पद्वी पाउनुअगाडि नै भक्तपुर नगरपालिकाले पनि यो घरलाई 'नमुना घर' का रुपमा नामकरण गरिसकेको थियो । यो पहिचान र विभूषणको एउटै कारण थियो– कुखुरा घरलाई प्राचीन र सम्पदाजन्य स्वरुपमा पुनर्निर्माण गरिएको शैली । यो घरको झन्डै ६० प्रतिशत भाग मात्रै नयाँ निर्माण गरिएको थियो, बाँकी पुनर्निर्माण कि त सबलीकरण (रेट्रोफिटिङ) थियो । पुनः प्रयोगमा ल्याउन मिल्ने हरेक सामग्री निकै सावधानीका साथ निकाल्दै प्रयोगमा ल्याइएको थियो । करिब डेढ वर्ष लगाई पुनर्निर्माण गरिएपश्चात् यो घरले छोटो अवधिमै धेरै ख्याति र नसोचेको वाहवाही पाएको थियो । समय अन्तरमा देश-विदेशबाट विभिन्न प्रतिष्ठितपत्रपत्रिका, टेलिभिजनकर्मीहरु नमुना घरको इतिहास र आजको पहिचानबारे प्रचारप्रसार गर्न आइरहेकै हुन्छन् । विभिन्न कूटनीतिक नियोगका विशिष्ट पाहुना, विदेशबाट आउने राष्ट्रप्रमुख स्वदेशी/विदेशी दर्शक आइरहेकै हुन्छन् । नमुना घरभित्र नेपाली संस्कृति र परम्परा झल्काउने विभिन्न सामग्री पनि प्रदर्शनीमा राखिएको छ । परम्परागत वास्तुकलाको झल्कोसँगै आधुनिक सेवा-सुविधाको मिसावट पनि नमुना घरभित्र हेर्न सकिन्छ । नमुना घर यसरी बनाउनुको मुख्य उद्देश्य भनेकै जनसाधारणलाई सम्पदा संरक्षण र पुनर्निर्माणमा जागरूक गराउनु हो ।



Namuna Ghar

The Namuna Ghar, located in Datattraya, Bhaktapur is a special heritage that reminds one of the glorious medieval art, architecture and history of Nepal. This house was dilapidated and deserted for so many years and used as a chicken farm house in its later years. From the period of restoration, the house was found to be over 160 years old. This same old and neglected house, after restoration using traditional tools and techniques, bore its fruit by receiving 'Asia Pacific Awards for Cultural Heritage Conservation-2004', the glorious award by UNESCO. But before receiving this international fame and recognition, the house was already named as 'Namuna Ghar i.e. Model House' by Bhaktapur Municipality. The only reason for Namuna Ghar to receive such local as well as international honor was that the house was restored fully in back in traditional style, thereby converting an ugly chicken farm house to a lovely attractive traditional house. Only about 60 percent of this house needed completed new construction and rest were only retrofitting. The construction materials that could be reused were carefully removed and used again. It took only about a year and a half for this restoration project. Quickly thereafter within no time, the house earned such great fame and glorifications which was really not expected while the project was initiated. Many distinguished news, TV journalists have been visiting this house to share about the history and present identity of this house. Besides this, many distinguished national international guests, visitors, have been frequently visiting the house. Inside this house are kept items that reflects the Nepalese culture and traditions. The fusion of traditional skills, arts with necessary modern facilities in Namuna Ghar makes this house even more attractive. The main reason for restoring and promoting Namuna Ghar like this is to motivate Nepalese people to love their already rich cultural heritages and preserve and promote them.




















टोनी हागन हाउस

नेपालको भूगोल, कला-संस्कृति र सभ्यता भनेपछि मरिमेट्ने एक विदेशी सत्पात्र हुन्– टोनी हागन । यिनै नेपाली सम्पदा प्रेमी टोनी हागनको शुभनाम दिई पुनर्निर्मित टोनी हागन हाउस भक्तपुरको गछेँ टोलमा रहेको छ। नेपाली सम्पदा संरक्षणसम्बन्धी एउटा अर्को उदाहरणका रुपमा रहेको टोनी हागन हाउसको पनि आफ्नै कथा छ। सन् १९५० को दशकमा भूगोल अध्ययनका लागि नेपाल छिरेका हागनले सन् १९६० मा प्रकाशित गरेको उनको 'नेपाल' पुस्तकमा भक्तपुर, गछेँस्थित एउटा घरको उदाहरण (पेज १५७) पेस गरेका छन् । उनले पुस्तकमा भर्खरै सिमेन्ट ढलान गरिएको फोटो राख्दै त्यसप्रति आफ्नो आलोचनात्मक राय व्यक्त गरेका छन् । उक्त घरलाई उनले भक्तपुरे कलात्मक सभ्यता र सुन्दरता छोप्नका लागि नराम्रोसँग देखापरेको एक धब्बा (दाग) को संज्ञा दिएका छन् । त्यो घर सन् ५० दशकमा भक्तपुर सहरमा पहिलोपटक सिमेन्टले पोतेर ढलान गरिएको संरचना थियो। 'नेपाल' पुस्तकमा आएको उक्त आलोचनात्मक विवरण पढेर दुःख लागेपछि सम्पदाप्रेमी रवीन्द्र पुरीले सन् २००१ मा उक्त ऐतिहासिक अर्थको घरलाई आफैँ खरिदेका थिए । घर आफ्नो बनेपछि उही घरलाई परम्परागत शैली र वास्तुकलामै फर्काएर यही सम्पदाको नाम टोनी हागन हाउस राखेका हुन् ।



आज यही घर विकृतिको सूचकभन्दा पनि एक सम्पन्न सांस्कृतिक सम्पदाको द्योतकको रुपमा चिनिएको छ– टोनी हागन हाउसका नाममा ।

यही घरको तल्लो तलामा अहिले हेरिटेज ग्यालरी सञ्चालनमा छ जहाँ नेपालबाट हराएका र अप्राप्य भैसकेका मूर्तिहरुको प्रतिरुप राखिएको छ । यी प्रतिरुप मूर्तिलाई सन् २०२२ को अन्त्यदेखि भने पनौतीस्थित म्युजियम अफ स्टोलन आर्टमा लगेर राखिनेछ ।

Toni Hagen House

Toni Hagen – Great lover of Nepalese Geography, Nepalese art, culture and civilization, a foreigner with his heart full of developmental concerns for Nepal. The Toni Hagen house in Gachhen, Bhaktapur was renovated and named as Toni Hagen House commemorating the great love and passion expressed by this great personality for Nepalese culture. The Toni Hagen house too has its own story related toheritage conservation. Toni Hagen first came to Nepal in 1950s for his geological research on Nepal. In 1960 he got his book on Nepal published, named as 'Nepal: The Kingdom of Himalayas'. Page number 157 in this book, he has put a picture of a newly cemented house of Gachhen, Bhaktapur. This house was one of the first concrete built house of Bhaktapur discovered by Mr. Hagen back then in 1950s. In the book he has captioned its pictures as, 'Concrete buildings in bad taste have the effect of a blot on the landscape of the picturesque old squares of Bhaktapur'.And these were the very words that propelled Rabindra Puri into transforming this ugly duckling into a beautiful traditional building. Then, all of a sudden, he developed this idea of surprising Hagen, by reversing the local common trend of felling old houses and making new concrete ones, by restoring that same cemented building he talked about in his book into the Nepali traditional architectural glory. The house was transformed and inaugurated in August 19, 2009.


The ground floor of this house runs 'The Heritage Gallery' where in the display pieces of Museum of Stolen Art until the completion of its construction and other for sale art pieces related to Nepalese art have been housed. The Not for Sale items are the replicas of lost or stolen stone images of Nepal and will be taken to Museum of Stolen Art in Panauti in 2022.




Before



After



Before



After

वासुकी घर

सम्पदाविद् रवीन्द्र पुरीको नागलोककको परिकल्पनाअनुरुप 'वासुकि घर' पहिलो चरण (सन् २०१८) मा तयार भएको हो। भक्तपुर, नागपोखरी वरपरका प्रत्येक घरलाई नागहरुका विभिन्न नामहरु जस्तै : वासुकि, अनन्त, शेष, कर्कोटक, टक्सक, पद्म आदिले सम्बोधन गराउने योजना र सपना पुरीले लिएका छन् । ऐतिहासिक महत्वको नागपोखरीलाई समेत मर्मत-सम्भार र संरक्षण गर्दै यो क्षेत्रकै पर्यटकीय घुमघामको स्थल बनाउने योजना पुरीले राखेका छन् । नागपोखरी र वरपरको क्षेत्रलाई आकर्षक र जीवन्त बनाउने यो अभियानमा आरपी फाउन्डेसनको लक्ष्यसमेत जोडिएर आउनेछ।


Basuki Ghar


Basuki Ghar showcases one of the best models of Malla architecture. The beautiful stone belt of Basuki Naag along with 12 Naagkanyas, marvellous sa: jhyal, biman jhya, traditional teliya bricks, wooden doors, stairs, marvellous wooden ceilings and pillars give a top class exotic experience of entering into the Malla era, sure enough to leave a nostalgic imprint to anyone's heart. It took two years for 9 sculptors to carve them out to the present form.


Basuki Ghar is the first completed house under the vision of Naaglok by Mr. Rabindra Puri in 2018. He envisions every single house around Naagpokhari of Bhaktapur to take over a traditional medieval appearance as that of Basuki Ghar. Those houses will be named after various names of naag serpents, like Ananta, Shesh, Karkotak, Takshak, Padama, etc. Basuki ghar has taken the lead. The conservation and renovation works for historic central pond Nagpokhari too will be carried out. RP Foundation plans to make this Naagpokhari area an attractive and lively touristic destination.











बाग्मतीदेखि टेकु दोभान

मठमन्दिर, पाटी, सत्तल र देवालयले घेरिएको काठमाडौं उपत्यकाको पुरातन सभ्यताको जग अझै कति उभिएको छ ? अथवा यो जग धराशयी भैसक्यो ?

पुरातात्विक महत्व र सम्पदाजन्य इतिहास भएका स्थलको छनोट गर्ने तथा संरक्षण गर्ने क्रममा पहिलोपटक नेपाल सरकार, पुरातत्व विभागको सहमतिमा वाग्मतीदेखि टेकु दोभानसम्मका २३ वटा स्थान सूचीकृत भएका छन् । एसियाली विकास बैंकले गर्ने पुनर्निर्माण, जीर्णोद्धार र सबलीकरणको यो योजना कार्यान्वयनमा आउन थालिसकेको छ ।

पुरातत्व विभागका उत्खनन अधिकृत भाष्कर ज्ञवालीका अनुसार १७ मध्ये केही स्थानमा काम सुरू भैसकेको छ । सकेसम्म जीर्णोद्धार र रेट्रोफिटिङ गरिने वाग्मतीदेखि टेकु दोभानसम्मका सम्पदा सूचीमा पहिलो चरणमा ५० भन्दा बढी स्थलको नाम प्रस्तावित थियो । तर, अन्तिम छनोटमा भने २३ वटा स्थल परेका हुन् ।

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठसहितको एउटा सरोकार समूहले पनि 'खुला स्थल जोगाऔं' भन्ने अभियान थालेर वाग्मतीदेखि टेकु दोभानसम्मलाई संरक्षित पैदल क्षेत्रका रुपमा विकसित गराउन अन्तर्क्रिया-बहस गर्दै आएका छन् । अहिले एसियाली विकास बैंकको सहयोगमा पुनर्जीवन पाउन लागेका स्थलहरु यसप्रकार छन्–

१. टेकु दोभानका ३ वटा सत्तल
२. टेकु दोभानको शिवालय
३. टेकु दोभान चिन्तामणि घाट क्षेत्रको सत्तल
४. पचलीघाटस्थित लक्ष्मीश्वर मन्दिर
५. पचलीघाटस्थित लक्ष्मीश्वर सत्तल
६. पचलीघाटस्थित राजभण्डारी सत्तल
७. पचलीघाटस्थित पुजारी घर
८. पुरेतघाट सत्तल–उत्तर
९. पुरेतघाट सत्तल–दक्षिण
१०. तीनदेवल सत्तल
११. तीनदेवल मन्दिर
१२. तीनदेवल नजिकैको मुख्य प्रवेशद्वार
१३. पञ्चलिंग मन्दिर
१४. तीनदेवलको कम्पाउन्ड पर्खाल
१५. पचलीस्थित २ वटा शिव मन्दिर
१६. नारायण सत्तल
१७. हनुमानघाटस्थित २ वटा सत्तल
१८. काजीघाटस्थित माथेमा सत्तल
१९. त्रिपुरेश्वर आँखा अस्पतालको दक्षिणतर्फ रहेको धर्मशाला
२०. सन्न्यासी सत्तल
२१. बैरागी सत्तल
२२. उदासी सत्तल
२३. त्रिपुरेश्वर कालमोचन सत्तल









संगीतमा सरिता

आउ बढाउ हातहरु...



पशुपति, जयबागेश्वरी ओरालो लाग्नासाथै मन्त्र, स्तोत्र र संगीतको धार्मिक-आध्यात्मिक ध्वनि गुन्जिन थाल्छ। साधुसन्त र धर्मकर्ममा आस्था राख्नेहरु पशुपति परिसरमा पुग्ने हतारोमा भेटिन्छन् । त्यही ओरालोमा ओहोरदोहोर गरिरहेकी भेटिन्छिन् सरिता मिश्र (४५) जो आस्थाले धर्मभन्दा बढी कर्ममा आस्था-भरोसा राख्छिन् ।

यही भरोसाका भरमा ११ वर्षअघि नाद संगीत पाठशाला खोलेकी सरिता अनाथ, असहाय र विपन्न बालबच्चाका लागि निःशुल्क संगीत सिकाउने ध्याउन्नमा जुटेकी छन् । पाठशालामा तबला, हारमुनियम, बाँसुरी, गितार, पियानो, भायोलिनलगायतका बाजागाजा र गायन, नृत्यसमेत सिकाइन्छ । हरेक बाजा बजाउन र सिकाउन विज्ञ गुरूहरु खटिएका छन् । झन्डै २ सय २० बालबच्चा बिहानदेखि बेलुकीसम्मै पालो मिलाएर आउँछन् । यीमध्ये कोही अनाथ आश्रममा बस्नेहरु छन्, कोही माइती नेपालमा आश्रय लिनेहरु पनि छन् ।

गुरू परम्परा हुँदै भारतको सम्पूर्णानन्द विश्वविद्यालयबाट तबलामा स्नातकोत्तर गरेकी सरिता सम्पूर्ण रुपमा शास्त्रीय संगीतमा समर्पित साधक हुन्। बुवा हरिप्रसाद मिश्रसमेत शास्त्रीय गायनमा पोख्त थिए । उनै बुवाको हात समाएर हिँडेकै भरमा आफैं शास्त्रीय संगीतको बाटोमा होमिएकी सरिताले २०४५ सालदेखि गुरू होमनाथ उपाध्यायको सान्निध्यमा तबलावादन सिक्न पाएकी थिइन् । सरिताले त्यसबेला तबला सिक्ने आँट गर्नु नै अचम्मको कुरा थियो, किनभने महिलाले तबला सिक्ने, बजाउने कुरा आफैंमा अचम्मलाग्दो थियो । संगीतकै धुनमा उनले पशुपतिमा नारायण संगीत प्रतिष्ठान स्थापना गरिन् भने लगत्तै केही संगीत जुझारूसँग मिलेर किराँतेश्वर संगीत आश्रम खोलिन् । त्यसपछि सुरू भएको नाद पाठशालामा केही दाता र हितैषीको साथ लिएर उनी संगीत शिक्षाको निःशुल्क प्रवर्द्धनमा लागिपरेकी छन् । पाठशाला सञ्चालनमा केही सहयोग र भरथेग केही वर्षयता आरपी फाउन्डेसनले पनि गर्दै आएको छ । 'म अहिले पनि सहयोगी हातहरु खोजिरहेकी छु,' सरिता भन्छिन् ।

संगीत सिक्ने र सिकाउने धुनमै सरिताले बिहा गर्ने अवसर पाएकी छैनन् । 'संगीतसँगै मेरो घरजम भयो भने हुन्छ,' उनी थप्छिन् । संगीतका सामान्य श्रोताका लागि शास्त्रीय संगीत नीरस र पट्यारलाग्दो कुरा भए पनि यसको स्वाद गढेपछि छाड्नै नसकिने बुझाइ छ सरिताको । 'तीतो करेला सुरूमा कसलाई मीठो लाग्ला र ? तर यसको स्वाद गढेपछि छाकैपिच्छे खाए पनि हुन्छ,' उनी भन्छिन् ।

अहिले नाद पाठशालामा धनबहादुर गुरूङले बाँसुरी, बालगोपाल महर्जनले भायोलिन, सुगमा गौतमले गायन, टुबा राईले गितार, देवकुमारी राईले किबोर्ड, प्रसन्ना श्रेष्ठले तबला, अमिस गन्धर्वले मादल, प्रनेश श्रेष्ठले नृत्य, कृतिक गुरूङले भायोलिन र सचिना श्रेष्ठले समेत भायोलिन प्रशिक्षण दिइरहेकी छन् ।

अहिले भने आरपी फाउन्डेसनले बर्सेनि दिइरहेको १ लाख ८० हजार रूपैयाँको सहयोगका भरमा पाठशालाले पढाइ, कक्षा सञ्चालन र शिक्षकको न्यूनतम तलब धानिरहेको अवस्था छ। अरु भने बालबच्चाका लागि छिटपुट सहयोग आइरहेको छ। तर यस्तो साथ, सहयोग र भरथेगको निश्चित टुंगो भने हुन्न ।



बाजागाजाका खातिर

नेपाली लोकबाजा संग्रहालय २०५२ सालमा स्थापित भएको हो । जोरपाटीवासी तन्त्र गुरू स्वामी अखण्डानन्द सरस्वतीसँग भक्ति-ध्यान सिकेपछि गुरूकै सदिच्छामा चेला रामप्रसाद कँडेलले गुरूलाई दक्षिणा बुझाउन खोलेको संग्रहालय आज देश-विदेशमा भिन्न पहिचानको नामकाम बनिसकेको छ ।

बाजागाजाका जानकार कँडेलले २०५४ सालमा औपचारिक रुपमा जिल्ला प्रशासन, काठमाडौंमा दर्ता भएपछि सुरूमा आफ्नै कालधारास्थित डेरामा बाजागाजा संग्रह गर्न थालेका थिए । २०५८ सालदेखि भद्रकालीमा नेपाल सम्पदा संघसँगै कोठा भाडामा लिएर ५ वर्षसम्म संग्रहालय विस्तारको काम जारी रह्यो । २०६४ सालदेखि भने त्रिपुरेश्वरस्थित गुठी संस्थानको सत्तलमा बस्ने गरी मन्त्रीस्तरीय बैठकबाटै अनुमोदन पाएर संग्रहालय आफ्नो गतिविधि अघि बढाइरहेको छ ।

अहिलेसम्मको शोधखोजमा नेपालभर १३ सयभन्दा बढी बाजागाजा रहेको तथ्यांक छ । संग्रहालयले भने ६५५ बाजागाजा संग्रहमा राख्न सकेको छ । ऐतिहासिक अर्थमा मल्लकालीन समयदेखि विभिन्न जातजाति, वर्ग, समुदाय र भूगोल विशेष बाजागाजा संग्रहालयले जोगाएर राखेको छ । 'हामी बाजाको संग्रह गर्दा पनि हरेक जातीय उद्गमकै आधारमा जन्मदेखि मृत्युसम्मकै बाजागाजाको उपयोग र विविधतालाई समेट्ने काम गरेका छौं,' संग्रहालयका अध्यक्ष कँडेल भन्छन्, 'बाजामा के काठ प्रयोग भएको छ, केको छाला राखिएको छ अथवा अन्य विशेषतासहित उल्लेख बाजागाजाको अर्काइभ बनाउने काम गरिएको छ ।' त्यो अध्ययनपछि तोकिएको विशेषतासहितको बाजागाजा बनाएर पनि संग्रहमा राख्ने गरिएको कँडेलले जानकारी दिए । अथवा, बजाउन छाडिएको र उपयोगहीन पुरानो बाजालाई पनि संग्रहमा राख्ने गरिएको छ ।

'जात्रा, चाडपर्व र सांस्कृतिक महत्व रहेका विशेष अवसरको श्रव्यदृश्य रेकर्ड पनि राख्दै आएका छौं,' कँडेल भन्छन्, 'यसमा जात्राको विशेषता, बाजाको विविधता र कारणसमेत उल्लेख भएको हुन्छ । साथै बाजा बजाउनेहरुको जीवनी र अनुभव पनि श्रव्यदृश्यमा समेटिएको छ ।' कँडेलका अनुसार, सारंगी बनाउन खिर्रा काठ किन चाहियो ? मादल बनाउन छत्तिउन किन चाहियो ? विणा बनाउन दार नै किन चाहियो ? यसको कारण खोतल्ने काम पनि भैरहेको छ । यस्तो अडियो-भिजुअल रेकर्ड अहिलेसम्म १० हजार घण्टाजति भैसकेको छ ।

संग्रहालयबाट 'बाजा' नामको जर्नल पनि प्रकाशित हुँदै आएको छ । सन् २०११ यता हरेक वर्ष काठमाडौंमा अन्तर र्राष्ट्रिय लोकसंगीत महोत्सव पनि सुचारू छ । इन्टरनेसनल काउन्सिल फर ट्रेडिसनल म्युजिकको सम्मेलनमा अन्तर्राष्ट्रिय रुपमा संग्रहालय सहभागी हुँदै आएको छ । संग्रहालयका लागि सरकारले वार्षिक रुपमा १५ लाख रूपैयाँ सहयोग दिंदै आएको छ ।

'यी बाजागाजा, यो इतिहास र संग्रह मेरो पेवा कुरा होइन,' कँडेल भन्छन्, 'कोही व्यक्ति वा संस्था अघि सरेर यसलाई चलाएर अघि बढ्छु भनेमा म सहस्र छाड्न तयार छु तर यो इतिहास यत्तिकै मेटिनुभएन भनेर प्रण गर्ने कोही नआइदेकोमा मलाई चिन्ता छ ।'





Center for Alternative Teaching and Healing



RP Foundation is also trying to uplift the general health situation as well as alternative health system in Nepal. For which Center for Alternative Teaching and Healing (CATH) is estabilished. CATH is running Homeopathic Clinic for more than 13 years, where patients are treated in classical homeopathic method in low cost. Likewise Bhaktapur Homoeopathic Medical College was also established on 2008 which runs 3 years Homoeopathic Health Assistant course affiliated by Council for Technical Education and Vocational Training (CTEVT).

The Clinic and College used to be supported by European Homoeopaths andfrom 2014 is running independently. Unfortunately due to devastating earthquake in 2015 the college didn't get permission for new admission , so the course is paused now. Similarly CATH is also planning to conduct Ayurveda, Massage and Midwifery clinics as well as training in near future with the aim of education, employment and access to poor people in remote areas. There main center will be for training the students and referral center for the treatment.

CATH's Aim is not only to produce the manpower suffering from the problem of unemployment. So it is also forwarding the concept of rural clinics in which all (Four) treatment facilities will be available for the patient which benefits both the students produced as well as the poor people of remote areas. After completing the course four of the students from each faculty will be send to each clinic. They will be serving the patients according to need (treatment system) and they will be paid by the CATH. CATH together with community will create the Dirghayu Bhawn as well as Management Committee for running fluently. The minimum income which they earn will go to the fund for buying the ambulance. The patient which cannot be treated in those rural clinics could be brought on the main center for the further treatment through the ambulances with minimum prices.





'होमियोप्याथी प्राथमिकतामा छैन'



होमियोप्याथी विषयमा भारतबाट एमडी पढाइ पूरा गरेर क्लिनिकल प्राक्टिस गर्दै आएका डा. अम्बिका प्रसाद ज्ञवाली भक्तपुर होमियोप्याथी क्लिनिकसम्बद्ध हुनुहुन्छ । विगत ३० वर्षयता होमियोप्याथी अभ्यास गर्दै आएका डा.ज्ञवालीसँग गरिएको कुराकानीको सारसंक्षेप :

होमियोप्याथी भनेको के-कस्तो चिकित्सा पद्धति हो ? कहिले र कहाँबाट सुरु भएको हो ?

- सन् १७९६ मा जर्मनीका डा. सामुयल हानेमनले होमियोप्याथी चिकित्सा प्रणाली सुरूआत गरेका हुन् जुन समानताको सिद्धान्तमा आधारित छ । होमियोप्याथिक उपचारमा रोगीको लक्षण लिइसकेपछि समान प्रकृतिको औषधि चयन गरिन्छ जसले उक्त रोगीमा सोही प्रकृतिको लक्षण निकाल्ने सामर्थ्य राख्दछ र सो औषधिले रोगीका लक्षणहरू निको पारी बिरामीलाई स्वस्थ अवस्थामा ल्याउँछ ।

  होमियोप्याथिक औषधिहरू वनस्पति, खनिज तथा जैविक स्रोतहरूबाट बनाइन्छ । र, शक्तीकृत गरिएको साथै औषधि रसायनको मात्रा सूक्ष्म रूपमा हुने हुनाले साइड-इफेक्ट हुने सम्भावनासमेत न्यून हुन्छ । औषधिले बिरामीको रोग प्रतिरोधात्मक प्रणालीलाई सबलीकरण गरी शरीरलाई नै आफ्नो रोग आफैं निको पार्न सघाउँछ । बिरामीको शारीरिक, मानसिक, संवेदनात्मक आदि लक्षणहरूको अध्ययन गरेर औषधि दिइने हुनाले बिरामीले धेरै औषधि खानुपर्दैन ।

  यो औषधि मानवमा मात्र नभएर गाई, भैंसी, कुकुर, बिरालो, बाख्रालगायतका जनावरका लागि समेत प्रभावकारी देखिएको छ । राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा उनको हात्ती बिरामी पर्दा तत्कालीन डा. खुसबहादुर थापाले उपचार गरेको र उपचारबाट प्रभावित भएर चन्द्रशमशेरले होमियोप्याथिक भेटेरिनरी अस्पताल नै खोलिदिएका थिए । पछि उक्त अस्पताल हालको त्रिपुरेश्वरस्थित भेटेरिनरी अस्पतालमा रूपान्तरण भएको हो ।

  विश्व स्वास्थ्य संगठनका अनुसार हाल विश्वमा एलोप्याथीपछि सबैभन्दा धेरै प्राक्टिसमा रहेको यो चिकित्सा पद्धतिलाई विश्वका ८० भन्दा बढी देशले अँगालेका छन् । भारतमा मात्र २ लाख ५० हजार चिकित्सकले होमियोप्याथी उपचार सेवा प्रदान गर्दै आएका छन् भने युरोपेली संघभित्र करिब ४० हजार चिकित्सकले यो उपचार सेवा प्रदान गर्दै आएका छन् । नेपालमा भने संवत् २०१० देखि सरकारी मान्यतामा पशुपति होमियोप्याथिक चिकित्सालय सञ्चालनमा छ ।

होमियोप्याथी चिकित्सा पद्धतिमा कस्ता खालका रोगहरूको उपचार हुन्छ ?

- होमियोप्याथिक औषधिले बिरामी (मानव/जनावर) को आन्तरिक प्रणालीलाई सबलीकरण गरी हरेक रोगसँग लड्न सक्ने क्षमता बढाइरहेको हुन्छ । बिरामीको कुनै एक प्रणाली या शरीरको कुनै पनि भाग वा अंगमा मात्र केही रोग वा लक्षण छ भने पनि बिरामीको सम्पूर्ण

शरीरको जाँच गरी अन्य शारीरिक, मानसिक, संवेदनात्मकलगायतका पक्षको प्रतिक्रियासमेत अध्ययन गरी 'होलिस्टिक अप्रोच' आधारमा उपचार गरिन्छ । यो प्रणालीका विशेषगरी छालासम्बन्धी रोगहरू जस्तै एक्जिमा, मुसा, सोरियासिस, डण्डीफोरलगायतका समस्याहरू, त्यस्तै पिनास, एलर्जी, बच्चामा बारम्बार बल्झिरहने टन्सिलाइटिस, ब्रोङकाइटिस, अन्य श्वासप्रश्वासजन्य रोगहरू, पेटसम्बन्धी ग्यासट्राइटिस, अल्सर, पाइल्स, फिस्टुला, फिसर, आईबीएसलगायतका समस्या, जोर्नी दुख्ने समस्या, थाइराइड, ढाड दुख्ने समस्या, ब्लड प्रेसर, महिनावारीसम्बन्धी समस्या, मानसिक समस्या वा सामान्य चोटपटक आदि समस्यामा पनि उपचार सम्भव छ ।

धेरै मानिसमा यो भ्रम रहेको पाइन्छ तर, छिटोढिलो भन्ने कुरा रोगको प्रकृतिमा भर पर्छ । प्रायः अरु पद्धतितिर उपचार गराएर थाकेपश्चात् बिरामीहरु यसमा आउने र रोग जटिल अवस्थामा पुगेको अवस्थामा उपचारमा अलि बढी समय लाग्न सक्छ, यो स्वाभाविक हो ।

होमियोप्याथी औषधिले ढिलो काम गर्छ भनिन्छ, यो के हो ?

- धेरै मानिसमा यो भ्रम रहेको पाइन्छ तर, छिटोढिलो भन्ने कुरा रोगको प्रकृतिमा भर पर्छ । प्रायः अरू पद्धतितिर उपचार गराएर थाकेपश्चात् बिरामीहरू यसमा आउने र रोग जटिल अवस्थामा पुगेको अवस्थामा उपचारमा अलि बढी समय लाग्न सक्छ, यो स्वाभाविक हो । हामीकहाँ आउने बिरामीमध्ये टन्सिलको समस्या, कान दुख्ने, टाउको दुख्ने, ज्वरो, डाइरियालगायतका तत्कालीन समस्यामा होमियोप्याथी उपचार पद्धतिले तुरून्तै काम गरेको स्थिति छ । अझ महत्वपूर्ण कुरा त अरू पद्धतिमा जिन्दगीभर औषधि खानुपर्ने रोगहरू जस्तै Hypothyroidism, Hypertension, Asthma, Allergy, Rheumatoid arthritis, IBS र कतिपय मानसिक रोगहरू, अनिद्रा आदि रोगहरू केही महिना या केही वर्षमा नै निको हुन सक्छ । रोगको कारण र प्रकृतिलाई सूक्ष्म अध्ययन गरेर उपचार गर्नुपर्ने हुनाले हामीले प्रत्येक बिरामीलाई एकदेखि डेढ घण्टासम्म लगाएर बिरामीको विवरण लिने र ल्याब परीक्षणपछि मात्रै औषधि दिइन्छ ।



नेपालमा होमियोप्याथीको पढाइ, विशेषज्ञ वा सरोकार कत्तिको छ ? सरकारको दृष्टिकोण र योजना के कस्तो छ ?

- विराटनगरमा पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा होमियोप्याथिक चिकित्सक (जनशक्ति) उत्पादन गर्न पहल भएको छ । निजी क्षेत्रबाट नेपाल होमियोप्याथिक मेडिकल कलेज सञ्चालन भएर लगभग ७० जति चिकित्सक उत्पादन भएका थिए । त्यसैगरी भक्तपुरमा सीटीईभीटीको सम्बन्धनमा होमियोप्याथिक सहायक चिकित्सक उत्पादन गर्न प्रक्रिया पूरा भएपछि भक्तपुर होमियोप्याथिक मेडिकल कलेजमा अहिले ५० जति होमियोप्याथिक सहायकका रूपमा उत्पादन भएका थिए । तर, सरकारी तहको बेवास्ता तथा उचित अवसर नपाएका कारण विराटनगरको कलेज बन्द अवस्थामा छ भने भक्तपुर कलेज २०७२ को भूकम्पपछि बन्द अवस्थामा छ । नेपालमा १० जना भारतबाट होमियोप्याथीमा एमडी गरेका डाक्टरहरूसमेत कार्यरत छन् । देशका विभिन्न भागमा लगभग ५ सय जति होमियोप्याथीका निजी क्लिनिक तथा फार्मेसी सञ्चालनमा रहेका छन् ।

नेपाल स्वास्थ्य सेवा ऐन-२०५३ मै पनि नेपालमा उपलब्ध रहने ३ वटा चिकित्सा प्रणालीमध्येमा होमियोप्याथी चिकित्सा प्रणालीसमेत रहेको साथै नेपालको संविधान-२०७२ मा पनि होमियोप्याथिकलगायतका स्वास्थ्य पद्धतिको संरक्षण-प्रवर्द्धन गर्ने कुरा सूचीकृत गरिएको छ ।

भक्तपुरमा सञ्चालित निजी स्तरको होमियोप्याथी कलेज तथा क्लिनिकको बारेमा बताइदिनुस् न !

- विसं २०६२ सालदेखि युरोपियन होमियोप्याथहरूको सहयोगमा सेन्टर फर अल्टरनेटिभ टिचिङ एन्ड हिलिङ सेवाअन्तर्गत सम्पदाविद् रवीन्द्र पुरीको समन्वयमा भक्तपुर होमियोप्याथिक क्लिनिक स्थापना भएको हो । २०६५ सालमा स्थापित भक्तपुर होमियोप्याथिक मेडिकल कलेज २०७२ को भूकम्पपछि भने स्थगित गरिएको छ । कमलविनायक नजिकै नयाँ भवन तैयार भैसकेकाले आगामी शैक्षिक सत्रदेखि सीटीइभीटी सम्बन्धनमा फेरि होमियोप्याथीको कलेज सञ्चालन हुने भएको छ । सुरूमा युरोपियन होमियोप्याथहरूको सहयोगमा सञ्चालित क्लिनिक तथा कलेज २०७० सालदेखि आरपी फाउन्डेसनको सहयोगमा नाफारहित हिसाबले चलिरहेको छ । क्लिनिकमा गरिब तथा निःसहाय बिरामीलाई निःशुल्क उपचार दिइने गरिन्छ ।

धौलागिरी र अन्नपूर्ण हिमालको काखमा बसेजस्तो देखिने मल्लाजमा प्रकृतिको सौन्दर्य त छ नै । एकजना मल्ल जिजुबाजेले एक शताब्दीअघि बनाएको दरबारलाई उनैका पनातीले निजी खर्च र उपायबाट रेट्रोफिट गराएपछि मल्लाज बस्तीमा रौनक थपिएको छ ।

मल्लाजमा सम्पदै-सम्पदा



धौलागिरीको पर्वत जिल्लामा पर्छ बेनी बजार । बजारबाट झन्डै १ घण्टा लगातार पूर्वी डाँडो उक्लिएपछि पुगिन्छ-मल्लाज ।

एक शताब्दीअघिसम्म मल्लहरुले विर्ता पाएको मल्लाजभूमिमा जातजातिको मिसावटयुक्त समाज पनि छ, खानपिन-रहनसहनको आफ्नै स्वाद पनि छँदै छ । योभन्दा रोचक र आकर्षक कुरा हो- मल्लाजको सम्पदा । यहाँ एक शताब्दीभन्दा पुराना घर त छन् नै । सबै सम्पदायुक्त, ढुंगे स्लेटले छानो छोपिएका, भक्तपुरे आँखीझ्यालयुक्त घरहरु ।

यो जिजुबाजे समयको कुरा हो, झन्डै डेढ शताब्दीअघिको कुरा । पर्वतको मल्लाजमा जन्मे-हुर्केका तेजबहादुर मल्ल जनताको छोरो भैकन त्यो समयमा नेपाली सेनामा कर्णेलको तहसम्म पुग्ने एक मात्र पात्र थिए । नामकाम, वैभव र सम्पत्तिसमेत साथमा भएपछि तेजबहादुरले आफू बस्ने प्रयोजनमा सुविधायुक्त दरबार बनाएका थिए । भक्तपुरबाट सीपयुक्त कामदार ल्याएर, दिनको ६ पैसा ज्याला र खानपिन दिएर उनले झन्डै २ वर्षमा एउटा दरबार उभ्याएका थिए ।

तेजबहादुर गाउँ फर्कंदा आफ्ना दुई आर्किटेक्ट सालाहरु कुमार र केदारनरसिंह रानालाई भनेर एउटा दरबार स्टाइलको भवनको नक्सासमेत बनाइमागेर ल्याएका रहेछन् । नरसिंह रानाहरु सिंहदरबार, शीतलनिवासको डिजाइनमा समेत जानकार थिए । त्यो डिजाइनअनुसार काम गर्ने दक्षतायुक्त कामदार भक्तपुरबाट साथैमा ल्याएर र मल्लकालीन शैलीमा माटो, सुर्की, पोलेका इँटका भरमा २ वर्षमा मल्लाज दरबार बनिएको रहेछ ।

गाउँ फर्किसकेका कर्णेल तेजबहादुरलाई तत्कालीन श्री ३ महाराज चन्द्रशमशेरले फेरि दार्चुलाको बडाहाकिम बनाएर

पठाएका रहेछन् । उनी दार्चुला पुगे र, उनको त्यतै निधन भयो । यसरी अनेक बलबुता र बर्गत खन्याएर दरबार उभ्याए पनि कर्णेल तेजबहादुरले यो दरबारमा बस्नै पाएनन् ।

बाजे इन्द्रबहादुर मल्ल पनि केही वर्ष मात्रै यो दरबारमा बस्न पाए, बाबु जीवनबहादुरको पालादेखि त परित्यक्तझैं रह्यो । बितेको झन्डै ४० वर्ष दरबार बिनासुरक्षा-संरक्षण बस्यो । ११५ वर्षअघि बनेको र समय हिसाबमा 'हेरिटेज' भैसकेको यो सम्पत्तिमा न मल्ल परिवारका छोरानातिले ख्याल गरे, न गाउँले रखवाली कोही रहे । बीचको द्वन्द्वकालमा दरबारमा रहेका ऐतिहासिक सामान, बन्दुक, हातहतियार, भाँडाबर्तन सबै खोसाखोस भएको स्थिति रहेछ ।

अब पालो आयो पनाति मुकुन्द मल्लको । उनी फेरि मल्लाज फर्किए र, झन्डै २ वर्ष लगाएर जिजुबाजेको चिनो दरबार 'रेट्रोफिट' गर्न लागिपरे । यो रेट्रोफिटिङमा मात्रै झन्डै ७५ लाख रूपैयाँ खर्चिए उनले । २२ रोपनी क्षेत्रफलमा फैलिएको 'द हेरिटेज एट मल्लाज' को ३ तले दरबारमा अहिले स्वदेशीभन्दा विदेशी आगन्तुक सम्पदा हेर्ने पाहुना बनेर आइरहेका छन् । दरबार हेर्न दिनहुँ आउने विद्यार्थी, शिक्षक र अन्य आगन्तुकको संख्या पनि उत्तिकै देखिन्छ । 'फर बेटर लाइफ मेरो जिजुबाजे मल्लाजबाट काठमाडौं गएका थिए,' उनी भन्छन्, 'फर बेटर लाइफ म भने काठमाडौंबाट मल्लाज फर्किएको छु ।'

मल्लाज गाउँभरि ढुंगाका छपनीले छाएका परम्परागत घरहरु भेटिन्छन् । नेपालमै कहलिएको सुन्तला खेतीको गाउँ बाँसखर्क यही मल्लाजको अर्को छेउमा बसेको छ । बेनी बजार, म्याग्दी तातोपानी वा मुस्ताङ जाने यात्रुहरु पनि मल्लाज दरबार हेर्न गाउँ उक्लने गरेका छन् । नामका आधारमा मल्लाज हेरिटेजलाई हेर्दा कसैले फूलबारी दरबार र कसैले मल्ल कर्णेल तेजबहादुरले आफ्नी श्रीमतीका नाममा बनाएको 'भ्यालेन्टाइन दरबार' समेत भन्ने गरेका रहेछन् ।





Muscular dystrophy

Muscular dystrophy is a group of diseases that cause progressive weakness and loss of muscle mass. In muscular dystrophy, abnormal genes (mutations) interfere with the production of proteins needed to form healthy muscle. Schulenfuer Nepal have been supporting children with Muscular dystrophy through RP Foundation. This foundation organizes exhibitionsof the paintings made by the children suffering from Muscular dystrophy. The painting exhibition were even organized in Heritage Gallery, Gachhen& in Germany too. This foundation even funds for the trips for the children annually. The trips were previously to Pokhara, Janakpur, Lumbini etc. & this year to the Bangkok.







Navadurga are nine manifestations of the goddess Durga in Hinduism, especially worshipped during the festival of Navratri where each of the nine manifested forms are venerated respectively for each night. Bhaktapur has got Navadurga as Nine living Goddesses which is called NAVADURGA GANA. RP Foundation has been supporting for the Navadurga Gana as well as for their masks which has to be renewed every year.





मुक्त टुँडिखेल

(पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठसहितको एउटा सरोकार समूहले 'खुला स्थल जोगाऔं' भन्ने अभियान थालेको एक वर्षभन्दा बढी भैसकेको छ । विशेषगरी २०७२ सालको भूकम्पपछि आ-आफ्ना गाउँटोलका पोखरी, मैदान, सार्वजनिक स्थल जोगाउने पक्षको जनचेतना निकै बढ्दै गएको पाइन्छ । यही उपक्रममा काठमाडौंको टुँडिखेल अतिक्रमणको विरोधमा सशक्त अभियान अघि सरेर 'अकुपाई टुँडिखेल' भन्ने तहको जनस्तरको कार्यक्रम पनि हालै सम्पन्न भएको छ। यो सन्दर्भमा कान्तिपुर दैनिकले मंसिर २, २०७६ मा लेखेको सम्पादकीय निकै सान्दर्भिक देखिएको छ।)



काठमाडौं- बिस्तारै छिर्ने, छिरेर अस्थायी संरचना बनाउने अनि त्यसलाई स्थायी रुपमा कब्जा गर्ने प्रवृत्तिले काठमाडौंका खुला ठाउँहरु मासिँदै गएका छन् । कुनै बेला एसियाकै ठूलो मानिएको काठमाडौंको टुँडिखेल यस्तै अतिक्रमणको चपेटामा छ अहिले । कहीं नेपाली सेनाको कब्जामा छ, कतै काठमाडौं महानगरपालिकाको र कतै निजी क्षेत्रका ठेकेदारको ।

पुरानो बसपार्कमा भ्युटावर बनाउने क्रममा खुलामञ्चमा लगेर बसपार्क गर्न थालियो । ६ महिनाका लागि राख्ने भनिएकोमा पाँच वर्ष बित्दासमेत बसहरु हटेका छैनन् । उल्टै काठमाडौं महानगरपालिकाले गत महिना त्यहाँ ढलान गरिदियो । त्यो थाहा पाएपछि संरक्षण अभियन्ताहरुले रोकिदिए । रोकेको



केही दिनपछि दसैंको मौका छोपेर महानगरले रातारात फेरि ढलान गरिदियो । महानगर खुलामञ्चमाथिको कब्जा तत्काल हटाउने पक्षमा छैन भन्ने संकेत हो, त्यहाँ ढलान गरिनु । बसपार्क राखिएको स्थलभन्दा दक्षिणतिरको भाग जस्ताले बारिएको छ । त्यहाँ दरबार हाइस्कुलका ठेकेदार कम्पनीको निवासस्थल बनाइएको छ । केही भागमा गाडी पार्किङस्थल बनाइएको छ । बस राख्ने मात्र नभई यो ठाउँलाई व्यापारिक प्रयोजनमा लगाउन महानगरले टहरा हाल्ने विवादास्पद अनुमतिसमेत दिएको थियो– काठमाडौं भ्युटावरको ठेकेदार कम्पनीलाई । त्यहाँ ४२ वटा सटर बनाइएकोमा स्थानीयवासी, अभियन्ताको विरोधपछि प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनमा डोजर लगाएर टहरा भत्काइदिनुपर्ने अवस्था आएको थियो ।

यसरी हेर्दाहेर्दै कब्जामा परेको हो– खुलामञ्च । यसको छेउकै दुईमाजु परिसरमा १७ जना व्यापारीले पसल सञ्चालन गरिरहेका छन् । त्यसलाई हटाउन गुठी संस्थान, काठमाडौं महानगरपालिका २८ वडाले ताकेका गर्दा पनि व्यापारीले मानेका छैनन् । बीसको दशकतिरबाट यसरी टुँडिखेल अतिक्रमण हुने क्रम बढेको देखिन्छ । रानीपोखरीदेखि वाग्मती नदीसम्मकै भाग टुँडिखेल भएको पुराना नक्सामा देखिन्छ । बीसको दशकमा

बेलायती महारानी नेपाल आउँदा भद्रकालीबाट धरहरातिर जाने बाटो खोलियो । यही बेलादेखि टुँडिखेल खण्ड-खण्डमा बाँडियो । केही भागमा रत्नपार्क बनाइयो ।

रत्नपार्कसँगै सैनिक मञ्च बन्यो । त्यतिमा मात्र सीमित भएन सेना । अहिले त प्याराफिटै बनाएको छ । तीनवटा भवन पनि छ । तीमध्ये दुईवटा गगनचुम्बी भवन बनेका छन् । एउटा पुस्तकालय बनेको छ । इन्द्रचोक, असन, भोटाहिटीलगायत 'कोर सिटी' मा केही विपत्ति आइलाग्यो भने सबै भेला हुने खाली ठाउँ छैन । टोलमा सानासाना चोक छन् । त्यसबाहेक खुला ठाउँ खोज्न वसन्तपुर डबली या भूगोल पार्क पुग्नुपर्छ । ठूला घर भएकाले यी क्षेत्र पनि सुरक्षित लाग्दैनन् । त्यही भएर टुँडिखेलै जानुपर्छ । अर्थात् प्राकृतिक विपद् आइपर्दा जाने ठाउँ यही मात्र हो ।

कोर सिटीका मात्रै जम्मा हुने ठाउँ हैन– टुँडिखेल । त्रिपुरेश्वर, थापाथली, बागबजार, कान्तिपथलगायत स्थानबाट खुला ठाउँ खोज्दै यहीं जानुपर्छ । भुइँचालो आउँदा टुँडिखेलबाहेक सैनिक मञ्चसमेत पीडितले भरिएका थिए । त्यति मात्रै होइन, राष्ट्रियस्तरका कार्यक्रम हुने ठाउँ पनि हो टुँडिखेल । टुँडिखेल खुला मात्र नभई सांस्कृतिक गतिविधि हुने केन्द्र पनि हो । टुँडिखेलको मध्यभागमा खरीको बोटमा चौतारो थियो । यो त्यही चौतारो हो, जहाँबाट त्यस चौतारोमा बसेर राणा प्रधानमन्त्रीहरु ऐतिहासिक निर्णय जनतालाई सुनाउने गर्थे । यही चौतारोमा बसेर राणा प्रधानमन्त्री चन्द्रशमशेरले दास उन्मूलन गर्ने घोषणा गरेका थिए । यही चौतारोमा बसेर राजालगायत विदेशी पाहुना टुँडिखेलमा हुने राष्ट्रिय पर्व, उत्सव हेर्थे । अहिले पनि प्रजातन्त्र दिवस, संविधान दिवस, बडादसैंको बढाइँ, कवाज, घोडेजात्राजस्ता सांस्कृतिक क्रियाकलाप हुने गर्छ । कुनै बेला यहाँ साना व्यापारीले कब्जा गरेका थिए । उनीहरुलाई केही समयका लागि भनेर महानगरले भृकुटीमण्डप सारेका थिए । तीन महिनाका लागि भनेर सारेको त्यो ३१ रोपनी जग्गामा अहिले साना व्यापारीले कब्जा जमाएका छन् ।

टुँडिखेललाई मुक्त बनाउने उद्देश्यका साथ उपत्यकावासीले 'अकुपाई टुँडिखेल' अभियान सञ्चालन गरिरहेका छन् । उनीहरुले चरणबद्ध रुपमा हरेक शनिबार टुँडिखेलमा भेला भएर दबाब सिर्जना गर्न सुरू गरेका छन् । पहिलो चरणमा खुलामञ्चको बसपार्क हटाउन दबाब दिनेदेखि सेनाबाट भएका अतिक्रमणसमेत हटाउने उनीहरुको योजना छ । यो अभियानको जुन उद्देश्य छ, वास्तवमा यो कार्य महानगरपालिका आफैंले गर्नुपर्ने हो, जनताले गर्नुपरिरहेको छ । त्यसैले यस्ता जनस्तरीय पहललाई महानगरपालिका र सरकारले गम्भीरतापूर्वक लिनुपर्छ । काठमाडौंले सास फेर्न पाउने ठाउँहरु खाली गराउनुपर्छ ।



त्यो ति ख्य

डा.तीर्थबहादुर श्रेष्ठ

वनस्पतिविद्

हालको टुँडिखेल (ति ख्य) नजिक नर्कटको घारी थियो । नेवार परम्पराअनुसार विभिन्न कर्म गर्दा वा चाडपर्व मनाउँदा चाहिने नर्कट काट्न उपत्यकाका धेरै ठाउँबाट मानिसहरु टुँडिखेल पुग्थे ।

छेउछाउमा खोल्सा, चरनका लागि लगिएका चौपाया, केटाकेटी उफ्रीपाफ्री गर्ने घाँसे मैदान त्यतिबेलाको टुँडिखेलको परिचय हो । जहाँबाट सेता हिमशृंखलासमेत प्रस्टै देखिन्थे ।

टुँडिखेलमा हरेक बिहान सेनाको टुकडी पुग्थ्यो । घण्टाघर नजिकै ड्युटीमा रहेको जवानले शिरको टोप झिक्थ्यो र अलि टाढाको साथीलाई संकेत गर्थ्यो । त्यसपछि देख्ने दोस्रो ड्युटीवाल जवानले टाउकोबाट टोप झिक्थ्यो । क्रमैसँग यो शैली सैनिक अ•ासम्म पुग्थ्यो र चर्को स्वरमा उपत्यका थर्किने गरी तोप पड् काइन्थ्यो ।

यो टुँडिखेलको बीच भागमा दुईवटा खरीका रुख थिए । एउटा रुखमा चौतारी बनाएर राजनीतिक भाषण गरिन्थ्यो, अर्को खरीको रुखलाई भने संस्कृतिको रुपमा लिइन्थ्यो । एउटा रुखमा एक मुरी चामलको भात र राँगाको मासु ल्याएर पूजा गरी भोज चलाइन्थ्यो । अर्को रुखको चौतारीमा उभिएर नेताहरु गर्थे ।

ती खरीका रुखहरु चन्द्रशमशेरको पाला अघिबाटै थिए । त्यतिबेलासम्म रुखको राम्रै हेरविचार हुन्थ्यो । त्यही रुखमा शुक्रराज शास्त्रीलाई फाँसी दिइएको थियो । त्यो खरीको बोट हाम्रो समयको इतिहास हो, अझ टुँडिखेल हाम्रो सभ्यताकै इतिहास हो ।

एउटा समाजको चिनारीभित्र त्यहाँको रहनसहन, कलासंस्कृति, सम्पदा, खानपिन र स्वादले पनि स्थान ओगटेको हुन्छ । 'नमुना घर' को हरेक अंकमा हामी जातीय, क्षेत्रीय र भौगोलिक विविधताअनुसारको खाने कुराको चर्चा पनि गर्नेछौं ।

'कटिया' खुबै मन पर्छ...

मोनिका झा, *राजविराज*

मूलघर मध्यतराइको राजविराज भएकी मोनिका झा खानी तथा भूगर्भ विभागकी प्राविधिक कर्मचारी हुन् । २०७२ सालमा नेपालमा भूकम्प गएपछि विभिन्न प्रभावित बस्ती तथा जमिनको भूबनोट मूल्यांकन गर्न देश-दौडाहामा व्यस्त रहेर भिन्न चिनारी बनाएकी मोनिकासँग गरिएको खानपिन-संवाद :

आफ्नो खानपिनको रुचिबारेमा केही भनिदिनोस् न ।

- मलाई सबैभन्दा मन पर्ने खाना नेपाली दालभात नै हो । देश-विदेश जहाँ पुगे पनि दालभात भनेपछि हुरूक्कै हुन्छु । चाइनिज र इटालियन खानाको पनि सोखिन छु ।

काठमाडौं उपत्यकामा धेरै खालका खान्की चलेका छन् । थकाली, नेवारी वा अन्य के खानपिनको रुचि छ ?

- मलाई थकालीभन्दा पनि नेवारी खाना मन पर्छ, नेवारी स्वाद जिब्रोमै टाँसिने खालको 'तड्का' हुन्छ ।

विदेशमा आफ्नै लोकल खानपिनको ब्रान्ड बनेको हुन्छ । भारतमै पनि सिक्किम, गोवा, मुम्बईको आफ्नै खानपिनका ब्रान्ड छन् । हामीकहाँ भने किन आफ्नो खानपिनको चर्चा चिनारी नभएको हो ?

- हामीकहाँ पनि फरक संस्कृति, भूगोल र बसोबासअनुसारको भिन्न खानपिन हुने गरेको छ । हरेक 'इथ्निक ग्रुप' को आफ्नै खानपिन र स्वाद छ । तर, त्यसलाई व्यावसायिक रूपमा चिनाउन र ब्रान्ड बनाउन हामीले सकिरहेका छैनौं ।

काठमाडौं उपत्यकाबाहिर जाँदाको खानपिनको विशेष अनुभव भनिदिनुस् । के स्वादिलो लाग्यो, सम्झनायोग्य ? अथवा विदेशकै कुरा ?

- काठमाडौं उपत्यकाबाहिर जाँदा म जुन ठाउँमा गएको हो,





त्यस ठाउँको स्थानीय र पपुलर खाना खान म रूचाउँछु । पहाडतिर जाँदा ढिंढो र लोकल कुखुरा खान रूचाउँछु भने तराइतिर माटाको भाँडामा पकाइएको खसीको मासु (कटिया) मन पर्छ । विशेषगरी 'कटिया' रौतहटको लोकल चिनारी-खाना हो । हिजोआज काठमाडौंमा पनि कटिया खान पाइने रेस्टुराँ खुलेका छन् । भर्खरै म जापान गएकी थिएँ । टोक्योमा ओयो कर्पोरेसनको स्टाफबीच 'कुइजिन क्लब' बनेको रहेछ, जहाँ हरेक पाहुनाले आफूले जानेको एउटा खानेकुरा पकाएर सबैलाई चखाउनुपर्ने रहेछ । मैले नेपाली स्टाइलमा चिकेन-करी बनाएकी थिएँ । त्यो स्वाद सबै जापानीले निकै मन पराएका थिए । त्यसको 'रेसिपी' पनि मसँग सिकेका थिए ।

खानपिन संस्कृति, सभ्यता हो कि होइन ? नेपालको खानपिनको सभ्यता छ कि छैन ?

- खानपिन भनेको संस्कृति र सभ्यताको एक अभिन्न अंग हो । बिभिन्न चाडपर्वमा बनाइने बिभिन्न परिकारहरूले हाम्रो संस्कृति तथा संस्कृतिसँगको साइनोलाई चिनाउँछ ।

मैथिल खानाको विशेषता, स्वाद र संस्कृति के हो ? आफ्नो मैथिल स्वादमा सबैभन्दा मन पर्ने के हो ?

- मैथिल संस्कृति र सभ्यतामा खानपिनको महत्व बिशेष छ, बिशिष्ट छ । पर्व, मौसम र अवस्थाअनुसार मैथिल खानपिनका परिकारहरू अनेक छन् । चाडपर्वअनुसार फरक-फरक खाना/परिकार बन्ने गरेका छन् । जस्तै : जुडसितलमा 'करिबरि', होलीमा 'पुवा', छटमा 'ठेकुवा', चौठचन्द्रमामा 'पिरिकिया', माघे संक्रान्तीमा 'तिलको लड्डु' आदि परिकार बन्ने गरेको छ । मैथिलमा माछाको झोल, चोखा, भर्ता भने सधैंको चल्तीको (सदाबहार) खानेकुरा हो ।

'अइला' ब्रान्ड बन्न सक्छ

हिक्मत थापा, *कैलाली*

टीकापुर, कैलाली मूलघर भएका हिक्मत थापा खाद्य प्रविधि तथा गुणस्तर विषयका विज्ञ हुन् । एक दशकयता नाइजेरियाको लेगोस बस्दै आएका थापा अफ्रिकाकै प्रतिष्ठित डेङ्गोटे कम्पनीमा खाद्य प्रविधि विज्ञका रुपमा कार्यरत रहँदै आएका छन् । गैरआवासीय नेपाली सघंका केन्द्रीय कोषाध्यक्षसमेत रहिसकेका थापा खानपिनका मामलामा पनि निकै सोखिन छन् ।

तपाई सुदूरपश्चिमको जीवनशैलीमा जन्मनु-हुर्कनुभयो । खानपिन र स्वादको सम्झना कसरी गर्नुहुन्छ ?

- मलाई बच्चैदेखि खाईपिई आएका रैथाने स्वादहरू खुबै मन पर्छन् । अझ सुदूरपश्चिमी पहाडका खानपिनहरू मन पर्छ । देशविदेश जहाँ पुगे पनि रैथाने खाना भनेपछि मरिहत्ते गर्छु ।

काठमाडौं उपत्यकामा धेरै खालका खानेकुरा भित्रने क्रममा छन् । चल्तीको थकाली वा नेवारी खानपिनमा रुचि कत्तिको छ ?

- काठमाडौं उपत्यका अब सिंगो नेपालकै खानपिन, संस्कृति र सभ्यताको केन्द्र भैसकेको छ । मलाई नेवारी खाजा, खाना र पेयमा निकै रूचि छ । अझ थकाली खानाले बनाएको राष्ट्रिय पहिचान र समावेशी स्वाद आफैंमा स्वादिष्ट छ ।

विदेशमा खानपिनको आफ्नै लोकल ब्रान्ड हुन्छ । हामीकहाँ आफ्नै खानपिनको 'ब्रान्ड' बन्न किन नसकेको हो ?





- म बसेको अफ्रिकी मुलुक नाइजेरियामा भने स्थानीय खानपिन र स्वादको 'ब्रान्डिङ' गरिएको हुन्छ । स्थानीय खानपिनलाई सानाठूला सबै होटल, रेस्टुराँले मेनुमा राखेकै हुन्छन् । खानपिनमा स्वाद, चिनारी र गौरव एकैसाथ जोडिएको हुन्छ । हामीकहाँ भने लोकल खान्की र स्वादलाई पन्छाउन खोज्ने संस्कार बढी छ । गुन्द्रुक, सिन्की, सिस्नोको झोल, मस्यौरा आदि नचिन्नु पो सभ्यता हो कि झैं बनेको छ । हाम्रो ब्रान्ड भनेको 'मोमो' र 'चाउमिन' मात्रै हो कि झैं बनेको छ ।

काठमाडौं उपत्यकाबाहिरको खानपिन स्वाद र ब्रान्ड के हुन सक्छ ? अथवा विदेशमै स्थापित ब्रान्डका बारे कत्तिको जानकारी छ ?

- हो, काठमाडौंबाहिर जानासाथ आ-आफ्नै ब्रान्ड बनेका खानेकुरा पाउन सकिन्छ । जस्तो– चितवनको तास, पाल्पाको चुकाउनी, जनकपुरको माछा, धराने कालो बंगुर, वसन्तपुरको तोङ्वा, सुदूरपश्चिम पहाडको फाडी, कर्णाली किनारका माछा आदि । विदेशमा भने पिज्जा र चीजको अनेक 'ब्रान्ड' बनेको देखिन्छ । अफ्रिकातिर भने तरूलको ढिँढो प्रचलित छ । नाइजेरियामा भने पेपे सुप, याम चिप्स, पोलेको मकै र सखरखण्ड (सुठुनी) प्रचलित छ ।

काठमाडौं उपत्यकामा अइलाको निकै ख्याति छ । के यसलाई ब्रान्ड बनाउन सकिन्न र ?

- हो, काठमाडौं उपत्यकाकेन्द्रित मात्रै बनेको छ । अइलाको ख्याति र ब्रान्ड विदेशमा पनि फैलाउन सकिन्छ । गुणस्तर, प्याकेजिङ र ब्रान्डमा ध्यान दिएर बाहिर पनि प्रचारमा लैजान सक्यौं भने 'अइला' अन्तर्राष्ट्रिय बन्न सक्छ भन्ने लाग्छ ।

पुरातत्व किन सार्ने ? कहाँ सार्ने ?

रामशाहपथमा रहेको राष्ट्रिय अभिलेखालय र पुरातत्व विभागलाई यो ठाउँ छाड्नका लागि सर्वोच्च अदालतले आदेश दिएको धेरै भैसक्यो । तर, अभिलेखालय-विभागलाई कहाँ सार्ने, कसरी सार्ने वा कहिले सार्ने भन्ने विकल्प सरकारले दिन सकेको छैन ।



पुरातत्व विभागका निमित्त महानिर्देशक दामोदर गौतमका अनुसार, एकदमै संवेदनशील अवस्थामा रहेका पुरातात्विक महत्वका सामग्रीले त्यही प्रकारको सुरक्षा खोज्ने भएकाले त्यस्तो वैकल्पिक संरचना तत्काल कहीं पनि उपलब्ध हुन सकेको छैन । राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमै महत्व रहने यी सम्पत्तिजन्य सामग्रीका हकमा त्यत्तिकै बोरामा हालेर डेरा सर्न/सार्न नसकिने भएकाले पनि अभिलेखालय/पुरातत्व यथास्थितिवादमा अल्झेर बसेका हुन् ।

पाँचौं शताब्दीयताका सामग्रीहरु अभिलेखालयमा राखिएका छन्, कतिपय त वातानुकूलित अवस्थामा पनि राखिएका छन् । हामीसँग विश्व सम्पदा सूचीमा रहेका मुख्य क्षेत्रको सम्पूर्ण 'डिटेल' सुरक्षित राखिसकेका छौं, हरेक सम्पदाको वाल पेन्टिङ, आइकोनोग्राफिक कला आदि सबैको डिटेल छ । तर, विश्व सम्पदाबाहिर रहेका पुरातात्विक सामग्रीका हकमा भने सबै 'डिटेल' राख्न सकिएको छैन । यसअघि, स्वयम्भूनाथ, बौद्धनाथ, पशुपतिनाथ, चाँगुनारायण, भक्तपुर दरबार क्षेत्र, पाटन दरबार क्षेत्र र हनुमानढोका दरबार क्षेत्रलाई एकल सम्पदाअन्तर्गत सूचीकृत गरिएकोमा यो वर्ष भने तिलौराकोट र जनकपुरलाई विश्व सम्पदा सूचीमा समावेश गर्नेतर्फ पुरातत्व लागिपरेको छ । महानिर्देशक गौतमका अनुसार, नयाँ सूचीकृत गराउने काममा 'डकुमेन्ट' बनाउने प्रक्रयामा पुरातत्व लागिपरेको छ ।

खतराको सूची ?



विश्व सम्पदा सूचीमा रहेका सम्पदाहरु खतराको घेरामा रहेको भन्दै यदाकदा राष्ट्रिय-अन्तर्राष्ट्रिय तहमै हल्ला चल्ने गर्छ । 'हो, मानवनिर्मित वा प्राकृतिक विपत्तिका बेलामा यस्ता सम्पदालाई खतराको सूचीमा राख्न खोजिन्छ । तर, पक्ष राष्ट्रले त्यसमा सहमति नदिइन्जेल यो सम्भव छैन,' गौतम भन्छन् । युनेस्को अभिसन्धि-१९७२ मा हस्ताक्षर गर्नु भनेको कुनै पनि पक्ष राष्ट्रले 'आफ्नो देशमा रहेका सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक महत्वका सम्पदालाई हिफाजत गरेर राख्नेछु' भनेर प्रतिबद्धता जनाएको अवस्था हो । तर, यसमा एकोहोरो रुपमा खतराको सूचीमा रहेको भन्दै सम्पदा सूचीबाट हटाउन भने मुस्किल छ ।

'अहिले युनेस्को सम्पदाको सम्भाव्य सूचीमा १५ वटा ठाउँ परेका छन् । यसमाथि सोधपुछ र थप अनुसन्धान भैरहेकै अवस्था छ । भगवान् बुद्धको राजप्रासाद रहेको तिलौराकोट, भगवान् बुद्धको अस्ति धातु राखिएको रामग्राम क्षेत्र, जुम्लाको सिंजा, जानकी मन्दिर, पनौती, खोकना, साँखु, गोर्खा, पाल्पाको रिडी, दुल्लु आदि सम्भावित क्षेत्र हुन्,' गौतमले जानकारी दिए ।

अभिलेखालयमा के छ ?




२०२४ सालमा स्थापित भएको अभिलेखालयमा सुरूमा वीर पुस्तकालयबाट ल्याइएका सामग्री राखिएको थियो । यसमा नेपाल-जर्मन पाण्डुलिपि परियोजना नाममा जर्मन सरकार सरकारले दस्तावेज अभिलेखीकरणमा निकै सहयोग गरेको थियो ।

अभिलेखालय प्रमुख सौभाग्य प्रधानांगका अनुसार, अभिलेखालयमा अहिले झन्डै ५० हजार हस्तलिखित ग्रन्थ छन्, देशभरबाट संकलित र माइक्रोफिल्मको कपीसमेत रहेको अवस्थामा झन्डै २ लाख ग्रन्थ छन् । यसका झन्डै ५४ लाख 'फोलियो' (पृष्ठ) तयार छन् ।

यस्तै, तिब्बतियन भाषामा लेखिएका झन्डै १२ हजार जति धार्मिक ग्रन्थहरु पनि अभिलेखालयमा छन् । कुमारीचोक, कोशीतोपखानाका कागजातहरु पनि सुरक्षित छन् । परराष्ट्र, जैसीकोठा र कानुन किताबखानाका अभिलेख पनि राखिएका छन् । कुमारीचोक कागजमा भने महालेखाका पुराना कागजात छन्, हस्तलिखित र बाहिरबाट ल्याएका ग्रन्थको माइक्रोफिल्म काम भैसकेको छ ।

'अब भने डिजिटल कपी बनाउनमा लागेका छौं,' प्रधानांग भन्छिन्, 'हामीसँग सुगौली सन्धिको प्रति भने भेटिएको छैन, सम्भवतः परराष्ट्रमा छ । महाकाली र लिपिधुराको नक्सा भने भेटिएको छ ।' यसैगरी, अहिले विवादमा रहेको र भारतले एकलौटी रुपमा आफ्नो राजनीतिक नक्सामा गाभेको लिपुलेकको तिरो तिरेको रसिद पनि भेटिएको छ । यसमा संवत् १९९६ मा तिरो तिरेको देखिन्छ ।



गढीको छोपिंदो इतिहास

इतिहासमा जेजति युद्ध र योद्धाहरूको चर्चा हुन्छ, त्यसमा किल्ला र गढीको कथा पनि जोडिएकै हुन्छ । नेपाल देशको उत्पत्ति नभइ बाइसे र चौबिसे राज्यहरूको युगमैं आफ्नो राज्य जोगाउने हेतुमा बनेका किल्ला र गढीहरू इतिहास केलाउने एक आधार पनि हुन्, पुरातत्वको अध्यन गर्ने सन्दर्भ-सामग्री पनि हुन् ।

गढीहरूको इतिहासबारेमा प्राध्यापक डिल्लीराज शर्माले नेपाल तथा एशियाली अनुसन्धान केन्द्र(सिनास) बाट एक अध्यन पुस्तक निकालेका छन् भने पुरातत्व बिभागले पनि २०६० सालमा 'गढीहरूको प्रतिवेदन' प्रकाशित गरिसकेको छ । यो अध्यन आधारमा अहिलेसम्म भेटिएका गढीहरूको सूची यसप्रकार छ :

१. रसुवा गढी २. मकवानपुर गढी ३. चिसापानी गढी ४. दैलेख गढी (कोतकिल्ला) ५. नुवाकोट गढी ६. सिन्धुली गढी ७. जित गढी ८. काढे गढी ९. अमर गढी १०. चौदण्डी गढी ११. साँगुरी गढी

एउटा कथा संघर्षको

भक्तपुर- प्राचीन सम्पदालाई ब्युँताउने अभियानमा लागिपर्ने अभियन्ता रवीन्द्र पुरीको जीवन, संघर्ष र सम्पदामाथि आधारित रहेर चर्चित निर्देशक छिरिङरितार शेर्पाले एउटा वृत्तचित्र तयार गरेका छन् ।

'लिभिङ एक्जाम्पल-रेस्टोरिङ विथ अ प्यासन' टाइटलमा तयार भएको १० मिनेट लामो वृत्तचित्रमा रवीन्द्रको जीवन संघर्ष र उपलब्धिको कम्तीमा पछिल्लो २० वर्षको कथालाई समेटिएको छ । कलात्मक इँटा, काठ, ढुंगा तयार पार्दाको मिहिन दृश्यचित्रसँगै रवीन्द्रका संरक्षण-संवर्द्धनका योजनाहरुको झलक वृत्तचित्रमा देख्न पाइन्छ । आफ्ना पिताको मृत्युपछि पाटन म्युजियममा काम गर्न थालेको र त्यही कारण नेपाली वास्तुकला, सम्पदामाथि प्रेम बढेको सन्दर्भसहित रवीन्द्रले कथाको कतिपय स्थानमा प्रथम पात्र (म) का रुपमा उभिएर वृत्तान्त बताएका छन् भने कतिपय स्थानमा निर्देशक शेर्पाले अरुका मुखबाट बोल्न लगाएका छन् ।





यो वृत्तचित्रमा प्राचीन भक्तपुर सहरको झलक देख्न पाइनेछ भने सन् २००४ मा नमुना घरले युनेस्को एसिया प्यासिफिक कल्चरल हेरिटेज अवार्ड पाउँदासम्मको क्षणलाई अरु सबैका लागि अनुकरणीय रुपमा प्रस्तुत गरिएको छ । १० वर्षअघि आफ्नो भक्तपुर र पनौतीस्थित जमिनको आधा आरपी फाउन्डेसनका नाममा दिएर सुरू भएको नाफारहित एउटा संस्थाले जारी राखेका योजनाहरुमा रवीन्द्र अभियन्ताका रुपमा देखिएका छन् । सामुदायिक विद्यालयको प्रवर्द्धन, मिसन पनौती, म्युजियम अफ स्टोलन आर्ट, हेरिटेज ग्यालरी, रंगीन होम्स, नेपाल भोकेसनल एकेडेमी आदि योजना र अभियानका बारे पनि वृत्तचित्रमा उल्लेख गरिएको छ ।

फिल्म क्षेत्रमा काम गर्न आफ्नै मिला प्रोडक्सन स्थापना गरेर ३ दशकयता काम गर्दै आएका शेर्पाका 'टियर्स अफ टर्चर (१९९४)', 'द स्प्रिट डज नट कम एनिमोर (१९९७)', 'मुक्तुन्डो : मास्क अफ डिजायर (२०००)', 'कर्मा २००६', 'उमा (२०१३)', 'सिंहदरबार', टीभी शृङ्खला (२०१५), 'कालो पोथी(निर्माता)', 'सेतो सूर्य (निर्माता)' लगायतका फिल्म बाहिर आएका छन् ।



महाभुकम्प:२०७२

गछें–योजना

नेपालको इतिहासमा सधैं सम्झना भैरहने एउटा पछिल्लो तिथि मिति हो– २०७२ वैशाख १२ । भूकम्पको डरलाग्दो कम्पन (७.८ म्याग्निच्युड) र लगातार आइरहेको झट्काका कारण देशका दुई दर्जनभन्दा बढी जिल्लामा पुगेको क्षतिको आकलन अझै पनि गर्ने काम भैरहेको छ । पहिलो कम्पन आएको दुई सातापछि फेरि २०७२ वैशाख २९ मा गएको अर्को परकम्पनले गर्दा देशमा नसोचेको भौतिक, आर्थिक र मानवीय क्षतिसमेत भएको थियो । भूकम्पपछिको आवश्यकता आकलन प्रतिवेदन (पीडीएन) अनुसार ८,७९० जनाले ज्यान गुमाए भने २२,३०० जना घाइते भए । यस्तै ४,९८,८५२ निजी घर, २,६५६ सरकारी भवन र विद्यालयका १९,००० भन्दा बढी कक्षाकोठा पूर्ण रुपमा क्षति भएका थिए । त्यस्तै ७५३ पुरातात्विक सम्पदा तथा मन्दिरहरु क्षतिग्रस्त भएका थिए ।

यो क्षतिको सूचकांकमा अग्रपंक्तिमा सम्पदायुक्त सहर भक्तपुर पनि परेको थियो । भक्तपुरको दत्तात्रय स्क्वायर, गछें टोलमा आँखैसामु देखिएको भूकम्पको बीभत्स क्षतिको दृश्य र त्रासदीका माझ आरपी फाउन्डेसनले सक्दो साथ-सहयोग र उद्धारको अभियान चलाएको थियो ।

भूकम्प आएको थुप्रै दिन, हप्तौं र महिनौंसम्म पनि उद्धार र राहतका अनेक अभियानहरु विभिन्न निकायमार्फत चलिरहे । व्यक्ति, संस्थादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरु उद्धारक बनेर अगाडि आइरहे । तर, भत्किएका घर, सम्पदा र सार्वजनिक स्थलको हेरचाह गर्ने वा त्यसतर्फ ध्यान दिने काम लामै समयसम्म हुन सकेन । यो स्वाभाविक थियो कि विपत्का बेलामा सबैभन्दा प्राथमिकतामा रहेर मान्छेकै जीवनको सुरक्षा र देखभाल आवश्यक हुन्छ नै ।

राज्य तह, सेना वा प्रहरीको दृष्टिमा यो हताहत स्थितिपछिको उद्धारकारी कार्य भनेकै 'भूकम्पले क्षति पुगेका जुनै घर/सम्पदालाई तत्कालै भत्काइहाल्नु' मात्रै थियो । न क्षतिको असर वा प्रभाव मूल्यांकन रहृयो, न कुन तहको क्षति भनेर मूल्यांकन गरियो ।

यो अन्योल र कठिनाइका माझ आरपी फाउन्डेसनले गछें टोलका भूकम्प प्रभावित घरहरु हिफाजतपूर्ण रुपमा भत्काउन र इँटा, काठ आदि सामग्रीलाई सकेसम्म जतनका साथ सम्हालेर राख्न अभियान सुरू गऱ्यो । यो अभियानका बारेमा २०१५ मे ३१ मा फाउन्डेसनले जिल्ला प्रशासन कार्यालय, भक्तपुरलाई पत्राचार गरेको थियो । जिल्ला मातहतका भक्तपुर नगरपालिका, पुरातत्व विभाग र अरु सरोकारसम्बद्ध संस्थाबाट सहयोग पाउनका लागि समन्वयमा पत्राचार गरिएको थियो । यही आधारमा जिल्ला प्रशासनले २०१५ जुन २ मा सरोकारवाला निकायको सर्वपक्षीय बैठक बोलाएको थियो । उक्त बैठकले गछें क्षेत्रका घर तथा ऐतिहासिक सम्पदा सुरक्षित तवरले भत्काउन फाउन्डेसनलाई सर्वपक्षीय सहमति दिएको थियो ।

गछें क्षेत्रका महत्वपूर्ण १० वटा सम्पदाजन्य संरचना भत्काउने र सुरक्षापूर्ण तरिकाले सामग्री व्यवस्थापन गर्न फाउन्डेसनले जिम्मेवारी पाएको थियो । परम्परागत शैली र महत्वका इँटा, कलात्मक झ्याल-ढोका आदिलाई पुनःनिर्माणमा उपयोग हुन सक्ने गरी थन्क्याएर राखिएको थियो । सन् २०१५ को अन्त्यसम्ममा यो अभियान र योजना राम्रोसँग सम्पन्न गरिएको थियो । र, भत्केको सम्पूर्ण घर/सम्पदाबाट प्राप्त सामग्री सम्बद्ध व्यक्तिलाई सुम्पने काम भएको थियो ।



Devastating Earthqauke:2015

Gachhen

A powerful 7.8 magnitude earthquake struck Nepal on 25 April 2015. Several aftershocks have occurred since, notably a 7.4 magnitude aftershock on 12 May 2015, adding to the woes of the already devastated people. This was the worst earthquake in Nepal since 1934. The earthquake and aftershocks have caused heavy damage and numerous casualties in the vulnerable and landslide-prone country. Out of 75 districts, 30 are reported affected; most heavily devastating the Kathmandu Valley and the districts of Sindhupalchowk, Gorkha, Dhading,Rasuwa,Nuwakot,Kavrepalanchowk, Dolakha among others. The quake has inflicted a huge loss, both humane and collateral. As of PDNA report 8,790 lost their life 22,300 were injured. Similarly 498,852 personal houses, 2,656 governmental buildings and the schools with 19,000 classrooms were severly damaged. Similarly 753 archaeological structures were also damaged from 2015 earthquakes.

The ancient town of Bhaktapur too suffered a heavy damage, both in terms of humane and collateral. Most shockingly many of city's heritage sites as well as old houses from the medieval period fell prey to the quakes. Many old Newar settlements of the city were badly hit including Gachhen, a picturesque settlement rich in its architectural grandeur since many centuries.

Few months after the great earthquake, the rescue and relief works were coming to an end, the reconstruction of the houses flattened or wrecked by the quakes then remained a mammoth task, which naturally demanded huge money and labour. Unfortunately, many householders were not economically capable to rebuild their houses. They were in dire need of helping hands, be it the State or others. To begin restoration or reconstruction it is imperative to dismantle the wreck houses with immediate effect. And with this thought, the Gachhen project was envisioned.

Rabindra Puri (RP) Foundation for Conservation takes the responsibility of demolishing the quake-hit houses in Gachhen. The Foundation on 31 May 2015 submitted a formal letter to District Administration Office (DAO) Bhaktapur to garner the supports from the government line agencies such as Bhaktapur Municipality, Department of Archeology as well as other stakeholders for its demolition initiative. While responding to the Foundation's plea, an all agency meeting was summoned on 2 June 2015 by Mr. Anil Kumar Thakur, Chief District Officer at his chamber in the DAO. The meeting comprised of the CDO, Executive Officer of Bhaktapur Municipality, Head of Archeology Office in Bhaktapur, Chief of District Police Office and representatives of major political party unanimously vowed all possible supports to the Foundation's initiative by signing a minute.


10 most important heritage houses of Gachhen with beautiful traditional doors and windows were chosen by RP Foundation for dismantling with a hope that the safely dismantled heritage items from those houses like the traditional bricks, decorative struts, beams, decorative doors and windows, all could be re used for reconstruction of those houses. The Foundation supported all the necessary expenses for this project through itself and GIZ.

The demolition of those houses in Gachhen had following objectives;


1. To help support the local inhabitants who have been rendered homeless following the great earthquake April 25th, 2015 and its successive aftershocks, by providing dismantling their wrecked houses.

2. To retain the ancient materials used in the houses such as bricks, stones and wooden objects most importantly the quintessential sanjhya windows, struts and others.

By Mid August 2015 this project was successfully completed. The re-usable heritage items of those houses like bricks, wooden doors, windows and other supportive materials were all handovered to the respective house owners who were all very grateful for this project.



Before




After

Systematic Demolition of Affected Houses












More than 100 temporary shelters were made by RP Foundation with help of Schulen for Nepal, Schuelerhilfe fuer Nepal & Interhelp Germany in Kavre & Dhading Districts.



More than 100 PAUL water filter were distributed by RP Foundation with support of Schuelerhilfe fuer Nepal, Rotary Club of Guenzburg & Wiederaufbau Bhaktapur.





तस्वीरमा तेम्बाथानः

भूकम्पले भत्काएको गाउँलाई फेरि पुर्नजीवन दिने क्रममा आरपी फाउन्डेसन

भूकम्प





सिकाई



निर्माण

















Earthquake Relief

After this devastating earthquake, RP Foundation was involved in providing relief for victims by the second day of the earthquake. Some of the major relief works done by the foundation are mentioned below.

1. Safe Drinking Water

A. People were suffering from different problems after the earthquake, The drinking water supply was blocked and even the people couldn't enter their house. So RP Foundation immediately started to provide safe drinking water for earthquake victims as the water is the main source of infection and to reduce the risk of epidemic disease. RP foundation distributed about 500 cases of Mineral water as urgent relief and so many jars of water in Bhaktapur and Panauti.

B. Water was becoming more polluted. So with the joint collaboration of Rotary club of Guenzburg, Germany & Schulerhilfe fur Nepal, Germany we distributed Paul filter (which filters all bacteria & debris) to different schools and the community areas. More than 10,000 people are the direct beneficiaries.

2. Tarpaulins Distribution

Lots of people had lost their homes after the earthquake. Victims have to sleep whole night under open sky instead of heavy rain. So RP Foundation started to distribute tarpaulins on the second day and distributed to more than 500 household of Bhaktapur, Kavre, Dhading and Sindhupalchowk district.





3. Health Camps

Health camp after the catastrophic earthquake was one of the major need in Nepal. So RP Foundation started to treat victims in different ways.

- RP Foundation started to treat the victims free of cost in Bhaktapur Homeopathic Clinic after 3rd day of the earthquake. Especially patients with fear, shock were treated.

- Homeopathic health camp had been organized in Sakhu, Kathmandu where almost 90% houses were collapsed with lots of casualty. The service had been provided to mainly focusing the stresses people due to the earthquake and treated about 150 peoples.

- Rabindra Puri foundation for Conservation together with Rotaract Club Of Phulbari conducted eight days extensive Health Camp after eqrthquake where medical team from Germany served for 2013 patients overall . The team was managed by German Organisation Schulen fuer Nepal and medical teams are from INTERHELP, mfs Germany. The primary goal of our camp was to provide surgical and medical help to the casualties from the catastrophic earthquake and we were successful in reaching the people who were directly as well as indirectly affected by the earthquake.



Beneficiaries of the Medical Camp

Date	Details of Location	Patient
5th May 2015	Pushal, Dharmasthali	178
6th May 2015	Devidanda, Sindhupalchwok	199
7th May 2015	Simle	230
8th May 2015	Mangaltar	111
9th May 2015	Sandi, Jyamdi	236
10th May 2015	Koshipari, Kavre	381
11th May 2015	Devitar	303
12th May 2015	Dapcha	150
13th May 2015	Bhaktapur	225
	Total	2013

4. Heritage Site Cleaning Campaign

Heritage sites in Nepal such as Kathmandu Durbar Square, Patan Durbar Square, Bhaktapur Durbar Squares and many more sites were distracted along with the ancient private property too. Only the effort of government is not possible. So RP Foundation in coordination with students from Nepal Vocational Academy, Panauti and the local community started to clear and clean heritage sites in Bhaktapur and had cleaned so many sites.

5. Transit Shelter

- Due to monsoon construction of permanent houses is not possible so RP Foundation focused on building temporary shelter which can be constructed easily. RP Foundation supported for building temporary shelter in Phulbari Village of Kavre district where 51 shelters were built in coordination with Rotaract Club of Phulbari, Schulen fuer Nepal and other different partners. The shelters are made from Corrugated Zinc plates (Zusta Pata), Woods/Iron bar, bamboo, wires, nails and other local materials. Similarly transit shelters were constructed on Bhaktapur for about 10 families in Bhaktapur with the support from Schulen fuer Nepal.

- With the support from Schulerhilfe fuer Nepal Germany 27 Transit Shelters along with one community hall was Constructed on Chatredeurali, Dhading. Likewise other few family were supported for transit shelters in Bhaktapur and Dapcha with the support from Schulerhilfe fuer Nepal Germany.





























Earthquake


Before **After**










एउटा नमुना गाउँ

यही क्रममा थपिँदैछ– अर्को नमुना गाउँ । स्पेनिस प्राचीन सहरका पुराना घरहरुको पुनर्निर्माणमा जुटेका स्पेनी नागरिक फर्नान्डो पालाजुयेलोसँगको सहकार्यमा सम्पदाप्रेमी रवीन्द्र पुरीले काठमाडौं उपत्यकाको उत्तरी प्रवेशद्वार साँगाको मुखैमा चित्ताकर्षक नमुना गाउँ निर्माण थालेका छन् । भक्तपुर-सल्लाघारीदेखि ८.७ र काठमाडौं तीनकुनेदेखि १५.५ किलोमिटर दूरीमा रहेको साँगासँगै जोडिएको दक्षिणी पहाड (सरस्वती डाँडा) को ५४ रोपनी क्षेत्रफलमा यस्तै नमुना गाउँ बन्ने क्रममा छ । बनेपाबाट साँगासम्मको दूरी ५ किलोमिटर मात्रै रहेको छ । आशापुरी महादेव जाने बाटैमा पर्ने यो गाउँ प्रदूषण र कोलाहलको दुनियाँबाट धेरै टाढा छ । परम्परा र सम्पदा जोगाउने हेतुमा बनाउन लागिएका ५० वटा मल्लकालीन घरमा चोटा, दलिन, थाम, बुइगल पिँढीसमेतको सिर्जना रहनेछ । नमुना गाउँमा विकास र प्रविधिका चरम भौतिक साधनहरु होइन– ढुंगेधारा, पाटी, चैत्य, मन्दिर, चौतारो को बाहुल्य रहनेछ ।





यो गाउँबाट अन्नपूर्णदेखि गौरीशंकर हिमशृंखला तथा काठमाडौं उपत्यकासमेत एकै झलकमा देख्न सकिन्छ । आफ्नै गाउँमा पानीको मुहान (स्रोत) रहेकाले पानीको समस्या हुने छैन । साँगा चोकबाट नमुना गाउँसम्मको उकालो पैदल दूरी १० मिनेट मात्रैको छ । ढुंगा, इँटा, माटो र डाचीका भिन्न स्वरुपमा बन्ने अढाईतले घर 'लोड बेरिङ' पद्धतिमा आधारित हुनेछ । भूकम्पप्रतिरोधक नमुना घरका झ्याल, ढोका र दलिनमा आलस तेलको परम्परागत चहक झल्काइनेछ । सिमेन्ट, प्लास्टरको साटो यो पद्धतिमा चुन र इँटाको धूलो मिसाएर बनाइएको सुकी उपयोग गरिनेछ । देश-दुनियाँले हराभरायुक्त 'इकोहाउस' को परिकल्पना गर्दै त्यहीअनुसारको बसोबास खोजिरहेका बेला रवीन्द्र पुरीको 'साँगा नमुना गाउँ' एउटा अनुपम गन्तव्य हुन सक्छ ।



Namuna Gaun (Model Village)

Rabindra has broken ground on a model village at the entrance of Sanga, the northern entrance to Kathmandu, with partner Fernando Palazuelo from Spain, who is reconstructiong the old houses of ancient Spanish towns. The village is being built on 54 ropanis of land on Saraswati Danda, a hill to the south of Sanga. which lies 8.7 km away from Bhaktapur (Sallaghari) & 15.5 km away from Tinkune (Kathmandu). On the way to Ashapuri Mahadev, the village will rest far from pollution and noise, The houses, built with the purpose of conserving the heritage of the Malla era, will include traditional doors, yards, and attics especially constructed for them. This beautiful settement will join the latest in sophisticated, ecofriendly technology for your comfort with icons of tradition like stone taps, shelters, temples, and monasteries.



Annapurna to Gaurishankar mountains as well as the Kathmandu Valley are clearly visible from the village. Since there is a spring in the village, there will be no problem for water it is only ten minutes away by walk from Sanga Chock. Made of stones, mud, and bricks, the houses will be 2.5 stories each, and will be based on 'load bearing' technology. Linseed oil will be used to polish the traditional doors and windows of these earthquake resistant houses. Instead of cement and plaster, we will use a mixture of limestone and brick powder for cnstruction.



'मलाई सबैले यो बौलाएछ भन्थे'

रवीन्द्र पुरी– परम्परा र सम्पदा भनेपछि हुरूक्क हुने यो नामका पछाडि धेरै सिर्जनशील कामहरु जोडिएका छन् । भक्तपुरको टोनी हागन हाउस होस् अथवा पनौतीको द्वारे घर । कात्तिके देउरालीको प्रभा स्कुल होस् अथवा साँखुको शिवालय । फूलबारीको बार्दली घर होस् अथवा पनौतीकै चोरिएका मूर्तिहरुको प्रतिलिपि संग्रहालय । कलायुक्त हाम्रो परम्परा, वास्तुशैली र मल्लकालीन इतिहासको एउटा पाना सम्झाउने गरी उनले भक्तपुर, दत्तात्रयमा निर्माण गरेको नमुना घरले सन् २००४ मा 'युनेस्को अवार्ड' पाएपछि त रवीन्द्रका नमुना कामहरुको सूची दिन दुगुना रात चौगुना थपिने क्रममा छ ।

सम्पदाविद् पुरीसँगको कुराकानी –

नेपाली समाजमा आफ्नो राम्रै पृष्ठभूमि र आर्थिक तथा शैक्षिक पहुँच भएको अवस्थामा तपाईंले विदेशको जागिर र अन्य सुविधायुक्त काम/अवसर छाडेर किन सम्पदा संरक्षण/प्रवर्द्धनको काम रोज्नुभएको हो ?

- म आफ्नो आमा बिरामी भयो भन्दैमा अर्को स्वस्थ आमा खोज्न जाने मानिस होइन । उनलाई कसरी हुन्छ स्वस्थ बनाउन खोज्नुपर्ने भन्ने मेरो मान्यता रहिआएको छ । म जन्मेको हुर्केको देश भनेको नेपाल हो, आफ्नो देशलाई सुन्दर, राम्रो विकसित बनाउन छोडेर अरू देशमा गर्न जाने त म कल्पना पनि गर्न सक्दिनँ । दोस्रो कुरा, आजभन्दा बीस वर्षअगाडिसम्म मात्र पनि कसैले सम्पदा संरक्षणको कुरा गऱ्यौं भने उसलाई 'यो त बौलाएछ' नै भनिन्थ्यो । मैले पनि त्यो समयमा यससम्बन्धी कुरा उठाउँदा मलाई सद्दे भन्ने कोही पनि थिएन । सबैले यो मान्छे बौलायो नै भन्थे । तर अहिले बीस वर्षपछाडि त मानिसहरूले सम्पदा भनेको के हो अलिअलि बुझ्न थालिसके। त्यति बेला त सम्पदाको कुरा गर्ने मान्छे नै हुँदैन थिए । त्यही भएर मचाहिँ यो सम्पदाको क्षेत्रमा नलागी नहुने स्थिति देखेरै म यसमा लागें ।

बाहिरी विश्वमा नेपाललाई चिनाउनुपर्दा कला-संस्कृति-सभ्यताको नामबाट चिनाइने गरिन्छ । तर, यो क्षेत्रमा राज्य तहबाट संरक्षण-संवर्द्धन र अपनत्वको बोध हुनेगरी कत्तिको काम भएको छ ?

- हाम्रो देशलाई सारा संसारमा चिनाउने कुराहरूमा हाम्रो देशको सगरमाथा, बुद्धको जन्मभूमि लुम्बिनी, सीता जन्मस्थल जनकपुर यी कुराहरूलाई लिइन्छ । नेपालको प्रकृति र संस्कृति नै यसको विशेषता हो । अरू देशहरूसँग दाँजेर हेरे नै पनि नेपाल प्राकृतिक र सांस्कृतिक सम्पन्नतामा विश्वकै टप १० नभए नि टप २० मा त पर्छौं पर्छौं । तर हाम्रो देशका राजनीतिज्ञ अथवा ब्युरोक्र्याट्सहरूले पैसालाई चाहिँ देखेका छन्, धनी गरिब छुट्टयाउने यन्त्रको रूपमा तर प्रकृति र संस्कृतिलाई चाहिँ त्यसरी देखेका छैनन् । यसमा राज्यबाट जति अपनत्व बोध गरिनुपर्ने हो त्यतिचाहिँ गरिएको छैन तर यो भन्दैमा नभएकै पनि होइन, कोही कोही छन् तर धेरैले बुझेका पनि छैनन् र दुर्भाग्यवश, कसैकसैले बुझेर पनि बुझ पचाएका छन् । यही कारणले हाम्रो त्यतिचाहिँ नभएकै हो ।

आरपी फाउन्डेसनको स्थापना, आधार र उद्देश्यबारे के भन्न चाहनुहुन्छ ?

- म सम्पदा संरक्षणमा लागेको करिब करिब बीस वर्ष भइसकेको अवस्था छ । सुरूदेखि नै मैले यो सम्पदा क्षेत्रलाई हरेकतर्फबाट आयमूलक कसरी बनाउन सकिन्छ भनेर लागें । बिनाआयआर्जन मानिसहरू यसमा लाग्दैनन् भन्ने मलाई थाहा थियो र म स्वयंले पनि धेरै आय गर्ने अवसरहरू पाएँ । हुन त कमाउनेलाई जति कमाए पनि पुग्दैन भनिन्छ तर आजभन्दा दस वर्षअगाडि मलाई के महसुस भयो भने मैले आफ्ना लागि जति कमाउनुपर्ने हो, त्यति कमाइहालें र अब आफ्नो कमाइको ५० प्रतिशत देशका लागि, विशेषतः सम्पदा संरक्षणका लागि लगाउनुपर्छ । त्यही भएर आफ्नो आधा सम्पत्ति दान गरी मैले आरपी फाउन्डेसनको स्थापनामा लगाएँ । यसको मुख्य/पहिलो उद्देश्य त यो देशको सम्पदा संरक्षण गर्ने नै हो । त्यसभन्दा बाहेक, प्रकृति संरक्षण, सोलार इनर्जीको

प्रयोग, रेन वाटर हार्भेस्टिङ, घरहरू बनाउँदा पनि सकेसम्म वातावरणमैत्री बनाउँछौं, सामाजिक सेवामा पनि लागि नै रहेका छौं । विशेषगरी पीडित र आवश्यकता पर्ने मानिसहरूको सहयोगका लागि पनि लागिरहेका छौं ।

तपाईंका परियोजना र अभियान हेर्दा यसमा निकै विविधता पाइन्छ । मठमन्दिरदेखि घर, विद्यालय र सार्वजनिक स्थलसम्मको परम्परागत पहिचानका पक्षमा तपाईं लाग्नुभएको छ । साथ-समूह बनाएर भन्दा बढी आफैं एक्लो भएर यस्ता अभियान अघि बढाउनमा लागिपरेको तपाईंलाई महसुस हुँदैन ?

- मुख्य हाम्रो उद्देश्यचाहिँ सम्पदा संरक्षण नै हो । यसमा चाहे हामी घर बनाऔं, मन्दिर बनाऔं, सामाजिक विद्यालय बनाऔं, यिनीहरू सबैमा सम्पदा झल्केकै हुन्छ । जस्तै : हामीले बनाउने विद्यालय भवनहरू या भोकेसनल एजुकेसनका भवनहरू सबैमा परम्परागत शैली नै अपनाउँछौं, त्यसैगरी भर्खरै सम्पन्न गरिएको बालआश्रम पनि यसरी नै बनाइयो । सम्पदा संरक्षण गर्ने हाम्रो अभियान हाम्रो हरेक परियोजनामा देखिन्छ । दुःख देख्दा आँखा चिम्लेर बस्न सकिन्न, जहाँ जे परे पनि सहयोग गर्दै हिँडिएको छ, त्यसकारण मैले गरेका कामहरूमा अलि विविधता देखिनु स्वाभाविकै कुरा हो । तर सम्पदा संरक्षण नै हाम्रो प्रमुख उद्देश्य हो । अहिले आएर हामीले भोकेसनल शिक्षाको महत्व पनि बुझेका छौं, सामुदायिक स्कुलहरूको स्तरोन्नतिको महत्व पनि बुझेका छौं । अब यो साथ समूह बनाएर काम गर्ने कुरामा यसरी कम गर्न पाए त अझ धेरै राम्रो हो । तर के छ भन्दाखेरी हाम्रो स्पिडमा अरू त्यसरी दौडिन सकिराख्या हुँदैनन् र यसरी साथ-समूह गरेर ढिलो भइरहनुभन्दा बरू एक्लै गएर छिटो गरिहाल्नु नै ठीक जस्तो लागेर हामी यसरी लागिपरेका हौं । तर जब सम्पदा संरक्षणसम्बन्धी क्याम्पेनहरू गर्नुपर्ने देखिन्छ, त्यति बेलाचाहिँ हामी सम्पदा संरक्षणमा लागेका व्यक्तिहरूसँग एक जुट नै भएर काम गरेका छौं । यसरी हामीले भत्काउन लागेको सिंहदरबारलाई बचायौं, त्यसैगरी बागदरबार पनि भत्काउनै लागिएको थियो । सबै सम्पदाप्रेमीहरूसँग साथ-समूहमा मिलेरै यसलाई पनि बचायौं । म अथवा अरू कोही एक्लै भएर लागेको भए यस्ता कार्यहरू सफलतापूर्वक सम्पन्न गर्न सम्भवै थिएन । त्यसैले आवश्यक पर्दा साथ-समूहमै पनि काम गरिएको छ र हाम्रै स्पिडमा अरूले काम गरेर आए भने त हामी उनीहरूसँग काम गर्न पाउँदा निकै भाग्यमानी मान्ने थियौं ।

> मध्यपूर्वी मुलुकहरुमा जाने जुन किसिमको ट्रेन्ड यहाँ चलेको छ, उहाँहरुका लागि यहाँ उचित किसिमका ट्रेनिङहरु दिने, उहाँहरुलाई यहीं काम दिलाउन सक्ने हो भने उहाँहरु पनि बिदेसिनुपर्ने बाध्यता हुन्थ्यो तर हाम्रो अहिले गौरवको विषय के भएको छ भने हामीले नेपाल भोकेसनल एकेडेमीमार्फत विभिन्न युवाहरुलाई हामीकहाँ ट्रेनिङ दिएर अहिले हामीसँगै काम गरिरहेका छन् ।

नेपालमा अवसर र मौका नपाएको भन्दै सयौं युवायुवती अहिले पनि विदेश गइरहेका छन् । 'ब्रेन-ड्रेन' को यो गम्भीर तथ्य-तथ्यांकमाझ 'गर्न चाहेमा नेपालमै प्रशस्तै गर्न सकिन्छ' भन्ने मान्यतालाई तपाईंले कसरी स्पष्ट पार्न सक्नुहुन्छ ? जनसाधारणले बुझ्ने भाषामा केही बताइदिनुहुन्छ कि ?

- यसको ज्वलन्त उदाहरण त म आफैं भएको छु । मसँगै विदेशमा पढ्न गएका मेरा साथीभाइहरू र त्यसपछिका पनि कैयौं साथीहरू जो अहिले विदेशमा बसिरहेका छन्, उनीहरू मैले यहाँ यसरी काम गरेको देखेर एकतर्फ एकदमै तारिफ गरिरहेका छन् भने अर्कोतर्फ पश्चात्ताप पनि गरिरहेका छन् । उनीहरूले हामीले हाम्रो जीवन गुमायौं भनिरहेका छन् किनभने नेपालमा अवसर मौकाहरू पाएनौं भनेर विदेश बसेका उहाँहरू मैले गरेका कामहरू देखेर लालायित भइरहेका छन् । तर उहाँहरू छोराछोरीहरू उतै हुर्किसकेका छन्, उहाँहरूको अहिले कस्तो स्थिति छ भन्दाखेरी न त्यहाँ खुसी हुनुहुन्छ न यहाँ आउन सक्नुहुन्छ । त्यसकारण मौका यहाँ प्रशस्तै छन्, त्यसलाई देख्न सक्नुपर्‍यो, संघर्ष गर्न तयार हुनुपर्‍यो । दुर्भाग्यवश हामीजस्ता मानिसलाई साथ सहयोग दिने वातावरण अझै पनि यो देशमा बनिसकेका छैनन्, जुनचाहिँ सरकारी निकायबाटै हुनुपर्ने थियो, त्यो त्यसरी हुन सक्या छैन, त्यही भएर संघर्ष त गर्नैपर्छ यहाँ तर मौकाचाहिँ प्रशस्तै छन् । जुन अहिले हाम्रो युवा पिँढी बिदेसिने, त्यसमा पनि मध्यपूर्वी मुलुकहरूमा जाने जुन किसिमको ट्रेन्ड यहाँ चलेको छ, उहाँहरूका लागि यहाँ उचित किसिमका ट्रेनिङहरू दिने, उहाँहरूलाई यहीं काम दिलाउन सक्ने हो भने उहाँहरू पनि बिदेसिनुपर्ने बाध्यता हुन्थ्यो तर हाम्रो अहिले गौरवको विषय के भएको छ भने हामीले नेपाल भोकेसनल एकेडेमीमार्फत विभिन्न युवाहरूलाई हामीकहाँ ट्रेनिङ दिएर अहिले हामीसँगै काम गरिरहेका छन् । यदि हामीले यो पहल नगरेको भए उनीहरू पनि मिडल इस्टमै दुःख पाउन जान्थे तर हामीकहाँ यसरी ट्रेनिङ लिएर निकै खुसीसाथ काम गरिरहेका छन् र हाम्रो उद्देश्यचाहिँ यी युवाहरूको संख्यालाई बढाउँदै लगेर आउँदा वर्षको १००० युवाहरूलाई यही देशमै थेग्छौं भन्ने हो ।

'Building on an exemplary idea'

Why did you choose preserving and promoting heritages in Nepal instead of settling with a good job and all other privileges in the abroad?



- First thing, I am not a person who would search for another mother if my mother is injured. I`d rather do whatever it takes to heal my mother and make her healthy. I was born in Nepal and it's my motherland. I can never even think of settling anywhere else. I'm not going to abandon Nepal, I'm going to dedicate my life to making Nepal a better and developed country.

  Second thing, 20 years ago if someone wanted to talk about heritages or he wanted to work on its preservation people used to say "He is MAD, he is INSANE." At that time when I talked about it nobody used to view me as a normal person, either. But today after 20 years people are aware about the importance of our national and cultural heritage. And this is why it's important for me to not stop and to keep going ahead for the sake of our heritage and the nation.

In the world, Nepal is known for its art, culture, and seven world heritages. But, for this matter what level of government involvement or support have been received or seen?

- Our country is known as the country of Mount Everest, the birthplace of Gautam Buddha in Lumbini, birthplace of Sita in Janakpur and more. Nepal's nature and culture are its specialties. Compared to other countries Nepal must must be ranked as within Top 10 or Top 20 most beautiful countries in the whole world. But sadly, the political scenario of our country has been degraded by the money-minded bureaucrats, who have taken money as an indicator of being rich or poor but have neglected to preserve the true wealth of our nation, which is our natural resources and culture. The level of support which is needed from the government has not been received. Even so there are also some officials/individuals who truly understand the value and have supported but unfortunately there are many who pretend to not understand the values. This is one of the burning reason that we are lagging behind.

Would you want to share something about Rabindra Puri Foundation for Conservation? About its establishment and goals?

- I have been working for the conservation of our national heritages for around 20 years. Since the very beginning I have been trying to find out how this heritage sector can also produce a source of income. I knew that no one would or will ever be able to keep going so far without any income and even I have had many opportunities to make income from this. But yet, there are people who are never satisfied no matter how much they earn. For me nearly 10 years ago I felt that I have earned enough to meet my needs and I now want to donate 50% of my property for the benefit of the nation, especially for conservation of our heritages. For that reason, I donated 50% of my property for the establishment of the Rabindra Puri Foundation for Conservation with the major goal to conserve heritages. And beside this our other activities are: conservation of nature, use of solar energy, rainwater harvesting, and construction of eco- friendly houses. We are also always into social activities and works. These are targeted for people who are suffering and are in need.

Looking at your future plans and your current works it seem to be very diverse. Heritages to houses, schools to public places holding national identity you have kept hands in all these. Don't you feel like you have been working just as a one man army rather than working in a group or a team?

My friends who studied with me abroad and who went abroad and settled later, they appreciate what I am doing here and also they are regretting for not trying in Nepal. They often tell me that they have lost their lives.

• Our prime goal is conservation of heritages. No matter if we make houses, temples or community schools we reflect the traditional style, art and architecture every way in all our works. We have built the community schools, our Vocational Academy buildings and the recently operated Children's Home all in traditional Nepali style, because we try to accomplish our goals of preservation in all our works. I cannot just close my eyes and walk away pretending as if I don't see when needy people come my way. I have done all that I can for people in need. Although it may seem that I am working in too many diverse areas, please remember that in all of my work, the goal is the same, to preserve our national cultural heritage and our natural resources. You have to understand that people are also a national treasure and resource, and when we help people get training, jobs and income we are also helping the nation. Why are we sending so many of our people abroad? We are squandering our manpower, our human resources, which is one of our most precious natural resources. This perspective has helped us understand the essence and importance of vocational education, and the importance of community schools.

Regarding working in a group or as a team, it would be better, if it were possible, but others have not being able to work at our speed. If we chose to work in a team, the work done would be really slow and late, which has made me feel that it is better to work alone and fast rather than in a group with nothing getting done. But yet whenever it comes to any conservation campaign everyone in this sector has united in order to bring changes. And that's how we saved Singha Durbar from destruction and also saved Bagdurbar. No one would ever bring these kinds of changes or succeed in these kinds of movements alone. Neither me nor even any other person alone. That's why we have also worked in groups when the situation requires it. And it would be a matter of great good fortune if others could also work at our speed and we could accomplish conservation goals together.

Thousands of youths are leaving Nepal and going to abroad saying that there is no opportunities and scope in Nepal. How would you want to tell or convince Nepalese youths that there are enough opportunities in Nepal?

• You can take me as a live example for this. My friends who studied with me abroad and who went abroad and settled later, they appreciate what I am doing here and also they are regretting for not trying in Nepal. They often tell me that they have lost their lives. They raised their children abroad. They are in a situation where they can neither come back to Nepal nor live happily abroad. Nepal is full of opportunities; you just need to have ability to find them and have enough courage to go through every struggle that comes your way. But unfortunately, Nepal still doesn't have a favorable environment for people who want to do something here. The government should work with intention to make a favorable environment for jobs and work. It's true that it's difficult but undoubtedly there are numerous opportunities. We have had years of a large percentage of our young people going abroad for opportunities, especially to the Middle East, but if we are able to give youths the necessary vocational trainings and job opportunities, they will not be forced to leave the nation. We are very proud that we have been giving vocational trainings and job opportunities to youths through our Nepal Vocational Academy. If we had not initiated the establishment of Nepal Vocational Academy and given them opportunities, they might also be somewhere in the Middle East struggling right now. Our goal is to produce 1000 young skilled manpower every year who will work and settle in Nepal.


'अंशबन्डा'मा ५२ ढोके दरबार




धनकुटा– बजारको मध्य भागमा ईटाले बनेको एउटा पुरानो भवन छ। चारैतिर ढोका, कलात्मक शैली र पुरानो संरचनाले त्यसको ऐतिहासिक महत्वको झल्को सहज रूपमा दिन्छ। भुकम्प र उचित संरक्षण अभावमा जिर्ण देखिने उक्त भवन यो भेगमैं ५२ ढोके दरबारको रूपमा परिचित छ। झण्डै डेढ शताब्दी पुरानो धनकुटा नगरपालिका-६ स्थित यो भवनमा रहेको ढोका संख्याकै आधारमा यसलाई '५२ ढोके' भनिएको हो।

तत्कालिन राणा प्रधानमन्त्री जुद्ध शम्सेरको पालामा बनेको उक्त भवन तत्कालिन राजा त्रिभुवनको सौतेनी भाई यक्षविक्रम शाहको लागि निर्माण गरिएको थियो। यक्ष विक्रमलाई दलबल र सानसम्पत्ति सहित सरकारी सुविधा दिएर राजधानी निकाला गरिएको थियो। उनलाई धनकुटा पठाइने क्रममा दरबारसमेत बनाएर बसोबास गराइएको इतिहासविद् प्राध्यापक गोपालबहादुर भट्टराईले बताए। धनकुटा निकाला गरिएका यक्ष विक्रमलाई हालको परिचय होटल छेउदेखि निशान मन्दिर र भीमसेन हनुमान गुठी क्षेत्रको महत्वपूर्ण जग्गा सरकारी तबरबाट उपलब्ध गराईएको थियो। उनलाई डिट्ठा, कर्मचारीसहित ५२ ढोके दरबार व्यवस्थापन गरिएको थियो। शाही परिवारले नारायणहिटीमा राजालाई गोढधुवा, टिका भेटी, सलामीभेटी, साउने फागु लगायतका रकम बुझाउनु पर्थ्यो। राजालाई सर्वसाधारणबाट दर्शनभेट गर्ने सुविधा पनि थियो। ईटालाई मास र चुनाले जोडेर भवन निर्माण गरिएको थियो। भिंगटीको छानो, फराकिलो चोक, चारैतिर झ्यालैझ्यालले सजिएको दरबार आफैंमा आकर्षक शैलीको थियो। यो दरबार व्यक्तिगत रूपमा रहेकोले यक्षबिक्रमका खलकले अंशबन्डा गर्दै आएका छन्। ३६ ईन्च बाक्लो गारो लगाएकोले कयौं ठुला भुकम्पलाई समेत धान्नेको स्थानीयको भनाई छ।

५२ ढोके दरबार मात्र लामो समय यक्ष विक्रमका सन्तान श्यामराजा शाह लगायतले अंशको आधारमा भोगचलन गर्दै आएका छन्। यद्यपी दरबारको एउटै भवन पनि अंशका आधारमा बाढिएपछि अब यसको अस्तित्व लोपोन्मुख अवस्थामा पुगेको स्थानीय बताउँछन्। केहि वर्ष पहिलेसम्म सग्लो अवस्थामा रहेको दरबार पछिल्लो अवस्थामा आधा भाग बिक्रि भैसकेको छ। स्थानीय एक नीजि विद्यालय रहेको आधा भाग दरबार व्यक्तिको नाममा बिक्रि भएको छ। अंशबन्डा गरिएकोले दरबारलाई आधा खण्ड बिक्रि गरिएको श्यामराजा शाह बताउँछन्। 'व्यक्तिगत सम्पत्ति भएकोले बिक्रि हुनु स्वभाविक हो' उनले भने, 'संरक्षण गर्न भने जरूरी छ।'



जगवैजेश्वर महादेव



भक्तुण्डेबेसीको नौबिसेमा रहेको यो महादेव मन्दिर स्थानीय तहमा निकै प्रचलित छ । यो रोसीखोलासहितको त्रिवेणी घाट हो । परापुर्व कालदेखि पुजा गर्दै आएको घाटसहितको तिर्थस्थलको बिजोग भएपछि स्थानीय खनालथोक गाबिस र नमोबुद्ध नगरपालिकाले चासो देखाएर यो मन्दिर निर्माण भएको थियो ।


स्थानीयबासीले बढी चासो देखाएपछि मन्दिरको सम्पूर्ण डिजाइन र जिर्णोद्धार तथा नयाँ संरचना निर्माण २०७० तिर पुरा भएको हो । यो कार्यमा आरपी फाउण्डेसनको सहयोग समन्वय रहेको थियो ।

साँखु शिवालय

पाटी, सत्तलसहितको ठूलो शिवालय अहिले पनि साँखु चोकबजार नजिकै हेर्न सकिन्छ । इतिहासमा तिव्वत अन्तर्गत सिगात्से वस्ती (तत्कालिन भिखाछें)को जसले स्थापना गरेका हुन्, त्यही पुस्ताका सन्तानले साँखु शिवालयको परम्परागत शैलीमा जिर्णोद्धार गर्न सरोकार देखाएका हुन् । व्यापार-ब्यबसाय गर्ने श्रेष्ठ परिवारले इतिहासमा १० घरको एउटा सानो गाउँ बसाएका रहेछन्, आजको सिगात्से शहरमा । १० वटाको समुहलाई नेवारीमा 'भिखाछें' भनिने र पछि त्यही अपभ्रंस भएर सिगात्से बनेको जानकारहरूको दावी रहीआएको छ । तिनैका पुस्तामध्येका एक हरिबोल श्रेष्ठले आरपी फाउण्डेसनमा सम्पर्क राखेपछि सन् २००८ तिरै शिवालय जिर्णोद्धार गरिएको हो । अब त्यहाँ पाटी र शत्तल उभ्याउनका लागि आधार तय भैसकेको छ । एउटा पुरातात्विक महत्वको शिलापत्र पनि शिवालय परिसरमा छ ।


यसैगरी, काभ्रेको बनेपामा रहेको उग्रेश्वर मन्दिरलाई प्राचीन महत्वको र स्थानीय तहमा खुबै आस्था राखिने मन्दिरका रूपमा लिइन्छ । यो मन्दिरको डिजाइन तयार पार्न र पुनर्निर्माणमा प्राविधिक सहायता जुटाउनमा आरपी फाउण्डेसन लागीपरेको थियो ।







Manju Baha *before and after*






Malpi School *before and after*








Bardali Ghar, Phoolbari, Kavre







इङ्गर सम्झेर

भक्तपुर– उपचार क्रम र घुमघाममा राजा त्रिभुवन कलकत्ता गैरहन्थे । त्यही क्रममा 'क्लब ३००' मा राजा त्रिभुवनको चिनजान र दोस्ती भएको थियो– क्रोएसियाली पर्यटन व्यवसायी बोरिस निकोलायभिच लिसानिभिचसँग । बोरिस र उनकी रूपवती श्रीमती इङ्गर लिसानिभिच कलकत्तामा एक डिष्टीलरी पनि चलाउँथे, 'एलिट' भेला हुने क्लब पनि सँगै थियो ।

बोरिस दम्पत्तिले नेपाल घुम्ने इच्छा गरेपनि सन् १९५२ को नोवेम्भरमा राजा त्रिभुवनले कलकत्तासम्मै एउटा चार्टर्ड बिमान(डकोटा) पठाएका थिए । राजाको निम्तोमा जम्मा १० दिने घुमघाममा काठमाडौं उत्रिएका बोरिस-इङ्गर आजीवन नेपालकै भए, यतै रहे । त्यसबेला नेपाल भित्रँदा २४ बर्षिया इङ्गरका साथमा दुइ नाबालक छोरा पनि थिए । बोरिसले राजाको अनुमतीमा द रोयल होटल(हाल निर्वाचन आयोग) संचालनमा ल्याए, डिष्टिलरी पनि खोले । मदिरा पेयको नाम थियो– गैंडा, बाघ र चितुवा । मदिराको 'ब्रान्डिङ' गरिएपछि काठमाडौंका लोकल मदिरा उत्पादकको उजुरी र बिरोधमा केही महिना बोरिस थुनामा पनि परे । तर, बोरिस-इङगरको राजपरिवारसँगको सम्बन्ध र द रोयल होटल पर्यटकीय आकर्षणको अड्डा भैसकेकाले यो जोडीको प्रभाव काठमाडौंमा उत्तिकै छाइरह्यो । बोरिस बितेको ५ बर्षपछि अर्थात सन् १९९० मा प्रकाशित भएको 'टाइगर फर ब्रेकफास्ट' पुस्तकको रमाइलो विवरणले पनि बोरिस कहानी बताएको छ ।

बोरिसको काठमाडौं छँदै १९८५ मा निधन भयो । तर, श्रीमती इङ्गर लिसानिभिचले भने काठमाडौं छाड्न चाहिनन् । उनी सुरूमा ठेचोस्थित घरमा केही समय बसिन् । पछि २००२ पछि भने चिनजान र निकटताका कारण भक्तपुर, दत्तात्रेयनजिकै रविन्द पुरीले पुर्नजीवन दिएको र चिनाएको टोनी हागन हाउसकी पाहुना बनिन् । उनको मृत्यु हुनु (२०१३ नवेम्भर ४) एक दिन अघिसम्म ८५ बर्षिया उमेरमा समेत श्रीमती इङ्गर लिसानिभिच आफ्नो समय र बितेका क्षण सम्झँदै विदेशी पाहुनाका माझ रमाइरहेकी थिइन् ।

इङ्गरको नेपालमा रहिन्जेलको सपना थियो– इङ्गर फाउण्डेसनको स्थापना । वोरिस-इङ्गर रिसोर्ट र वोरिस-शंकर ग्राम बनाउने सपना पनि इङ्गरसँग थियो । तर, यी सपनाहरू कागजमैं मात्रै सिमित हुने हुन् कि ? जीवनका पछिल्ला ११ बर्षमा सबैभन्दा निकटतम पुरूष पात्र र विश्वासधर्मी बनेका सम्पदाविद् रविन्द्र पुरीले अब सिमित घेरामैं भएपनि इङ्गर सपना पुरा गर्ने अठोट राखेका छन् ।




In the remembrance of Inger

Bhaktapur- Late King Tribhuvan often used to visit Kolkata for both medical treatment and recreation. While visiting Kolkata, King Tribhuvan met a Russian businessman, Boris Nikolyavich Lissanevitch, at the 300 Club, and they became friends. Boris and his beautiful Danish wife Inger used to run a distillery in Kolkata near the club where elites used to gather.

As the couple wished to visit Nepal, in 1952 King Tribhuvan chartered an aircraft (Dakota) for them. Though the couple came to Nepal just for 10 days, they were attracted by Nepal so much that later with the invitation of King Tribhuvan they made Nepal their home. At that time, 24 year old Inger had two sons with her. And with the approval of King Tribhuvan Boris established "The Royal Hotel" (the building now houses the Election Commission) and also opened a distillery. The liquors were named Gaida, Bagh and Chutuwa (Rhino, Tiger and Leopard). But as the local liquor producers reported and protested, Boris was imprisoned for branding the liquors. Yet, as Boris and Inger had a good relationship with the Royal family and also as The Royal Hotel turned out to be an attraction for the tourists visiting Nepal, the couple were in the limelight in Nepal. Tiger for Breakfast, a book published in 1966, also includes the fascinating story of Boris.


Boris passed away in 1985 while he was in Kathmandu. But still Inger didn't want to leave Nepal. In the beginning, she stayed in a house located in Thecho. Later after 2002 A.D she became a guest of the Tony Hagen house located nearby Dattatray in Bhaktapur, a house given rebirth and promoted by Rabindra Puri. Even the day before she took her last breath on 4th Nov. 2013, at the age of 85 years, Inger spent her time cherishing the moment and her past with the foreign visitors.

Establishing an Inger Foundation was a dream Inger cherished while she was in Nepal. She even dreamt of building a Boris- Inger Resort and Boris- Shanker gram. But, will all those dreams be limited only to papers? In the last 11 years of her life, the creative and world-renowned heritage conservationist Rabindra Puri has been putting all his efforts into turn Inger's dreams into reality, no matter be it in the smallest circle.



RP Foundation and Schülerhilfe für Nepal presents

Nepal Vocational Academy, Bhaktapur





Courses offered:

Carpenter

Plumbing

Electrician

Job guaranteed training in affiliation with CTEVT


Nepal Vocational Academy, Bhaktapur


Kamalbinayak-10, Bhaktapur, Ph: 01 6613197

Email: nepal.vocational@gmail.com

Namuna Gaaun Revisited !

visit Nepal 2020 Lifetime Experiences





View from Namuna Gaaun, Kavre, Sanga

NAMUNA GHAR Half-Yearly
Magazine based on Heritage & Conservation

Published By : **Rabindra Puri Foundation for Conservation**